

नेपाल सरकार

संयुक्त राष्ट्र सङ्घीय टोली नेपाल

# नेपालका लागि संयुक्त राष्ट्र सङ्घीय विकास सहयोग रूपरेखा

## सन् २०१३-२०१७

# नेपालका लागि संयुक्त राष्ट्र सङ्घीय विकास सहयोग रूपरेखा

सन् २०१३-२०१७

नेपाल सरकार

संयुक्त राष्ट्र सङ्घीय टोली नेपाल

सर्वाधिकार © सेप्टेम्बर सन् २०१२
संयुक्त राष्ट्र सङ्घीय टोली नेपाल

**कृपया यस प्रकाशनलाई निम्नानुसार साभार गर्न अनुरोध गरिन्छ : संयुक्त राष्ट्र सङ्घीय टोली नेपाल (सन् २०१२) नेपालका लागि संयुक्त राष्ट्र सङ्घीय विकास सहयोग रूपरेखा सन् (२०१३-२०१७) : सन् २०१२ । संयुक्त राष्ट्र सङ्घ ।**

फोटोग्राफी आभार (बाहिरी गाता) : युनिसेफ नेपाल / किरण पाण्डे / सन् २००७
डिजाइन तथा परिष्कार : संरास आवासीय तथा मानवीय संयोजकको कार्यालय नेपाल

FAO FIAT PANIS

UNDP

UN WOMEN

IFAD

UNESCO

UNODC
United Nations Office on Drugs and Crime

IOM OIM

UNFPA

unicef

UN HABITAT
FOR A BETTER URBAN FUTURE

UNODA/RCPD

UN Volunteers

UNIDO

UNCDF

Transition
Support
Strategy
RC/HC Office, Nepal

ITC

UNITED NATIONS
UNCTAD

OHCHR

United Nations
UNCITRAL

DECLARATION OF COMMITMENT

TO THE UN DEVELOPMENT ASSISTANCE FRAMEWORK OUTCOMES

Mr. Deependra Bahadur Kshetry
Honorable Vice-Chair of the National Planning Commission (NPC)

Dr. Lin Aung
FAO Representative a.i.

Ms. Shoko Noda
UNDP country Director

Mr. Ziad Sheikh
UN WOMEN Representative

Mr. Bashu Aryal
IFAD Programme Manager

Mr. Axel Plathe
UNESCO Representative

Ms. Cristina Albertin
UNODC Regional Office for South Asia Representative

Mr. Thomas Sinkovits
IOM Chief of Mission

Mr. Ian McFarlane
UNFPA Representative

Ms. Nicole Menage
WFP Country Director

Mr. Jose Assalino
ILO Country Director

Dr. Lin Aung
WHO Representative

Ms. Hanaa Singer
UNICEF Representative

Mr. Padma Sundar Joshi
UN HABITAT

Mr. Robert Piper
UN Volunteers

Ms. Sharon Riggle
UNODA/RCPD Director

Mr. Ruben del Prado
UNAIDS Country Coordinator

Mr. David Jackson
UNCDF, Head of Asia Regional Office

Mr. Robert Piper
United Nations Resident and Humanitarian Coordinator
also on behalf of Non-Resident UN Agencies
(OHCHR, UNCTAD, UNCITRAL, UNIDO, IAEA, ITC)

अन्तिम प्रतिको मिति सन् २०१२ सेप्टेम्बर ५

# सङ्क्षिप्त रूपहरू

| | |
|---|---|
| एसियाली विकास बैङ्क (एडिबी) | Asian Development Bank **(ADB)** |
| अक्वायर्ड इम्युनो डिफिसिएन्सी सिन्ड्रोम (एड्स) | acquired immunodeficiency syndrome **(AIDS)** |
| अन्तर्राष्ट्रिय विकासका लागि अस्ट्रेलियन नियोग (असएड) | Australian Agency for International Development **(AusAID)** |
| वयस्कहरूको यौन तथा प्रजनन स्वास्थ्य | adolescent sexual and reproductive health **(ASRH)** |
| बहु-क्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको पहल (बिम्सटेक) | Bay of Bengal Initiative for Multi-sectoral Technical and Economic Cooperation **(BIMSTEC)** |
| राष्ट्रिय विश्लेषण | Country Analysis **(CA)** |
| केन्द्रीय तथ्याङ्क विभाग | Central Bureau of Statistics **(CBS)** |
| महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सीड) | Convention on the Elimination of All Forms of Discrimination against Women **(CEDAW)** |
| विस्तृत शान्ति सम्झौता | Comprehensive Peace Agreement**(CPA)** |
| जिल्ला विकास समिति (जिविस) | District Development Committee**(DDC)** |
| अन्तर्राष्ट्रिय विकाससम्बन्धी विभाग [संअ] (डिएफआइडी) | Department for International Development [UK] **(DFID)** |
| कुनै हानि नगरौं | do-no-harm **(DNH)** |
| शिक्षा विभाग | Department of Education **(DoE)** |
| स्वास्थ्य सेवा विभाग | Department of Health Services **(DoHS)** |
| विकास साझेदार | development partner **(DP)** |
| जिल्ला गरीबी अनुगमन तथा विश्लेषण प्रणाली | District Poverty Monitoring and Analysis System **(DPMAS)** |
| विपद् जोखिम व्यवस्थापन | disaster risk management **(DRM)** |
| विपद् जोखिम न्यूनीकरण | disaster risk reduction **(DRR)** |
| प्रारम्भिक बाल विकास | early childhood development **(ECD)** |
| निर्वाचन आयोग, नेपाल | Election Commission of Nepal **(ECN)** |
| सबैका लागि शिक्षा | Education for All **(EFA)** |
| वैदेशिक सहयोग समन्वय महाशाखा | Foreign Aid Coordination Division **(FACD)** |
| खाद्य तथा कृषि सङ्गठन (एफएओ) | Food and Agriculture Organization **(FAO)** |
| आर्थिक वर्ष (आव) | financial year **(FY)** |
| खोप अभियानका लागि विश्वव्यापी गठबन्धन | Global Alliance for Vaccine Initiative **(GAVI)** |
| कुल गार्हस्थ उत्पादन | gross domestic product **(GDP)** |
| नेपाल सरकार | Government of Nepal **(GoN)** |
| जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (जीआइजेड) | German Agency for International Cooperation **(GIZ)** |
| मानव विकास सूचकाङ्क | Human Development Index **(HDI)** |
| ह्युमन इम्युनोडिफिसिएन्सी भाइरस (एचआइभी) | human immunodeficiency virus **(HIV)** |
| स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | Health Management Information System **(HMIS)** |
| सूचना, शिक्षा र सञ्चार | information, education and communication **(IEC)** |
| अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) | International Labour Organization **(ILO)** |
| अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठन (अन्तर्राष्ट्रिय गैसस) | international non-governmental organization **(INGO)** |
| अन्तर्राष्ट्रिय आप्रवास सङ्गठन (आइओएम) | International Organization for Migration **(IOM)** |
| अन्तर्राष्ट्रिय व्यापार केन्द्र | International Trade Centre **(ITC)** |
| जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) | Japanese International Cooperation Agency **(JICA)** |
| स्थानीय निकायहरूका आर्थिक समिति | Local Bodies Fiscal Commission **(LBFC)** |
| अल्प विकसित देश | least developed country **(LDC)** |
| स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | Local Governance and Community Development Programme **(LGCDP)** |
| अनुगमन तथा मूल्याङ्कन | monitoring and evaluation **(M&E)** |
| सहस्राब्दी विकास लक्ष्य | Millennium Development Goal **(MDG)** |
| बहु परिसूचक क्षेत्र सर्वेक्षण | Multiple Indicator Cluster Survey **(MICS)** |
| व्यवस्थापन सूचना प्रणाली | management information system **(MIS)** |
| शिक्षा मन्त्रालय | Ministry of Education **(MoE)** |
| अर्थ मन्त्रालय | Ministry of Finance **(MoF)** |
| गृह मन्त्रालय | Ministry of Home Affairs **(MoHA)** |
| स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | Ministry of Health and Population **(MoHP)** |
| सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालय | Ministry of Federal Affairs and Local Development **(MFALD)** |

| | |
|---|---|
| कानुन, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालय | Ministry of Law, Justice, Constituent Assembly and Parliamentary Affairs **(MoLJ)** |
| भूमिसुधार तथा व्यवस्था मन्त्रालय | Ministry of Land Reform and Management **(MoLRM)** |
| शान्ति तथा पुनर्निर्माण मन्त्रालय | Ministry of Peace and Reconstruction **(MoPR)** |
| सहरी विकास मन्त्रालय | Ministry of Urban Development **(MUD)** |
| महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | Ministry of Women, Children and Social Welfare **(MWCSW)** |
| भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय | Ministry of Physical Planning, Works and Transport Management **(MPPWTM)** |
| राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) | National Adaptation Plan of Action **(NAPA)** |
| नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण | Nepal Demographic and Health Survey **(NDHS)** |
| नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली | Nepal Food Security Monitoring System **(NeKSAP)** |
| गैर सरकारी संस्था (गैसस) | non-governmental organization **(NGO)** |
| राष्ट्रिय मानवअधिकार आयोग | National Human Rights Commission **(NHRC)** |
| राष्ट्रिय स्वास्थ्य क्षेत्र योजना सन् २०१०/११–२०१४/१५ | National Health Sector Plan 2010/11–2014/15 **(NHSP II)** |
| नेपाल श्रम शक्ति सर्वेक्षण | Nepal Labour Force Survey **(NLFS)** |
| राष्ट्रिय जीवनस्तर सर्वेक्षण | National Living Standards Survey **(NLSS)** |
| राष्ट्रिय योजना आयोग | National Planning Commission **(NPC)** |
| गैर-आवासीय संरास नियोग | Non-Resident UN Agency **(NRA)** |
| नेपाली रुपैयाँ | Nepalese rupees **(NRs)** |
| नेपाल जोखिम न्यूनीकरण छाता सङ्गठन | Nepal Risk Reduction Consortium **(NRRC)** |
| राष्ट्रिय महिला आयोग | National Women's Commission **(NWC)** |
| आर्थिक सहयोग तथा विकास सम्बन्धी सङ्गठन | Organization for Economic Cooperation and Development **(OECD)** |
| मानवअधिकारसम्बन्धी उच्च आयुक्तको कार्यालय (ओएचसीएचआर) | Office of the High Commissioner for Human Rights **(OHCHR)** |
| प्रतिफल परिचालन समूह | Outcome Steering Group **(OSG)** |
| शान्ति स्थापना तथा पुनर्स्थापना एकाइ | Peace Building and Recovery Unit **(PBRU)** |
| शान्ति तथा विकास रणनीति | Peace and Development Strategy **(PDS)** |
| गरीबी अनुगमन तथा विश्लेषण प्रणाली | Poverty Monitoring and Analysis System **(PMAS)** |
| खरिद शक्ति समता | purchasing power parity **(PPP)** |
| नतिजामुखी व्यवस्थापन | results-based management **(RBM)** |
| दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) | South Asian Association for Regional Cooperation **(SAARC)** |
| दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) | South Asian Free Trade Area **(SAFTA)** |
| यौनजन्य तथा लैङ्गिक हिंसा | sexual and gender-based violence **(SGBV)** |
| विद्यालय क्षेत्र सुधार योजना | School Sector Reform Plan **(SSRP)** |
| क्षेत्र-व्यापी विधि | sector-wide approach **(SWAp)** |
| सत्य निरूपण तथा मेलमिलाप आयोग | Truth and Reconciliation Commission **(TRC)** |
| त्रिवर्षीय योजना सन् (२०१०/११–२०१२/१३) | Three-Year Plan 2010/11–2012/13 **(TYP)** |
| संयुक्त राष्ट्रसङ्घ (संरास) | United Nations **(UN)** |
| एचआइभी/एड्स सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संयुक्त कार्यक्रम (युएनएड्स) | Joint United Nations Programme on HIV/AIDS **(UNAIDS)** |
| संयुक्त राष्ट्र सङ्घीय पुँजी विकास कोष | United Nations Capital Development Fund **(UNCDF)** |
| व्यापार तथा उत्पादन क्षमता सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय अन्तर-नियोग समूह(युएनक्लस्टर) | United Nations Inter-Agency Cluster on Trade and Productive Capacity **(UN Cluster)** |
| अन्तर्राष्ट्रिय व्यापार कानुन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय आयोग (युएन सिट्रल) | United Nations Commission on International Trade Law **(UNCITRAL)** |
| संयुक्त राष्ट्र सङ्घीय टोली | United Nations Country Team **(UNCT)** |
| व्यापार तथा विकास सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासम्मेलन (अंकटाड) | United Nations Conference on Trade and Development **(UNCTAD)** |
| संयुक्त राष्ट्र सङ्घीय विकास सहयोग रूपरेखा ((युएनडीएएफ) | United Nations Development Assistance Framework **(UNDAF)** |
| संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडीपी) | United Nations Development Programme **(UNDP)** |
| संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) | United Nations Educational, Scientific and Cultural Organization **(UNESCO)** |
| संयुक्त राष्ट्र सङ्घीय वातावरण कार्यक्रम (युएनइपी) | United Nations Environment Programme **(UNEP)** |
| संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (युएनएफपीए) | United Nations Population Fund **(UNFPA)** |
| संयुक्त राष्ट्र सङ्घको साधारण सभा विशेष सत्र | United Nations General Assembly Special Session **(UNGASS)** |
| संयुक्त राष्ट्र सङ्घीय मानव बसोबास कार्यक्रम (युएन ह्याबिट्याट) | United Nations Human Settlements Programme **(UN-HABITAT)** |
| संयुक्त राष्ट्र सङ्घीय बालबालिका कोष (युनिसेफ) | United Nations Children's Fund **(UNICEF)** |
| संयुक्त राष्ट्र सङ्घीय औद्योगिक विकास सङ्गठन (युनीडो) | United Nations Industrial Development Organization **(UNIDO)** |
| लागु पदार्थ तथा अपराध सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय कार्यालय (युएनओडीसी) | United Nations Office on Drugs and Crime **(UNODC)** |
| संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद् संकल्प प्रस्ताव | United Nations Security Council Resolution **(UNSCR)** |

| | |
|---|---|
| संयुक्त राष्ट्र सङ्घीय स्वयंसेवकहरू (युएनभी) | United Nations Volunteers **(UNV)** |
| लैङ्गिक समानता तथा महिला सशक्तीकरणका लागि संयुक्त राष्ट्र सङ्घीय एकाइ (युएन वुमन) | United Nations Entity for Gender Equality and the Empowerment of Women **(UN Women)** |
| विश्वव्यापी आवधिक समीक्षा (युपीआर) | Universal Periodic Review **(UPR)** |
| अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राज्यको नियोग (युएसएड) | United States Agency for International Development **(USAID)** |
| गाउँ विकास समिति (गाविस) | Village Development Committee **(VDC)** |
| खानेपानी, स्वास्थ्य र सरसफाइ (वास) | water, sanitation and hygiene **(WASH)** |
| विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) | World Food Programme **(WFP)** |
| विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) | World Health Organization **(WHO)** |
| विश्व व्यापार सङ्गठन (डब्लुटीओ) | World Trade Organization **(WTO)** |

विषयसूची


क.  परिचय ..................................................................................................... 1

क.१. परिस्थिति विश्लेषण : नेपालको समग्र विकासको सन्दर्भ ...............................................1
क.२. संरास विकास सहयोग रूपरेखा  निर्माणको प्रक्रिया ...........................................................6
क.३. सिद्धान्त तथा आधारभूत रणनीतिहरूको तर्जुमा .................................................................8
क.४. संरास विकास सहयोग रूपरेखाको संरचना.......................................................................12
क.५. संरास विकास सहयोग रूपरेखा का परिणामहरू...................................................................13
क.६. समन्वय तथा कार्यान्वयन संयन्त्रहरू.............................................................................14
क.७. अनुगमन तथा मूल्याङ्कन.............................................................................................15

ख.संरास विकास सहयोग रूपरेखाका प्रतिफलहरू.......................................................... 17

ख.१.  खण्ड १ : समता मार्फत समानतालाई बढाउँदै  ...................................................................... 17

प्रतिफल १ : आधारभूत अत्यावश्यक सामाजिक सुविधाहरू तथा कार्यक्रमहरूमा जोखिममा परेका तथा लाभबाट बञ्चित समूहहरूले न्यायोचित ढङ्गले सजिलै पहुँच प्राप्त गर्नेछन् ।..........................................................17

प्रतिफल २ : जोखिमयुक्त समूहहरूलाई आर्थिक अवसरहरूमा सजिलै पहुँच र पर्याप्त सामाजिक सुरक्षा प्राप्त हुनेछ ।.    19

प्रतिफल ३ : जोखिममा परेका समूहहरूले पूर्ण आत्मविश्वास, सम्मान तथा गौरवको अनुभव गर्नेछन् ।....21

प्रतिफल ४ : जोखिमयुक्त समूहहरूले कानुनी तथा नीतिगत संरचनाहरूको सुधारबाट फाइदा पाउँनेछन्, र सुरक्षा तथा विधिको शासन सम्बन्धी संस्थाहरूबाट सुलभ रूपमा सेवा प्राप्त गर्नेछन् ।...........................................................23

प्रतिफल ५ : लोकतान्त्रिक शासनका संस्थाहरू, प्रणालीहरू तथा प्रक्रियाहरू बढी जवाफदेही, प्रभावकारी, सक्षम र समावेशी हुनेछन् ।...........................................................................................................................25

प्रतिफल ६ : नयाँ सङ्घीय संविधानका प्रावधानहरू पुरा गर्नका लागि सरकारका विभिन्न तहहरू स्थापित तथा क्रियाशील हुनेछन् ।.................................................................................................. **Error! Bookmark not defined.**

ख.२.  खण्ड २ : विकासका प्रतिफलहरूको संरक्षण  27

प्रतिफल ७ : जलवायु परिवर्तन तथा विपद्को जोखिमयुक्त क्षेत्रहरूमा बसोबास गर्ने जनताले त्यस क्षेत्रमा सुधार गरिएको जोखिम व्यवस्थापनबाट लाभ प्राप्त गर्नेछन् र विपत्तिबाट हुने आघात सामना गर्न बढी तयार हुनेछन् ।................27

प्रतिफल ८ : राष्ट्रिय संस्थाहरूले द्वन्द्वसँग सम्बन्धित मानवअधिकारहरू र अन्तर्राष्ट्रिय मानवीय कानुनको हनन तथा द्वन्द्व-पश्चात् पीडितहरूका आवश्यकतालाई पर्याप्त मात्रामा सम्बोधन गर्नेछन् ।.............................................................29

प्रतिफल ९ : राष्ट्रिय कर्ता र संस्थाहरूले द्वन्द्व जोखिमको व्यवस्थापन गर्नेछन् र अग्रगामी रूपमा शान्तिलाई सुदृढ गर्नेछन् ।...... 29

ख.३. खण्ड ३ : अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धिका लागि सहज वातावरण निर्माण ..........................................31

प्रतिफल १० : नेपालका संस्थाहरू देशको नीति र अर्थतन्त्रलाई अन्तरसरकारी आर्थिक तथा मानक प्रक्रियाहरू र अन्तर्राष्ट्रिय नीति तथा विधिको शासनसँग अझ प्रभावकारी रूपमा समायोजन गर्न बढी सक्षम हुनेछन् ।.............................31

अनुसूची १ : नेपाल संरास विकास सहयोग रूपरेखा सन् २०१३-२०१७ परिणाम म्याट्रिक्स ........... 33

अनुसूची २ : नेपाल संरास विकास सहयोग रूपरेखा सन्(२०१३–२०१७) अनुगमन तथा मूल्याङ्कन म्याट्रिक्स    73

अनुसूची ३ : नेपाल संरास विकास सहयोग रूपरेखा सन् २०१३-२०१७ मूल्याङ्कन तथा अनुगमन समय तालिका 99

अनुसूची ४ : संरास तुलनात्मक लाभ सर्वेक्षण ..........................................................................    108

# क. परिचय

संयुक्त राष्ट्र सङ्घीय विकास सहयोग रूपरेखामा संयुक्त राष्ट्र सङ्घीय टोली नेपालले सन् २०१३ देखि सन् २०१७ सम्म गर्ने कार्यको समग्र रूपरेखा प्रस्तुत गरिएको छ । यो दस्तावेज मुख्यतः तीन भागमा बाँडिएको छ । पहिलो भागले द्वन्द्वपछिको सङ्क्रमणकालीन सन्दर्भलाई विशेष रूपमा मध्यनजर गर्दै नेपालले सामना गरिरहेका विकास सम्बन्धी प्रमुख चुनौतीहरूको वर्णन गर्दछ । यस भागले संयुक्त राष्ट्र सङ्घीय विकास सहयोग रूपरेखा को निर्माण प्रक्रिया, यसका रूपरेखा निर्माणका सिद्धान्त तथा आधारभूत रणनीतिहरू, परिणाममुखी व्यवस्थापनको रूपरेखा र अनुगमन तथा मूल्याङ्कनका साथै समन्वय तथा कार्यान्वयन संयन्त्रहरूको पनि व्याख्या गर्दछ । दोस्रो भागले १० वटा प्रतिफलहरूको वर्णन गर्दछ, जसको सेरेफेरोमा संयुक्त राष्ट्र सङ्घीय विकास सहयोग रूपरेखाको ढाँचा तयार गरिएको छ : तीमध्ये ६ वटा प्रतिफलहरू विकासको एजेन्डालाई अगाडि बढाउने विषयसित सम्बन्धित छन्, तीन वटाले विगतमा हासिल भएका विकासका प्रतिफललाई संरक्षण गर्ने लक्ष्य राख्दछन् र एउटाले अन्तर्राष्ट्रिय सहयोग सुदृढीकरणका लागि अनुकूल वातावरण निर्माण गर्न सहयोग पुऱ्याउँछ । यस दस्तावेजको अन्तिम भागले परिणामहरूको म्याट्रिक्स तथा सबै प्रतिफलहरूका लागि अनुगमन तथा मूल्याङ्कन रूपरेखा प्रस्तुत गर्दछ ।

## क.१. परिस्थिति विश्लेषण : नेपालमा समग्र विकासको सन्दर्भ

सन् १९५६ मा पहिलो विकास योजना सुरु भएदेखि नै नेपालले क्रमशः विकास सम्बन्धी आफ्ना थुप्रै महत्त्वपूर्ण लक्ष्यहरू हासिल गरेको छ । नेपालमा हाल चालू त्रिवर्षीय योजनाले देशलाई कम विकसित मुलुकको अवस्थाबाट दुई दशकभित्र विकासशील राष्ट्रमा रूपान्तरण गर्दै समृद्ध, शान्तिपूर्ण तथा न्यायपूर्ण नेपाल निर्माण गर्ने लक्ष्य राखेको छ । हालको त्रिवर्षीय योजनाको मूल मुद्दाका रूपमा उच्च आर्थिक वृद्धि, शान्ति तथा सुशासन रहेका छन् । यसले सरकारलाई "न्यायिक, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, जातीय, शारीरिक, लैङ्गिक तथा क्षेत्रीय समेत सबै प्रकारका भेदभाव तथा असमानताहरू" अन्त्य गर्ने दीर्घकालीन दृष्टिकोणप्रति प्रतिबद्ध तुल्याउँछ । आन्तरिक रूपमा पुनर्निर्माण र विकासमा जोड दिनुका साथै अल्प विकसित देशहरूको अध्यक्षका हैसियतले पछिल्ला वर्षहरूमा नेपालले अल्प विकसित देशका विश्वव्यापी एजेन्डाहरूलाई परिमार्जन गर्न तथा 'इस्तानबुल कार्ययोजना'लाई प्रकाशमा ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ ।

पछिल्ला दशकहरूमा, सरकारले, विशेष गरी नीति र कानुन सुधारका क्षेत्रमा महत्त्वपूर्ण पहलहरू थालेको छ, जसले अग्रगामी रूपमा समावेशीकरण तथा भेदभावबाट मुक्ती सम्बन्धी एजेन्डाहरूलाई साकार तुल्याइरहेको छ । उदाहरणका लागि, लैङ्गिक समानताका क्षेत्रमा भएको न्यायिक पुनर्संरचनाले महिलाहरूका लागि व्यापक आर्थिक सुरक्षा सुनिश्चित गर्दै उनीहरूलाई हिंसाबाट सुरक्षित गर्ने, यौन तथा प्रजनन अधिकारहरूको संरक्षण गर्ने र निर्णय प्रक्रियामा महिलाहरूको आवाजलाई बुलन्द पार्दै लैङ्गिक समानता र महिला सशक्तीकरणका क्षेत्रमा क्रमशः रूपान्तरणको जोडदार सुरुवात गरेको छ[1] । व्यवस्थापिकामा महिलाहरूको सहभागिता सन् १९९१[2] को २.९% (त्यतिबेलाको संसद्मा) बाट ह्वात्तै बढेर ३३% (हालै विघटित संविधानसभामा) पुग्यो । आवश्यकता अनुसार कानुनी पुनर्संरचनाका लागि निरन्तर सुझाव दिने उद्देश्यले नेपाल कानुन आयोग गठन भयो । वैदेशिक रोजगारी तथा आप्रवास सम्बन्धी कानुनहरूको सुधार गरियो । युवा रोजगारी नीति लागु गरिनुका साथै वृद्ध नागरिकका लागि सामाजिक सुरक्षा सुनिश्चित गर्ने पहलहरू थालिए । लैङ्गिक दृष्टिले संवेदनशील बजेट बाँडफाँडको सुरुवात तथा दलित र महिला आयोगहरूको गठन, भेदभाव र असमानतालाई सम्बोधन गर्नेतर्फ लक्षित नेपालमा भएका सुधार सम्बन्धी पहलकदमीका थप उदाहरण हुन् ।

यी महत्त्वपूर्ण नीति तथा व्यवस्थापकीय सुधारका साथै, आवधिक योजनाहरूको कार्यान्वयनले विशेष गरी भौतिक पूर्वाधारहरू तथा सामाजिक क्षेत्रहरूको विकासमा उल्लेखनीय उपलब्धिहरू हासिल भएका छन् । सरकारले केहि वर्षदेखि विस्तृत आर्थिक वृद्धिको नीति तथा गरीबी निवारणमा जोड दिएको छ । समग्रमा, नेपालको आर्थिक वृद्धि र त्यससँगै जोडिएको गरीबी न्यूनीकरणको अवस्था विगतका दुई दशकमा उत्साहप्रद रहेको छ (टेबल क.१) । सन् १९९० देखि २००९ सम्म कुल गार्हस्थ उत्पादन (जिडिपी) मा प्रति वर्ष औसत चार प्रतिशतले वृद्धि भएको छ र गरीबी ३९ प्रतिशतले घटेको छ । यो प्रगतिले नेपाल, सन् २०१५ सम्ममा गरीबीलाई आधा घटाएर सहस्राब्दी विकास लक्ष्यलाई हासिल गर्ने मार्गमा कटिबद्ध रहेको कुरा देखाउँछ । गरीबीको रेखामुनि रहेको जनसङ्ख्या सन् १९९६ को ४२ प्रतिशतबाट समग्र रूपमा घटेर सन् २०११[3] मा २५.४ पुग्नु महत्त्वपूर्ण उपलब्धि हो । त्यसै गरी, गरीब र धनीका बिचको अन्तराल पनि लगभग ५० प्रतिशतले घटेको हुनाले यसले

[1] युएन वुमेन
[2] निर्वाचन आयोग, नेपाल
[3] राष्ट्रिय जीवनस्तर सर्वेक्षण– III (सन् २०१०-११)

गरीबीको रेखामुनि परेकाहरू उल्लेख्य रुपमा कम गरीबीको अवस्थामा रहेको कुरालाई दर्साउँछ ।

यस्तै प्रगति अधिकांश सहस्राब्दी विकास लक्ष्यहरूको समग्र सन्दर्भमा पनि हासिल भएको छ । साक्षरता तथा विद्यालय भर्ना दरमा वृद्धि, औसत आयुमा वृद्धि र मातृ-शिशु मृत्युदरमा कमी आउनु थप महत्त्वपूर्ण उपलब्धिहरू हुन् । शिक्षाका क्षेत्रमा सहस्राब्दी विकास लक्ष्यका थुप्रै लक्ष्यहरू पनि हासिल भएका थिए र लैङ्गिक समानता तथा स्वास्थ्य सम्बन्धी विभिन्न लक्ष्यहरू या त हासिल भइसकेका छन् अथवा प्रक्षेपित रूपमा सन् २०१५ सम्म पुरा हुने अपेक्षा छ (टेबल क.२) । आठ वटा सहस्राब्दी विकास लक्ष्यहरूमध्ये नेपालले सन् २०१५ सम्ममा ६ वटा लक्ष्यहरू हासिल गर्ने अपेक्षा गरिएको छ ।

विशेष गरी पूर्ण रोजगारी सुनिश्चित गर्ने, प्रजनन स्वास्थ्यमा विश्वव्यापी पहुँच तथा सुधारसहितको सरसफाइ सेवामा पहुँच वृद्धि गर्ने जस्ता केही सहस्राब्दी विकास लक्ष्यहरूका सन्दर्भमा कडा चुनौतीहरू विद्यमान रहे तापनि समग्र नेपालीहरुको हीतमा सार्थक प्रगति भएका प्रशस्त उदाहरणहरू छन् ।

### तालिका क.१ : आमदानी, गरीबी र असमानताको अवस्थामा परिवर्तन

| परिसूचकहरू | सन् १९९५/९६ | सन् २००३/०४ | सन् २००८/०९ |
|---|---|---|---|
| कुल गार्हस्थ उत्पादनमा वृद्धि (%) | ५.१० | ४.३० | ५.०० |
| गरीबी जनगणना दर (राष्ट्रिय गरीबी रेखामुनि रहेको जनसङ्ख्याको मात्रा, %) | ४१.७६ | ३०.८५ | २५.३९ |
| गरीबी-अन्तर दर (राष्ट्रिय गरीबीको रेखाभन्दा मुनि नपुग आमदानीको मात्रा, %) | ११.७५ | ७.५५ | ६.१० |
| गिनी कोएफिसियन्ट (उपभोग्य खर्चहरूमा असमानताको सूचकाङ्क) | ०.३४ | ०.४१ | ०.४६ |

*स्रोत : "नेपालमा गरीबी : राष्ट्रिय जीवनस्तर सर्वेक्षण-२ को परिणाम", केन्द्रीय तथ्याङ्क विभाग, सन् २०१२; विश्व बैङ्क सन् २०१२ ।*

### तालिका क.२ : प्रगतिका विभिन्न मापकहरूमा परिवर्तन

| परिसूचकहरू | सन् १९९० | सन् २००० | सन् २००५ | सन् २०१० | सन् २०१५ लक्ष्य |
|---|---|---|---|---|---|
| प्राथमिक शिक्षामा कुल भर्ना दर (%) | ६४.० | ८१.० | ८६.८ | ९३.७ | १००.० |
| प्राथमिक शिक्षामा केटी तथा केटाहरूको अनुपात | ०.५६ | ०.७९ | ०.९० | १.०० | १.०० |
| १५-२४ वर्षका पुरुषका तुलनामा महिलाको साक्षरता अनुपात | ०.४८ | उपलब्ध नभएको | ०.७३ | ०.८३ | १.० |
| ५-वर्ष मुनिको बाल मृत्युदर (प्रति १,००० जीवितै जन्मने मध्ये) | १६२ | ९१ | ६१ | ५० | ५४ |
| मातृ मृत्युदर (प्रति १००,००० जीवित प्रसूति हुने मध्ये) | ८५० | ४१५ | २८१ | २२९ | २१३ |

स्रोत : "नेपाल सहस्राब्दी विकास लक्ष्यहरू : प्रगति प्रतिवेदन, सन् २०१०" राष्ट्रिय योजना आयोग/संरासङ्घीय टोली सन् २०१० ।

## मानवीय पक्ष सहितको राष्ट्रिय विश्लेषण

नेपाल, एक दशक लामो आन्तरिक सशस्त्र द्वन्द्वपछि एउटा जटिल सङ्क्रमणको चरणबाट गुज्रिरहेको तथ्यलाई मनन गर्दा विकास सम्बन्धी यी समग्र उपलब्धिहरू सबै नै अत्यन्त उत्साहप्रद छन् । सन् २००६ को २१ नोभेम्बरमा (२०६३ साल मङ्सिर ५ गते) विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि थुप्रै ऐतिहासिक उपलब्धिहरू हासिल भएका छन् । यस्ता उपलब्धिहरूमा : युद्धविराम कायम हुनु, सन् २००८ (२०६४ साल) मा भएको संविधानसभाको चुनाव, शान्तिपूर्ण रूपमा नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा हुनु, माओवादी सेनाका शिविरहरूबाट सन् २०१० मा ४,००८ जना प्रमाणीकृत उमेर नपुगेका तथा ढिलो भर्ती भएकाहरू र सन् २०१२ मा 'स्वेच्छिक अवकास' मार्फत ७,३६५ जना लडाकुहरूको बिदाइ हुनु र सबै बारुदी सुरुङहरू नष्ट गरिनु जस्ता रहेका छन् । विस्तृत शान्ति सम्झौताका अन्य प्रतिबद्धताहरूको पूर्ण कार्यान्वयन हुन बाँकी नै छ, जस्तै : माओवादी सेनाका बाँकी रहेका सदस्यहरूको अन्तिम समायोजन अथवा बिदाइ, नयाँ संविधानलाई अन्तिम रूप दिने कार्य, सङ्क्रमणकालीन न्यायिक आयोगहरूको स्थापना तथा द्वन्द्वसँग सम्बन्धित अपराधहरूमा सारभूत प्रगति । विस्तृत शान्ति सम्झौताको मूल मर्मका रूपमा रहेका दीर्घकालीन संरचनात्मक सुधारमा नेपालले छिटो प्रगति गर्नु पनि उत्तिकै जरुरी छ । त्यस्तै अधिकार, समानता, समावेशीकरणका सन्दर्भमा विस्तृत शान्ति सम्झौताको मर्म अनुसार नेपालको रूपान्तरण गर्ने लक्ष्यहरूलाई व्यवहारमा उतार्ने कार्य अगाडि बढाउन तथा आधारभूत राजनीतिक, सामाजिक-आर्थिक तथा शासकीय रूपान्तरणहरूको थालनी गर्न पनि अत्यन्त आवश्यक छ । तिनमा विश्वव्यापी मानवअधिकारहरू, विधिको शासन तथा स्वतन्त्र न्यायालयलाई कायम राख्ने नयाँ मापदण्डहरू निर्धारण गर्ने; सामाजिक न्याय तथा समानता सुनिश्चित गर्ने; भूमिसुधार तथा सम्पत्ति फिर्ताका विषयलाई सम्बोधन गर्ने;

जनताको सूचनाको हक तथा शासनमा सहभागितालाई सुनिश्चित गर्ने; र पुनर्संरचित समावेशी सङ्घीय राज्य मार्फत सन्तुलित, सक्षम तथा निष्पक्ष प्रशासनको निर्माण गर्ने रहेका छन् ।

यही भावना अनुसार, चालु सरकारी विकास योजनाको दीर्घकालीन दृष्टिकोण सम्बन्धी वक्तव्यले, "सबै प्रकारका विभेद तथा असमानताहरू"[4] लाई सम्बोधन गर्ने विषयमा जोड दिएको छ । संरासङ्घीय टोलीले आफ्नो तर्फबाट नेपाल सम्बन्धी आफ्नो राष्ट्रिय विश्लेषण (संरास विकास सहयोग रूपरेखा निर्माण प्रक्रियाको पहिलो चरण) मा पनि जनतालाई नै केन्द्रबिन्दुमा राख्नु पर्छ भन्ने निर्णय गर्‍यो, जुन 'मानवीय पक्ष समाहित गरिएको राष्ट्रिय विश्लेषण' हो ।

नेपालसम्बन्धी उक्त राष्ट्रिय विश्लेषणको उद्देश्य नेपालमा संयुक्त राष्ट्र सङ्घीय विकास प्रयासहरूको मूल मर्मलाई बोक्न सक्ने थुप्रै सम्भावित नीति तथा संस्थागत सवालहरूमध्ये अन्ततः केही सीमित क्षेत्रको छनोटमा मदत गर्नु हो । संयुक्त राष्ट्र सङ्घीय टोलीले उक्त राष्ट्रिय विश्लेषणलाई, नेपालका जोखिममा परेका समूहहरूको अवस्था अनुसन्धान गर्नमा उपयोग गर्‍यो । उक्त जोखिमका संरचनागत कारणहरू के के हुन् भनेर पहिचान गर्नुका साथै पछिल्ला वर्षहरूमा हासिल भएका विकास सम्बन्धी उपलब्धिहरू व्यापक रूपमा उल्टिन सक्ने भावी खतराहरूबाट कुन समूहहरू जोखिममा पर्न सक्छन् भनेर राम्ररी बुझ्नका लागि पनि उक्त राष्ट्रिय विश्लेषणको उपयोग गरियो । सो राष्ट्रिय विश्लेषणले गरीबी, मानव विकास, असमावेशीकरण र व्यक्तिगत सुरक्षासँग सम्बन्धित विभिन्न खालका दृष्टिकोणहरूको एउटा शृङ्खला मार्फत नेपालीहरूले सामना गर्नु परेका विभिन्न खालका जोखिमहरूको[5] अन्वेषण गर्‍यो । मानवीय समृद्धिलाई बढाउनका लागि निश्चित समूहहरूले समाजमा सामना गर्नु पर्ने वास्तविकतालाई बृहत् रूपमा बुझ्नु आवश्यक हुन्छ । तीमध्ये केही वास्तविकताहरू इतिहासमा आधारित हुन्छन् र प्रचलित सामाजिक-सांस्कृतिक अभ्यासहरूमा गहिरोसँग जरो गाडेका हुन्छन् । अरू चाहिँ राजनीतिक प्रक्रियाहरू, विगत तथा वर्तमान द्वन्द्वका विविध पाटाहरू, आर्थिक छनोटहरू, नीतिगत शक्तिहरू तथा वातावरणीय अभ्यासहरूबाट उत्पन्न हुन्छन् । सो राष्ट्रिय विश्लेषणले यस्ता वास्तविकताहरूमा विशेष ध्यान दियो ।

## विकासका प्रतिफलमा विद्यमान रहिरहेको भिन्नता

नेपालले विगतका तीन दशकमा संसारका सम्पूर्ण देशहरूमध्ये मानव विकास सूचकाङ्कमा सबभन्दा छिटो समग्र प्रगति हासिल गरेको रेकर्ड छ । यसका साथै गरीबी न्यूनिकरण र शिक्षा क्षेत्रमा प्रगति, लैङ्गिक समानता तथा स्वास्थ्यमा सुधार गर्ने सहस्राब्दी विकास लक्ष्यहरू तर्फ यसको प्रगति उल्लेखनीय रहेको छ । सन् २००८ सम्म यस देशको गिनी कोएफिसिएन्ट एसियामै सबभन्दा उच्च, अनुमानित ०.४५ रहेको थियो तर सन् २०११[6] मा त्यो ०.३२ मा झरेको छ । यद्यपि यो प्रगति विषम खालको छ र नेपालको विकासको पथमा असमानताहरू चुनौतीको रूपमा रहेका छन् ।

प्रति वर्ष लगभग २३० अमेरिकी डलरलाई राष्ट्रिय गरीबीको रेखाका रूपमा मान्दा, सन् २०११ मा नेपालको गरीबीको मात्रा २५ प्रतिशत[7] रहेको अनुमान गरिएको छ । यद्यपि, विभिन्न समूहहरूमा व्यापक भिन्नताहरू रहेका छन् : गरीबीको दर ग्रामीण क्षेत्रको २७ प्रतिशतको तुलनामा सहरी क्षेत्रमा १५ प्रतिशत रहेको छ; २३ प्रतिशत गैर-दलितहरूका तुलनामा ४२ प्रतिशत दलितहरू[8] गरीब छन् र ११ कक्षा उतीर्ण गरेको व्यक्ति घरमुली भएको परिवारको तुलनामा निरक्षर व्यक्ति घरमुली हुने परिवारमा गरीबी हुन सक्ने सम्भावना ४.५ गुणा बढी रहेको छ[9] । सन् २००६ का तथ्याङ्कहरूको उपयोग गरेर तयार पारिएको बहुआयामिक गरीबी परिसूचकले नेपालको लगभग ६५ प्रतिशत जनसङ्ख्या गरीब भएको सङ्केत गर्दछ[10] ।

मातृ मृत्युदर घटाउने लक्ष्य हासिल गर्ने दिशामा गरेको प्रगति निकै प्रभावकारी भएकाले गर्दा नेपाललाई सन् २०१० मा सहस्राब्दी विकास लक्ष्य उपलब्धि अवार्डले सम्मानित गरियो र नेपालले उक्त लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ । त्यति हुँदा हुँदै पनि, यसमा समेत, लाभहरू असमान ढङ्गले वञ्चित समुदायभन्दा टाढा केन्द्रीकृत भएका छन् : सबभन्दा धनी नेपाली महिलाहरू मध्ये ९२ प्रतिशतले तालिमप्राप्त व्यक्तिबाट गर्भवती स्याहार प्राप्त गर्दछन् भने सबभन्दा गरीब मध्ये ३३ प्रतिशतले मात्र सो सेवा प्राप्त गर्दछन्; र सबभन्दा धनी महिलाहरू मध्ये पाँच भागको चार भाग (८२ प्रतिशत)ले दक्ष सुडेनीहरूबाट प्रसूति सेवा प्राप्त गर्दछन् भने सबभन्दा गरीब महिलाहरू मध्ये अत्यन्त निराशाजनक मात्रामा (११ प्रतिशत) ले मात्र सो सेवा प्राप्त गर्दछन् । प्रजनन स्वास्थ्य तथा सुदृढ सरसफाइको विश्वव्यापी पहुँच सम्बन्धी सहस्राब्दी विकास लक्ष्यहरूको प्राप्ति सम्भव नहुने देखिन्छ । यसमा पनि, ती लक्ष्यहरू हासिल गर्नमा विद्यमान असमानताहरू नै सबभन्दा ठुला व्यवधानका रूपमा रहेका छन् । सरसफाइ व्यवस्थामा सुधारको स्थिति (ग्रामीण क्षेत्रहरूको ३६ प्रतिशतको तुलनामा

[4] नेपाल सरकार, त्रिवर्षीय योजना सन् २०१०/११–२०१२/१३, पृष्ठ २० ।

[5] राष्ट्रिय विश्लेषणको सन्दर्भमा, जोखिमग्रस्त अवस्था/सङ्कटापन्न अवस्था भनेको निश्चित समूहका जनताको आर्थिक, कानुनी, राजनीतिक, सामाजिक सांस्कृतिक र/वा वातावरणीय जस्ता व्यापक क्षेत्रसँग सम्बन्धित आफ्नो दैनिक जीवनका चुनौतीहरूलाई सामना गर्ने अक्षमता अथवा सामना गर्ने अप्ठेराहरूलाई बुझिन्छ । यसले कुनै निश्चित सन्दर्भमा जोखिमयुक्त भएको अवस्थालाई जनाउँछ ।

[6] केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११ । नेपाल जीवन सर्वेक्षण सन् २०१०/११ : तथ्याङ्कीय प्रतिवेदन । भाग १ र २ । काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग

[7] ऐ ।

[8] कुल जनसङ्ख्याको लगभग १५ प्रतिशतको प्रतिनिधित्व गर्ने निश्चित पिछडिएका/वञ्चित जातिलाई जनाउने एक सामूहिक शब्द ।

[9] ऐ ।

[10] संरास विकास परियोजना (युएनडिपी), सन् २०११ । *मानव विकास प्रतिवेदन सन् २०११* । न्युयोर्क : युएनडिपी पृष्ठ १४४ (सन् २००६ को तथ्याङ्क)

सहरी जनसङ्ख्याको ५३ प्रतिशत) र स्वच्छ खानेपानीको पहुँचमा रहेको भिन्नता (सहरी र ग्रामीण क्षेत्रमा क्रमशः ९३ प्रतिशत र ८८ प्रतिशत)बाट पनि सहरी र ग्रामीण क्षेत्रका बीच व्यापक असमानता रहेको कुरा प्रमाणित हुन्छ[11] । सहस्राब्दी विकास लक्ष्यका पूर्ण रोजगारीसँग सम्बन्धित लक्ष्यहरू टाढै रहेका छन् : रोजगारीका सन्दर्भमा नेपालका युवाहरूले निकै गम्भीर चुनौतीहरूको सामना गरिरहेका छन् । यस्तो अवस्था खास गरी युवतीहरूको सवालमा, अझ भौगोलिक रूपमा दुर्गम क्षेत्रहरूमा बस्ने र परम्परागत रूपमा सीमान्त सामाजिक समूहसँग सम्बद्ध युवतीहरूको अवस्था सबभन्दा नाजुक छ । ती बेरोजगार युवाहरू विदेशमा रोजगारी खोज्न बाध्य छन् र तीमध्ये धेरै जना असुरक्षित श्रम गर्नुपर्ने अवस्था तथा शोषणहरूको सिकार हुन पुग्छन् । सन् २००८ मा १५–२४ वर्ष उमेर समूहका युवाहरूमा बेरोजगारी दर लगभग चार प्रतिशत थियो भने २०–२४ वर्षका युवामा, कुनै पनि उमेर समूहमा भन्दा बढी मात्रामा अर्थात् ८ प्रतिशत भन्दा धेरै रहेको थियो[12] । नेपालको १५–२९ वर्षको उमेरका युवाहरूमध्ये लगभग एक तिहाइ (३२ प्रतिशत) कामका लागि बिदेसिएका थिए[13] ।

उक्त राष्ट्रिय विश्लेषण अन्तर्गत गरिएको जोखिम मूल्याङ्कनले पछाडि परेका र खास गरी जोखिममा परेका समूहहरू, जोखिम सम्बन्धी जुनसुकै दृष्टिकोण अवलम्बन गरे पनि लगभग सबै जसो पक्षबाट जोखिममा रहेको कुरा पत्ता लगायो । उदाहरणका लागि, राजनीतिक असमावेशीकरणले गर्दा तथा आफ्ना पक्षमा आवाज उठाउन नसक्दा, सीमान्तकृत समूहहरू समाजमा जरा गाडेका अन्य असमावेशीकरणका प्रथाहरूको अझ बढी जोखिममा पर्दछन् किनभने उनीहरूले आफ्नो समूहलाई सशक्त बनाउने खालका नीति र कार्यक्रमहरूको पक्षमा आवाज उठाउन सक्दैनन् । सम्पतिमाथिको स्वामित्व, भौतिक स्रोतहरू, आमदानी तथा रोजगारका अवसरहरूमा असमानताले गर्दा आर्थिक गतिबिधिबाट वर्जित हुने अवस्था उत्पन्न हुन्छ र त्यो चिरस्थायी बन्छ, जुन कुराहरू आफैमा पनि कुनै पनि प्रकारको समावेशीकरणका लागि चाहिने पूर्वसर्तहरू हुन् । हालैका समयमा जोखिममा परेका समूहहरूले सामना गर्नु परेझैं देखिने अधिकांश आर्थिक मुद्दाहरू, यथार्थमा, विगतका सामाजिक तथा राजनीतिक व्यवस्था तथा अभ्यासहरूबाट उत्पन्न भएका हुन् । भौगोलिक तत्त्वहरूले (चाहे हिमाली तथा पहाडी क्षेत्र हुन्, अथवा सहरीका तुलनामा ग्रामीण आवासीय इलाकाहरू हुन्) पहिल्यैदेखि लैङ्गिक तथा जातीय रूपमा पछाडि परेका जनताको जोखिमपूर्ण अवस्थालाई अझ खराब तुल्याइ दिन्छन् । छोटकरीमा भन्नु पर्दा एक क्षेत्रको जोखिमयुक्त अवस्थाले, प्रायः यसको बहुआयामिक प्रवृत्तिले गर्दा अन्य क्षेत्रका जोखिमहरूलाई पनि बढाइदिन्छ । अतः देशको विकाससम्बन्धी सम्पूर्ण सुविधाहरूमा जोखिममा परेका समूहहरू अझ बढी न्यायोचित ढङ्गले हिस्सेदार हुन सक्ने सम्भावनालाई बढाउनका लागि बहुआयामी तथा परस्पर अन्तर्सम्बन्धित प्रभावकारी भूमिका आवश्यक हुन्छ ।

## जोखिमको अवस्थालाई अझ राम्ररी बुझ्ने प्रयास

जोखिमको अवस्थालाई अझ गहिरोसँग विश्लेषण गर्नका लागि, उक्त राष्ट्रिय विश्लेषणले निश्चित समूहका जनताको अध्ययन गऱ्यो, जसको जोखिमपूर्ण अवस्थालाई ठोस प्रमाणहरूले समर्थन गर्नुका साथै संरास विकासकर्मीहरूको अनुभव तथा विज्ञताले त्यसलाई पुष्टि गरेको थियो । उक्त राष्ट्रिय विश्लेषणमा पहिचान गरिएका जोखिममा परेका समूहहरू मध्ये, निम्न १९ वटालाई संरास विकास सहयोग रूपरेखा निर्माणमा समेटिएको थियो : यौन दुर्व्यवहार र शोषणको जोखिममा रहेका महिलाहरू; मध्य- तथा सुदूर पश्चिमका महिलाहरू; प्रजननशील उमेरका महिलाहरू; किशोरीहरू; सङ्कटग्रस्त तथा अति सीमान्तकृत आदिवासी जनता; अन्य वञ्चित महिला तथा बालिकाहरू; दलितहरू; अपाङ्गता भएका व्यक्तिहरू; आधारभूत शिक्षा नपाएका बालबालिकाहरू; कुपोषित/अल्प-पोषित बालबालिकाहरू; अर्ध- तथा पूर्ण बेरोजगार युवाहरू; बिदेसिएका कामदार तथा तिनका परिवारहरू; ग्रामीण भूमिहीन तथा कम जग्गा हुनेहरू; बँधुवा श्रमिक तथा बलजफ्ती श्रममा लगाइएकाहरू; सहरी अव्यवस्थित-बस्तीमा बस्नेहरू तथा सुकुम्बासीहरू; द्वन्द्व-प्रभावित जनता; निरक्षर व्यक्तिहरू; कम विकसित जिल्लाका जनता; तथा जलवायु परिवर्तनको विशेष जोखिमयुक्त क्षेत्रका मानिसहरू । हरेक समूहको एउटा विस्तृत विवरण (प्रोफाइल) तयार पारेर विविध क्षेत्रका सरोकारवालाहरूबाट समीक्षा गरिएको थियो । हरेक समूहका जोखिमको अन्तर्निहित कारणहरूको विश्लेषण गर्नमा नै यी प्रोफाइलहरूको जोड रहेको थियो । ती समूहका विशेषताहरूको पहिचान, विषयवस्तु निर्धारण तथा वर्गीकरणका साथै सम्भवतः अझ महत्त्वपूर्ण रूपमा, तिनका जोखिमयुक्त अवस्थाका कारणहरूभित्र रहेका समानताहरूलाई पत्ता लगाउनका लागि एउटा समग्र विश्लेषण प्रणालीको विकास गरियो ।

राष्ट्रिय विश्लेषणमा पहिचान गरिएका जोखिमहरूको सूक्ष्म समीक्षाले नेपालका जोखिममा रहेका अधिकांश जनताका लागि विशेष महत्त्व राख्ने मूल कारणहरूको एउटा शृङ्खला प्रकाशमा ल्यायो । ती कारणहरूमा लामो समयदेखि कायम रहेका विभेदकारी अभ्यासहरू, सामान्यतः आर्थिक अवसरहरूको अभाव तथा तिनमाथिको असमान पहुँच, शासकीय संस्था तथा प्रक्रियाहरूमा पहुँचको समानान्तर अभाव, दुर्गम अवस्था र जलवायु परिवर्तनले पारेका स्थानीय प्रभावहरू रहेका थिए ।

[11] स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, न्यु एरा, र आइसिएफ इन्टरनेसनल इन्क., सन् २०१२ । *नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण सन् २०११* । काठमाडौं : स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, न्यु एरा, र आइसिएफ इन्टरनेसनल, क्याल्भर्टन, मेरील्यान्ड ।)
[12] केन्द्रीय तथ्याङ्क विभाग, सन् २००९ । *नेपाल श्रम शक्ति सर्वेक्षण २००८ सम्बन्धी प्रतिवेदन* । काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग [अर्धबेरोजगारी भनेको : 'समयसँग सम्बन्धित अर्धरोजगारी हो (पहिले देखिने अर्धरोजगारी भनिन्थ्यो) जसमा कुनै व्यक्तिले धेरै घण्टासम्म काम गर्न चाहन्छ तर आर्थिक कारणहरूले गर्दा त्यसो गर्न पाउँदैन ।']
[13] ऐ ['बसाइँ सर्नेहरू' मा आन्तरिक बसाइँसराइँ गर्ने समेत पर्दछन् ।]

आश्चर्यजनक नभए पनि महत्त्वपूर्ण कुरा के हो भने जोखिमका यी अन्तर्निहीत कारणहरूमध्ये धेरैजसोलाई द्वन्द्वका मूल कारणका रूपमा समेत मानिएको छ । त्यसकारण विस्तृत शान्ति सम्झौताले तीमध्ये अधिकांशलाई प्रभावकारी भूमिका र परिवर्तन आवश्यक पर्ने प्रक्रियाका रूपमा उल्लेख गर्दछ; यी कुराहरू, सो सम्झौता लगत्तैका सरकारी रणनीतिक योजनाहरू तथा नेपाल शान्ति र विकास रणनीति (पिडिएस)[14] मा पनि समेटिएका छन् । यी मूल कारणहरूमध्ये धेरैजसो नेपालको सामाजिक-सांस्कृतिक तथा सामाजिक-राजनीतिक संरचनाभित्र अन्तर्निहित भएकाले गर्दा जटिल छन् र तिनलाई सम्बोधन गर्न बहुआयामिक रणनीतिहरू तथा विस्तृत नीतिहरूको आवश्यकता पर्नुका साथै दीर्घकालीन रूपमा निरन्तर सशक्त कार्यान्वयन गर्नुपर्ने अभिभारा रहनेछ ।

***जातीय, जनजातीय तथा लैङ्गिक विभेद :*** नेपालका सबभन्दा जोखिममा परेका समूहहरूले सामना गर्नुपरेका चुनौतीहरूको मूल जडका रूपमा विद्यमान जातीय, जनजातीय तथा लैङ्गिक विभेदलाई मानिएको छ । विगतमा केही कानुनी प्रावधानहरू, मान्यता र प्रचलनहरूले नेपाली समाजको उँचनिच तथा विभेदकारी विशेषताहरूलाई संस्थागत गरेको कुरा आम रूपमा महसुस गरिएको छ र यसलाई सम्बोधन गर्नु पर्ने आवश्यकतालाई स्वीकार गरिएको छ । ती संरचना, व्यवस्था अथवा कानुनी प्रावधानहरू परिवर्तन नै नभएका भने होइनन्; समानताको हक सम्बन्धी अन्तरिम संविधानको धारा १३ ले प्रशस्त गरेको मार्गलाई पछ्याउँदै, व्यापक रूपमा परिवर्तन भएका छन् । यद्यपि मुख्य सवाल भनेको– यो प्रक्रियाले जनसङ्ख्याको ठूलो हिस्सामा सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक अवसरहरूलाई खिँच्दै दैनिक जीवनमा नै अर्न्तनिहित तुल्याउनु पर्छ भन्ने हो । पितृसत्तात्मक मूल्य र मान्यताहरूका साथै सामाजिक-सांस्कृतिक व्यवस्थाको असन्तुलित चरित्रले सामाजिक सम्बन्धहरूलाई विभिन्न किसिमबाट परिभाषा तथा पुनर्परिभाषा गर्ने क्रम जारी छ । यी मूल्य मान्यताहरूको अभ्यास विभिन्न समूहहरूका बीचमा मात्र होइन अपितु स्वयम् तिनीहरूभित्र पनि खास गरी जोखिमयुक्त अवस्थाका महिला, बालिकाहरू, अल्पसङ्ख्यक तथा अपाङ्ग जस्ता केही उपसमूहहरू बनाएर गर्न सकिन्छ । संवैधानिक सुनिश्चितता र कानुनी संरचनाभन्दा अगाडि बढ्नका लागि, खास गरी यस्ता विभेदकारी तत्त्वहरूलाई दैनिक जीवनबाट हटाउने लक्ष्य सहितका प्रभावकारी भूमिकाहरू आवश्यक हुन्छन् ।

***सीमित मानवीय पुँजी र आत्मविश्वास :*** जोखिमका आर्थिक, सामाजिक र राजनीतिक पक्षहरूलाई प्रभावित पार्ने यो प्रायः दोहोरिई रहने विषय हो । जीवनका सबै पक्षहरूमा राम्रो प्रगति हासिल गर्नका लागि समाजका सबै अङ्गहरूलाई शिक्षा, सीपहरू तथा आफ्नो अधिकार सम्बन्धी चेतना आवश्यक हुन्छ र यसका लागि मानवीय पुँजीले विशेष महत्त्व राख्दछ । देशको अर्थतन्त्रमा टेवा पुर्‍याउन तथा सार्थक रूपमा सहभागी हुनका लागि विशिष्ट क्षमता तथा सीपहरू हुनु पर्दछ; शासन-व्यवस्था र समाजमा सहभागी हुनका लागि तथा शासन, सामाजिक मान्यता तथा परम्पराहरूको समग्र प्रणालीभित्र आफ्नो अवस्थालाई बुझ्नका लागि शिक्षा तथा जनचेतना आवश्यक हुन्छन् । यी कुराहरूले समाजमा मानिसहरूले कसरी आफूलाई एक अर्कासित जोड्दछन् र यदि आफ्ना अधिकारहरू हनन् भएका खण्डमा कति प्रभावकारी ढङ्गले व्यक्तिले राज्यबाट सुरक्षा खोज्न सक्दछन् भन्ने कुरालाई प्रभावित पार्दछन् । कुनै पनि व्यक्तिको मानवीय पुँजी तथा आत्मविश्वासलाई समाजमा उसको कस्तो अवस्था छ भन्ने कुराले निर्धारण गर्दछ । यस सन्दर्भमा, अधिकांश वञ्चित समूहहरू अत्यन्त सीमान्तकृत अवस्थामा रहेका छन् । त्यसैले शिक्षा, चेतना र सामाजिक परिवर्तनका लागि संवाद र व्यक्तिगत सशक्तीकरणलाई बढाउने रणनीतिहरू लागु गर्दै अझ व्यवस्थित तरिकाले प्रभावकारी भूमिका खेलेर वञ्चित समूहहरूको मानवीय पुँजी एवं आत्मविश्वासलाई बढाउनु आवश्यक छ ।

***सुस्त आर्थिक वृद्धि :*** रोजगारी अथवा वैकल्पिक जीविकोपार्जनका अवसरहरूको अभाव हुनु नै जोखिमपूर्ण अवस्थालाई निम्त्याउने प्रमुख कारण हो । यस्तो अवस्था खास गरी ती समूहहरूको रहेको छ, जससित आफ्नै आर्थिक स्रोतहरू छैनन्, जस्तैः जग्गा । कृषिजन्य उत्पादनहरूको घट्दो प्रतिफल र उत्पादनमूलक क्षेत्रहरूमा रहेको स्थिरताले परम्परागत रूपमा कृषिमा आश्रित रहेका समूहहरूका साथै राम्रा अवसरका खोजीमा सहरी क्षेत्रमा बसाइँ सरेका समूहहरूलाई गम्भीर रूपमा प्रभावित पारेका छन् । युवाहरूका साथै न्यून मानवीय पुँजी भएका र ग्रामीण क्षेत्रका जनता सहितको आजको श्रम शक्तिलाई समेट्न सक्ने व्यापक तथा गतिशील अर्थतन्त्रको टड्कारो आवश्यकता रहेको छ । यस्तो अवस्था सिर्जना गर्न नसकिएको खण्डमा नेपालले आफ्नो सबभन्दा ठूलो सम्पत्तिका रूपमा रहेका जनताको पलायनलाई अझै बेहोर्नु पर्नेछ ।

***आर्थिक स्रोतहरूको असमान वितरण :*** लामो समयदेखि आर्थिक स्रोतहरूको वितरणमा असमानता कायम रहेको छ । कृषिप्रधान अवस्थामा भूमि नै परम्परागत शक्ति तथा हैसियतको प्रमुख स्रोतका रूपमा रहेकाले सुरुमा त्यो असमानता मुख्यतः भूमि वितरणसँग सम्बन्धित थियो । उत्पादनमूलक तथा सेवा उद्योगहरूको उदयसँगै आर्थिक स्रोतहरूमाथि असमान

[14] नेपालका अन्तर्राष्ट्रिय विकास साझेदारहरूले आगामी वर्षहरूमा विस्तृत शान्ति सम्झौतामा अन्तर्निहित विकासका एजेन्डाहरूलाई सिद्ध गर्नमा नेपाललाई कसरी सहयोग गर्न सकिन्छ भन्ने कुरा प्रस्ट पार्दै सन् २०११ को जनवरीमा नेपाल शान्ति तथा विकास रणनीति सन् २०१०-२०१५ आरम्भ गरे । वास्तवमा विकास साझेदारहरूले 'सहयोगको एक प्रस्ताव'का रूपमा प्रस्तुत गरेको उक्त रणनीतिले विकास सम्बन्धी लगानीहरू सुनिश्चित गर्दै विस्तृत शान्ति सम्झौतामा प्रतिबिम्बित छोटो समयका चुनौतीहरूका साथै सबै महत्त्वपूर्ण दीर्घ-कालीन सङ्क्रमण अवधिका मुद्दाहरूमा सहयोग गर्न तत्पर रहेको अवस्थालाई प्रस्तुत गर्दछ । उक्त शान्ति तथा विकास रणनीतिले निम्न आठ दीर्घकालीन विषयहरूलाई पहिचान गर्दछ : सामाजिक समावेशीकरण; कानुनको शासन; सुरक्षा क्षेत्रको रूपान्तरण; भूमि सुधार; सुशासन; समानता तथा समावेशी आर्थिक वृद्धि; राज्य पुनर्संरचना; तथा रोजगारी अभिवृद्धि ।

पहुँचको उक्त अवस्था झनै बिग्रेर गएको छ । असमान अथवा कतिपयका लागि अस्तित्वहीन आर्थिक स्रोतहरूमाथि पहुँचको अवस्थाले नेपालका थुप्रै सीमान्तकृत समूहहरूलाई व्यापक तथा नकारात्मक रूपमा प्रभावित तुल्याएको छ; गरीब र धनीबिचको खाडललाई पुर्नु साँच्चिकै चुनौतीपूर्ण छ । आर्थिक स्रोतहरूको वितरण तथा पुनर्वितरणले अत्यन्त महत्त्वपूर्ण कदमहरूलाई सुनिश्चित गर्दछ, जसले गर्दा आर्थिक रूपले पछाडि परेका जोखिमयुक्त वर्गको समस्यालाई सम्बोधन गर्न सकिन्छ ।

***तरल राजनीतिक वातावरण तथा सीमित राजनीतिक प्रतिनिधित्व :*** विभिन्न चुनौतीहरूको सामना गरिरहेका नेपालका थुप्रै जोखिमयुक्त समूहहरू यहाँको समग्र राजनीतिक सेरोफेरोबाट प्रभावित भएका छन् । पिछडिएका तथा जोखिममा परेका समूहहरूतर्फ नीति निर्माताहरूले पर्याप्त ध्यान दिन सकेका छैनन् । सशस्त्र द्वन्द्व, त्यसबाट सिर्जित सङ्क्रमणकाल तथा त्यससँग जोडिएका राजनीतिक अस्थिरताले गर्दा ती समूहका मुद्दाहरूलाई सधैँ किनारा लगाउने वातावरण उत्पन्न भएको छ । उनीहरूको प्रभावकारी सङ्गठन नहुनु र आफ्ना मागहरूका पक्षमा आवाज उठाउन नसक्दा बेलाबेलामा अवस्था अझै कठिन सिद्ध भएको छ । राजनीतिक वातावरणलाई तात्त्विक रूपमा सबै तप्काका जनतालाई समेटेर अझ प्रतिनिधिमूलक बनाउन अनि शासन तथा नीति निर्माण संयन्त्र र प्रक्रियाहरूमा सबै समूहहरूको प्रतिनिधित्वलाई बढाउन समग्र परिवर्तन आवश्यक हुन्छ ।

***विधिको शासन :*** नेपालको अन्तरिम संविधानको धारा ३३ ले मौलिक हकहरूको सम्मान, विधिको शासनमा जोड दिनुका साथै भ्रष्टाचार तथा दण्डहीनताको अन्त्यलाई राज्यका प्रमुख दायित्वका रूपमा मानेको छ । नेपाल सरकारले सन् २०१० को आफ्नो विश्वव्यापी आवधिक समीक्षा (युपिआर) मा पहिचान गरेका विषयहरूलाई अहिलेको सङ्क्रमणकालीन अवस्थामा समाधान गर्न निकै चुनौतीपूर्ण छ । उक्त विश्वव्यापी आवधिक समीक्षाले सम्बद्ध कानुनहरू, मानवअधिकार सम्बन्धी सन्धिहरू, सर्वोच्च अदालत तथा राष्ट्रिय मानवअधिकार आयोगले दिएका निर्देशन तथा सुझावहरूको अझ बढी प्रभावकारी कार्यान्वयनमा जोड दिन्छ । यसका साथै उक्त समीक्षाले सम्बन्धित संस्थाहरू तथा सुरक्षा अङ्गहरूलाई पर्याप्त स्रोतहरूसहित सुधार गर्दै बेपत्ता सम्बन्धी तथा सत्य निरूपण र मेलमिलाप आयोगहरू[15] गठन गरी विधिको शासनप्रतिको सम्मानलाई बढाउनु पर्ने आवश्यकतालाई पनि दर्साउँछ । विधिको शासनलाई संस्थागत गर्ने, दण्डहीनतालाई अन्त्य गर्नका लागि थप उपायहरू अवलम्बन गर्ने, सङ्क्रमणकालीन न्याय प्रदान गर्ने अथवा जातीय भेदभावलाई अन्त्य गर्ने जस्ता उक्त विश्वव्यापी आवधिक समीक्षामा व्यक्त भएका थुप्रै प्रतिबद्धताहरू मध्ये केही हुन् र यी सबै नागरिकका लागि महत्त्वपूर्ण छन् । यसबाहेक, पिछडिएका वर्गका अधिकारहरू कुण्ठित हुँदा, प्रायः उनीहरूसँग क्षतिपूर्ति खोज्ने ज्ञान अथवा स्रोतहरू हुँदैनन्, त्यस्तै उनीहरूले नागरिकका रूपमा आफूले पाउनु पर्ने सुरक्षा खोज्न सक्दैनन् । विधिको शासनलाई व्यापक रूपमा संस्थागत नगरिएसम्म नेपालमा विकासका एजेन्डालाई अगाडि बढाउन मुस्किल हुनेछ ।

***कमजोर संस्थागत क्षमता :*** विभिन्न समस्याको सामना गरिरहेका सीमान्तकृत समूहहरूलाई सम्बोधन गर्नका लागि राज्यले सक्रियतापूर्वक कार्य गरिरहेका क्षेत्रमा समेत, आधारभूत परिवर्तनलाई प्रभावित पार्ने उपयुक्त संस्थागत क्षमताको अभाव रहेको छ । स्वास्थ्य, शिक्षा, भूमिसुधार अथवा प्राकृतिक स्रोत लगायतका सबैजसो क्षेत्रहरूमा कानुन लागु गर्ने अथवा नीति र कार्यक्रमहरू कार्यान्वयन गर्ने अख्तियारी पाएका राज्यका निकायहरूमा मानवीय तथा आर्थिक स्रोतहरूको अभाव र कर्मचारीको व्यापक फेरबदलले गर्दा प्रायः तिनको कार्यक्षमता आवश्यक दक्षता र प्रभावकारिताभन्दा न्यून स्तरको हुन्छ । त्यसै गरी स्थानीय अङ्गहरू सामाजिक रूपमा समावेशी सेवा सम्बन्धी प्रावधानका मुख्य केन्द्र भएकाले र आर्थिक विकासका लागि सार्वजनिक सेवाहरू उत्पादन गर्नमा तिनले ठूलो योगदान पुऱ्याउन सक्ने हुनाले तिनको क्षमता, जवाफदेहिता र जागरुकतालाई अझै मजबुत तुल्याइनु पर्दछ ।

***भौगोलिक विकटता :*** भौगोलिक तथा वातावरणीय विशेषताहरूले सामाजिक-आर्थिक जोखिम तथा असमानतालाई अझै बढाएका छन् । नेपालका धेरैजसो भू-भाग भिरालो, पहाडी तथा हिमाली जमीन हुनाका साथै ती क्षेत्रहरू अत्यन्त दुर्गम रहेकाले त्यहाँ बसोबास गर्ने जनताले थुप्रै चुनौतीहरूको सामना गर्नु पर्दछ । सडक, बिजुली अथवा सञ्चारको सुविधा नहुँदा, जनता मूलधारको अर्थतन्त्र र समाजबाट अलग र सम्पर्कविहीन हुन्छन्, जसले उनीहरूका लागि महत्त्वपूर्ण सुविधा र स्रोतहरूमा पहुँच समेत मुस्किल हुन्छ । नेपालका ग्रामीण तथा विकट क्षेत्रहरूलाई सडक, पुल र सञ्चारले जोड्ने कार्यमा उल्लेख्य प्रगति भएको छ, तर भौगोलिक अवस्था अझै पनि प्रमुख चुनौतीका रूपमा रहेको छ । विडम्बनापूर्वक, ग्रामीण क्षेत्रहरूमा बसोबास गरिरहेका जनता निर्णय गर्ने केन्द्रहरूबाट निकै टाढा धकेलिएका छन्, जसले उनीहरूलाई देशको राजनीतिक जीवनमा सहभागी हुन र आफ्नो अवस्थामा सुधार गर्ने खालको परिवर्तनका पक्षमा आवाज उठाउन मुस्किल तुल्याएको छ ।

## क.२. संरास विकास सहयोग रूपरेखा निर्माणको प्रक्रिया

सन् २०११ को जुनमा संरास विकास सहयोग रूपरेखा (युएनडिएएफ) समग्र डिजाइन प्रक्रियाको नेतृत्व गर्नका लागि संरासङ्घीय टोली तथा नेपाल सरकारको एउटा संयुक्त संरास

[15] संरास, सन् २०११ । *मानवअधिकार परिषद् प्रस्ताव ५/१, नेपाल समक्ष अनुसूचीको अनुच्छेद १५(क) अनुसार प्रस्तुत गरिएको राष्ट्रिय प्रतिवेदन* । मानवअधिकार परिषद्, विश्वव्यापी आवधिक समीक्षामाथि कार्यरत समूह, दसौँ सत्र, जेनेभा, २४ जनवरी–४ फेब्रुअरी सन् २०११, A/HRC/WG.6/10/NPL/1.

विकास सहयोग रूपरेखा परिचालन समिति गठन भएको थियो । उक्त संयुक्त संरास विकास सहयोग रूपरेखा परिचालन समितिको सह-अध्यक्षता नेपालको राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा संरास आवासीय तथा मानवीय संयोजकद्वारा गरिएको थियो । सन् २०११ को सेप्टेम्बरमा एक तीन दिवसीय रणनीतिक प्राथमिकता निर्धारण शिविर (एसपिआर) सम्पन्न भएको थियो जसले संरास विकास सहयोग रूपरेखाको दृष्टिकोण, प्राथमिकताका मुख्य क्षेत्रहरू तथा आपसमा अन्तरसम्बन्धित सवालहरू (क्रस कटिङ इस्युज) निर्माण गऱ्यो । नेपाल सरकारका विभागीय मन्त्रालयहरू, राष्ट्रिय योजना आयोगका सदस्यहरू, नागरिक समाजका प्रतिनिधि तथा दातृ निकायका साझेदारहरूको सहभागिता रहेको उक्त शिविरले संरास विकास सहयोग रूपरेखाका आठ वटा व्यापक प्रतिफलका क्षेत्रहरू (पछि तिनलाई १० प्रतिफलका घोषणा अन्तर्गत पुनर्योजन गरियो) पहिचान गऱ्यो । उक्त शिविरपछि, संरास विकास सहयोग रूपरेखा परिचालन समितिको एक बैठकले सबै आठ प्रतिफलका क्षेत्रहरूलाई अनुमोदन गऱ्यो र प्रतिफलहरूको लिखित विवरण तयार गर्न र ती क्षेत्र अन्तर्गतका उपज (आउटपुट) निर्माण गर्न सहमत भयो ।

सन् २०११ को डिसेम्बरसम्म संरासङ्घीय टोलीले संरास विकास सहयोग रूपरेखाको पहिलो पूर्ण मस्यौदा तयार पारेको थियो । संरास विकास सहयोग रूपरेखा परिचालन समितिले डिसेम्बरको अन्त्यमा उक्त पहिलो मस्यौदामाथि छलफल गऱ्यो र समग्र विधि तथा प्रतिफलहरूको विस्तृत विवरणहरूप्रति आफ्नो सहमति जनायो । उक्त परिचालन समितिले नेपाल सरकार पक्षका सह-संयोजकलाई सबै घोषित प्रतिफल तथा सम्बन्धित उपज (आउटपुट)हरूलाई अन्तिम रूप दिनुका साथै विवरणका सम्बन्धमा प्रतिक्रिया दिने जिम्मेवारी सुम्पियो । सन् २०१२ को मार्चमा नेपाल सरकारका सह-संयोजकहरूले[16] प्रत्येक प्रतिफलमा आधारित भएर बैठक बोलाए । यी बैठकहरूबाट प्राप्त सुझावहरूलाई समावेस गरेर संरासङ्घीय टोलीले दोस्रो पूर्ण मस्यौदा तयार पाऱ्यो, त्यसलाई सन् २०१२ को मार्चमा संरास विकास सहयोग रूपरेखा परिचालन समितिको संयुक्त बैठकमा छलफल गरियो । उक्त बैठकमा, संयुक्त रूपमा संरास तथा नेपाल सरकारबीच ती घोषणाहरूमा सहमति भयो र संरास विकास सहयोग रूपरेखालाई अन्तिम रूप दिनका लागि नेपाल सरकारबाट आखिरी लिखित प्रतिक्रियाहरू माग गर्न र समायोजन गर्न राष्ट्रिय योजना आयोग सहमत भयो ।

राष्ट्रिय योजना आयोगबाट प्राप्त आखिरी लिखित सुझावहरूका आधारमा, संरासङ्घीय टोलीले सन् २०१२ को जुनमा एउटा अन्तिम मस्यौदा तयार पाऱ्यो, त्यसलाई संयुक्त संरास विकास सहयोग रूपरेखा परिचालन समिति समक्ष स्वीकृतिका लागि प्रस्तुत गरियो र सो बैठकका दौरानमा थप सुझावहरू सङ्कलन गरिए । संरास विकास सहयोग रूपरेखालाई अन्तिम रूप दिनका लागि संरासङ्घीय टोलीलाई थप मार्गदर्शन उपलब्ध गराउनका लागि कानुन तथा न्याय मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोगका पदाधिकारीहरू सहितको एक समिति गठन गरियो । संराससँग भएको एक बैठक समेत उक्त समितिका शृङ्खलाबद्ध बैठकहरू तथा नेपाल सरकारबाट प्राप्त थप सुझावहरूलाई समेत समेटेर अगस्टमा संरास तथा नेपाल सरकारद्वारा संयुक्त रूपमा संरास विकास सहयोग रूपरेखालाई अन्तिम रूप दिइयो ।

[16] नेपाल सरकार सह-संयोजक रहेका र सो निकाय जिम्मेवार रहेका प्रतिफल यस प्रकार छन् : राष्ट्रिय योजना आयोग – आधारभूत सेवाहरू तथा आर्थिक वृद्धिसँग सम्बन्धित प्रतिफलहरू; प्रधानमन्त्रीको कार्यालय – भेदभाव अन्त्य गर्ने, लोकतान्त्रिक संस्थाहरू तथा जोखिम व्यवस्थापनमा सहयोग गर्ने कुरासँग सम्बन्धित प्रतिफलहरू; कानुन तथा न्याय मन्त्रालय – कानुन सुधार तथा कानुनको शासनसँग सम्बन्धित प्रतिफलहरू; शान्ति तथा पुनर्निर्माण मन्त्रालय – शान्ति सहयोगसँग सम्बन्धित प्रतिफलहरू; र अर्थ मन्त्रालय – नेपाललाई अन्तर्राष्ट्रिय प्रणालीसँग जोड्ने सम्बन्धी प्रतिफल ।

## क.३. सिद्धान्त र आधारभूत रणनीतिहरूको तर्जुमा

संसारभरि नै संरासङ्घीय टोलीहरू निम्न कार्यक्रम सम्बन्धी सिद्धान्तहरूबाट निर्देशित हुन्छन् : मानवअधिकार, लैङ्गिक समानता, वातावरणीय दिगोपन, क्षमता विकास, र परिणाममुखी व्यवस्थापन ।

***लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मानवअधिकार :***
'राष्ट्रिय विश्लेषण' तथा 'संरास विकास सहयोग रूपरेखा' दुवै निश्चय पनि अधिकारवादी अवधारणा अनुसार तयार पारिएका छन् र यिनले समतामूलक अवधारणालाई पछ्याउँछन् । यी अवधारणाहरूले विकासका नीति तथा प्रक्रियाहरूलाई अधिकार र तदनुरूपका उत्तरदायित्वहरूको एउटा प्रणालीमा बाँध्दछन् । तिनबाट विकास कार्यको स्थायित्वमा मात्र होइन, बरु जनतालाई नीति तर्जुमा कार्यमा सहभागी हुनका लागि सशक्त तुल्याउन र जिम्मेवारी बहन गर्नेहरूलाई उत्तरदायी बनाइराख्नुका साथै उपलब्ध स्रोतहरूको निष्पक्ष र अझ समान वितरणलाई सुनिश्चित गर्न पनि योगदान पुऱ्याउँछन् । सन् २०१० को अप्रिलमा नेपाल स्थित संरासङ्घीय टोलीले लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मानवअधिकार सम्बन्धी परस्परसम्बन्धित रूपरेखा तथा कार्यक्रम निर्माण संयन्त्रलाई अनुमोदन गऱ्यो । यस रूपरेखाले मानवअधिकार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई कहिलेकाहीँ छुट्टा छुट्टै मुद्दा मानिने भए पनि वास्तवमा ती अन्तर्सम्बन्धित र परस्पर गाँसिएका छन् भन्ने कुरा पहिचान गऱ्यो । नेपालमा विकसित हुँदै गरेको पछिल्लो अवस्थाले मानवअधिकार, लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न क्षेत्रबीचको अन्तर्निर्भरतालाई सम्बोधन गर्ने साझा अवधारणाको रूपरेखा तथा विभिन्न सक्रिय कार्यकर्ता र पहलहरूका बीचमा तालमेल हुनु आवश्यक रहेको कुरालाई जोड दिँदै सो अन्तर्निर्भरतालाई सठीक रूपमा दर्साउँछ । संरासङ्घीय टोलीले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, अपाङ्गता सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९ तथा आदिवासी जनताका अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणा जस्ता अन्तर्राष्ट्रिय संयन्त्रहरू स्वतन्त्र संरचनाको अवधारणामा विकास गरिएका हुन्, जसले क्रमशः महिला, अपाङ्ग, अथवा आदिवासी जनताले सामना गर्नु परेका सबै वा अधिकांश विभेदहरूलाई सम्बोधन गर्न सक्दछन् भन्ने कुरालाई मान्यता दियो । यसले यी संयन्त्रहरूको कार्यान्वयन प्रक्रिया गतिशील छ र जुन समस्यालाई सम्बोधन गर्नका लागि यी संयन्त्रहरू निर्माण गरिएका हुन्, स्वयम् तिनको समाधान गर्ने चुनौतीहरूलाई सामना गर्ने क्रममा नै यो विकसित हुँदै जान्छ भन्ने कुरालाई समेत मान्यता दियो । संरासङ्घीय टोलीले परस्पर अन्तर्सम्बन्धको यो संयन्त्रलाई अवलम्बन गरेको छ र यसले यसलाई विभिन्न अन्तर्सम्बन्धित दृष्टिकोणहरुबाट विश्लेषण गरेको छ जसले गर्दा बेफाइदाका अनेक पक्षहरू उजागर भएका छन् । यस्तो विधिले पहिचान गर्नु पर्ने समस्याको पूर्ण निदान गर्न मदत गर्दछ र परिभाषाबाट नै बहुपक्षीय प्रतिक्रियालाई जनाउँछ । सो परस्पर-अन्तर्सम्बन्धित संयन्त्रलाई राष्ट्रिय विश्लेषणमा तथा संरास विकास सहयोग रूपरेखा निर्माणमा पनि उपयोग गरिएको थियो र संरास विकास सहयोग रूपरेखा कार्यान्वयन अवधिभर यसलाई अवलम्बन गरिनेछ ।

***वातावरणीय दिगोपन तथा जलवायु परिवर्तन :*** नेपालको जनसङ्ख्या प्रचुर मात्रामा वातावरण तथा यसका प्राकृतिक स्रोतहरूमाथि निर्भर छ । जलवायु परिवर्तनले गरीबी घटाउने तथा आर्थिक समृद्धि बढाउने प्रमुख लक्ष्यहरूलाई खतरामा पारिदिन्छ । यी कुराहरूले सबै जनताको जीवनलाई प्रभावित पार्ने भए पनि, गरीब तथा सबभन्दा बढी जोखिममा रहेकाहरूले यसको सबभन्दा बढी असर सहनु पर्दछ । अस्वस्थ विकासपथको एउटा अनिच्छित उपजका रूपमा उत्पन्न जलवायु परिवर्तनले, हाल स्वास्थ्य, पूर्वाधार, शिक्षा, खाद्य सुरक्षा र विपद् जोखिम न्यूनीकरण समेत बहुपक्षीय विकासका प्रमुख क्षेत्रहरूमा खतरा

पैदा गरेको छ । संरास विकास सहयोग रूपरेखा तयारी प्रक्रियाले जलवायु परिवर्तनलाई केवल एउटा वातावरणीय विषय मात्र नमानी विकासका प्रतिफलहरूलाई छिन्नभिन्न पार्न सक्ने बिषयका रुपमा समेत लिएको छ । संरासङ्घीय निकायहरूले चरम मौसमी घटनाहरू र हावापानीको परिवर्तनशील प्रभावले हुने बाढी, खडेरी र पहिरोको जोखिमयुक्त क्षेत्रहरूमा वातावरण-मैत्री योजना तथा स्थानीय निकाय केन्द्रित आकस्मिक योजना कार्यान्वयनमा सहयोग पुऱ्याउन सक्छन् र नेपाल सरकारले पूर्वानुमान गरेका खतराहरूलाई घटाएर संयुक्त रूपमा विकासका प्रयासहरूलाई तीव्र पार्न सक्दछन् । यसबाहेक, जलवायु परिवर्तनसँग सम्बन्धित विश्वव्यापी पहलहरूले आधारभूत ऊर्जा सम्बन्धी सुविधाहरूलाई सुदृढ गर्न र अनुकूल हुने क्षमता विकास गर्नुका साथै ती सँगसँगै हरितगृह ग्याँसहरूलाई घटाउन सघाउ पुऱ्याउनका लागि महत्त्वपूर्ण तथा दीर्घकालीन लगानीमा पहुँचका अवसरहरू उपलब्ध गराउँछन् । जलवायु परिवर्तनको असरलाई घटाउनका लागि संरास तथा नेपाल सरकारले संयुक्त रूपमा लगानीको पहुँच बढाउन मदत गर्नुका साथै आवश्यक कार्यक्रमहरू कार्यान्वयन गर्न सक्दछन् ।

***क्षमता विकास :*** सहस्राब्दी विकास लक्ष्यहरू समेत, विकासका लक्ष्यहरू हासिल गर्नका लागि क्षमता विकास तथा राष्ट्रिय रणनीतिहरूको स्वामित्व हुन अत्यावश्यक छ । क्षमता व्यक्तिभित्रका साथै सङ्गठनहरूका तहमा र सबल तुल्याउने वातावरणभित्र पनि रहेको हुन्छ; यी विभिन्न स्तरहरूबाटै एउटा एकीकृत प्रणाली निर्माण हुन्छ । यस राष्ट्रिय विश्लेषणले व्यक्तिगत स्तरमा क्षमताको अभावलाई सबै जोखिमयुक्त समूहहरूका लागि मूलभूत चुनौतीका रूपमा स्पष्टसँग दर्साउँछ । यसले संस्थागत क्षमताको अभावलाई आधारभूत परिवर्तनलाई प्रभावित पार्ने अर्को अवरोधका रूपमा औँल्याउँछ । अझै अगाडि यसले अपेक्षित सक्षम तुल्याउने वातावरणका तत्त्वहरूको पहिचान गर्दछ, जसले जोखिममा रहेका समूहहरूलाई प्रभावित पार्दछ– अर्थात्, त्यस्तो व्यापक प्रणाली जसभित्र व्यक्ति र सङ्गठनहरूले कार्य गर्दछन् र त्यसले उनीहरूको अस्तित्व र कार्यसम्पादनमा बाधा नभई सघाउ पुऱ्याउँछ– विभेद तथा असमावेशीकरण जस्ता सवालहरू, यस्तो व्यापक वातावरणका अंश हुन् । अतः संरास विकास सहयोग रूपरेखाले उक्त प्रणालीका सबै तहहरूको क्षमता विकासका लागि कार्य गर्दछ । व्यक्तिगत स्तरमा, संरास विकास सहयोग रूपरेखाले अधिकारको दाबी गर्नेहरू तथा तिनको कार्यान्वयन गर्ने उत्तरदायित्व बोकेकाहरू समेत दुवैथरी जनतालाई विविध सीप, दक्षता, अनुभव र चेतना प्रदान गर्ने लक्ष्य राख्दछ । संस्थागत क्षमता विकासले, सबभन्दा जोखिमयुक्त समूहहरू समेतका सङ्गठनहरूलाई गुणस्तरीय सार्वजनिक सेवाहरू प्रदान गर्ने आफ्नो आख्तियारीप्रति प्रतिबद्ध रहन लगाउने नीति, कार्यविधिहरू तथा संरचनाहरूसँग सम्बन्धित विषयहरूलाई सम्बोधन गर्दछ । संरास विकास सहयोग रूपरेखाले कानुन सम्बन्धी कार्य, शक्ति सम्बन्धहरू तथा सामाजिक आचरणमा परिवर्तन मार्फत सबलीकरणको वातावरणलाई बढावा दिने क्षेत्रमा समेत कार्य गर्दछ । केही उल्लेख्य अपवादहरू बाहेक, संरास विकास सहयोग रूपरेखाको समग्र ध्यान तल्लो तहमा सेवा-प्रदान गर्ने किसिमको भूमिकामा भन्दा पनि प्रणालीगत तहको प्रभावकारी भूमिकामा केन्द्रित छ ।

माथि उल्लिखित विश्वव्यापी कार्ययोजना सिद्धान्तहरू बाहेक संरास विकास सहयोग रूपरेखा सन् (२०१३–२०१७) निम्न आधारभूत रणनीतिहरूमा पनि लागू हुनेछ :

***विभेदलाई सम्बोधन गर्ने :*** उक्त राष्ट्रिय विश्लेषणले नेपालमा जोखिमका मूल कारणहरूमध्ये विभेदलाई सामान्यतः सर्वव्यापी कारणहरूमध्ये एकका रूपमा पहिचान गऱ्यो । विगतमा विभेदलाई सम्बोधन गर्ने अधिकांश प्रयासहरू, मूलप्रवाहीकरणको शैलीमा भएका छन् । यद्यपि, नेपालमा यस विषयले गहिरो जरा गाडेको अवस्थाले नै अझ बढी प्रत्यक्ष विधि अपनाउनु पर्ने आवश्यकतालाई दर्साउँछ । त्यसकारण, संरास विकास सहयोग रूपरेखाका प्रतिफलहरू मध्ये एकले जोखिममा परेका समूहहरूका हकमा व्यापक आत्मविश्वास, सम्मान तथा गौरवको आवश्यकता रहेको विषयलाई बृहत् रूपमा सम्बोधन गर्ने लक्ष्य राख्दछ । उक्त प्रतिफल हासिल गर्नका लागि एउटा पाँच-बुँदे रणनीति कार्यान्वयन गरिनेछ, जुन यस प्रकार छ : (i) जोखिमयुक्त समूहहरूको आत्मविश्वास, सम्मान र गौरवलाई बढाउनका लागि ती समूहहरू स्वयम् तथा तिनीहरूमाथि भेदभाव गर्नेहरूसित मिलेर कार्य गर्ने; (ii) विभेदलाई बढावा दिने वातावरणीय अवरोधहरूलाई कम गर्ने; (iii) जोखिममा परेकाहरूको अझ प्रभावकारी प्रतिनिधित्वलाई समर्थन तथा प्रोत्साहन गर्ने जसले गर्दा उनीहरू निर्णायक प्रक्रियाहरूमा सार्थक रूपमा सहभागी हुन सकुन्; (iv) विभेदसँग जुध्नका लागि सामाजिक सञ्जालहरूलाई उपयोग गर्ने; (v) नीति तथा कानुनी सुधारको समर्थन गर्ने ।

***भौगोलिक मिलनबिन्दु तथा लक्ष्यनिर्धारणलाई प्राथमिकता :*** उपराष्ट्रिय तहहरूमा सेवा प्रदायक प्रणालीहरूलाई सुधार गर्ने प्रभावकारी भूमिकायुक्त कार्यक्रमहरू राष्ट्रिय विश्लेषणमा पहिचान गरिए अनुसारका सबभन्दा वञ्चित भौगोलिक क्षेत्रहरूलाई लक्षित गर्नेतर्फ केन्द्रित हुनेछन् । सहस्राब्दी विकास लक्ष्यमा आधारित मापदण्डहरूमा न्यून कार्यसम्पादन तथा स्थानीय सरकारको क्षमतालाई दर्साउने सम्मिश्रित सूचकाङ्क (कम्पोजिट इन्डेक्स) विश्लेषणका आधारमा राष्ट्रिय विश्लेषण गरिएको थियो जसमा भौगोलिक मिलनबिन्दुका प्राथमिकतापूर्ण क्षेत्रहरू (२३ जिल्ला मिलेर बनेका दुई भौगोगिक समूहहरू) पहिचान गरिएका थिए (तल दिइएको नक्सा हेर्नुहोस्) । कार्यक्रमका आधारहरूलाई प्रतिबिम्बित गर्ने सन्दर्भमा, लक्षित रणनीति पर्याप्त मात्रामा लचिलो हुनेछ, किनभने संरास प्रणालीका प्रभावकारी भूमिकाहरू देशमा

विकसित आवश्यकताहरू तथा प्राथमिकताहरूका आधारमा निर्देशित हुनु आवश्यक छ । त्यति हुँदा हुँदै पनि, यसले संरासङ्घीय टोलीलाई सम्भव भएसम्म आफ्नो प्रभावकारी भूमिकालाई रणनीतिक रूपमा लक्षित गर्नका लागि एउटा स्पष्ट र केन्द्रीकृत उपाय उपलब्ध गराउँछ र संयुक्त संरासका पहलहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका अवसरहरूलाई बढाउँछ ।

***परस्परको अन्तर्सम्बन्ध, विस्तार तथा क्रियाशीलताका आधारमा निर्माण :*** राष्ट्रिय विश्लेषणले सामाजिक असमावेशीकरण– लिङ्ग, जाति, जनजाति, वर्ग, लैङ्गिक झुकाव, अपाङ्गता, उमेर अथवा भौगोलिक अवस्थिति आदि जुनसुकै आधारमा हुने असमानता र विभेदको कारण तथा परिणाम दुवै हो भन्ने कुरालाई उजागर गऱ्यो । विभेदका यी स्वरूपहरूमध्ये हरेकलाई विभिन्न सिद्धान्तहरू तथा मान्यताका संरचनाहरूद्वारा प्रबल तुल्याइएको छ, जसले यथास्थितिलाई कायम गरिराख्छ । शक्ति तथा प्रतिष्ठाका व्यवस्थित संरचनाहरू सामाजिक, आर्थिक र राजनीतिक संस्थाहरू मार्फत सबल तुल्याइन्छन्, जसबाट अरू जोखिमयुक्त समूहहरूले आर्थिक, राजनीतिक तथा नागरिक/सामाजिक/सांस्कृतिक समेतका जोखिमहरूको निरन्तर अनुभव गर्दछन् । असमावेशीकरणको चक्रबाट निस्कनु निकै चुनौतीपूर्ण छ । यस्तो जटिल अवस्थाको प्रतिक्रियामा संरास विकास सहयोग रूपरेखाले समग्रमा असमावेशीकरणका भिन्दाभिन्दै तर आपसमा जेलिएका कारण तथा तत्त्वहरूलाई सम्बोधन गर्दछ; त्यसकारण एक क्षेत्रको परिणामले अर्को क्षेत्रको परिणामलाई प्रवर्धन गर्नुका साथै क्रियाशील तुल्याउनेछ । वञ्चित समूहहरूद्वारा सहभागिताको अनुपात तथा सारमा गरेको तहगत सुधारले हालको गतिरोधलाई निमिटचान्न पार्न सहयोग गर्नेछ र प्रगतिको वेगलाई सहस्राब्दी विकास लक्ष्यहरूतर्फ मोड्नेछ । बढीभन्दा बढी समावेशीपूर्ण शासन मार्फत सहकार्यपूर्ण नेतृत्व र संवादका लागि बाटो खुलेपछि, परिवर्तित सामाजिक प्रवृत्तिले जोखिममा परेका समूहहरूलाई ती ठाउँहरू ओगट्ने कार्यमा बढी सक्रिय हुन सक्षम तुल्याउनेछन् र तिनको अवस्था सुधार गर्ने नीति र कार्यक्रमहरूका पक्षमा आवाज उठाउनेछन् । द्वन्द्वलाई रोक्ने, शान्ति स्थापना गर्ने र जलवायु परिवर्तनको जोखिमबाट समुदायहरूको रक्षा गर्ने कार्यले अन्य प्रतिफलहरूमा भएका सुधारलाई समेत सुरक्षित गर्नेछ ।

***कुनै-हानि-नगरौं (डु नो हार्म) भन्ने भाव तथा द्वन्द्व संवेदनशीलताको मूलप्रवाहीकरण :*** संरास विकास सहयोग रूपरेखाको निर्माणका क्रममा विश्लेषण तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गर्दा द्वन्द्वप्रति संवेदनशील दृष्टिकोणलाई अपनाइएको थियो । यो संरास विकास सहयोग रूपरेखा कार्यान्वयनको अवधिभरि एउटा मुख्य सिद्धान्तका रूपमा रहनेछ । संरास विकास सहयोग रूपरेखाको कार्यान्वयन अवधि सुरु हुनुभन्दा अगाडि सन् २०१२ को दोस्रो खण्डमा क्षेत्रगत सन्दर्भ विश्लेषण गरिनेछ । कार्यान्वयनको अवधिमा, संरासङ्घीय टोलीभित्र पालैपालो **कुनै-हानि-नगरौं** तालिमका साथै लक्षित प्राविधिक सहयोग मार्फत द्वन्द्व-संवेदनशीलतालाई मूलप्रवाहीकरण गरिनेछ । राष्ट्रिय सहकर्मीहरूलाई पनि क्षमता विकास तथा प्राविधिक सहयोग मार्फत संरास विकास सहयोग रूपरेखा कार्यान्वयन अवधिभर कुनै-हानि-नगरौं सम्बन्धी सहयोग उपलब्ध गराइनेछ ।

***विकासका लागि संस्कृतिको प्रवर्द्धन :*** परिवर्तनको गतिशील शक्तिका रूपमा मानिने संस्कृति मानव विकासको अत्यावश्यक तत्त्व हो । यो व्यक्ति तथा समुदायहरूका लागि पहिचान, नयाँ परिवर्तन तथा सिर्जनशीलताको एउटा स्रोत हुनुका साथै समावेशीकरण, मेलमिलाप तथा सहचार्यको एउटा औजार पनि हो । संस्कृति-केन्द्रित उद्योगहरू, पर्यटन, पुरातत्त्व संरक्षण तथा स्थानीय परम्परागत ज्ञान, आधुनिकताको उर्लंदो वेगद्वारा परम्परागत रूपमा पछाडि परेकाहरूका लागि रोजगारी सिर्जना तथा आयआर्जनका लागि शक्तिशाली आर्थिक स्रोतहरू हुन् । यसबाहेक, तीव्र रूपमा भूमण्डलीकरणमा प्रवेश गरिरहेको नेपालमा सांस्कृतिक पहिचानका रूपमा विकसित भइरहेको भूमिकालाई जोखिमयुक्त समूहहरू आपसमै तथा ती समूह र समाजका बीचमा संवादका लागि सकारात्मक छलाडको मञ्चका रूपमा पनि उपयोग गर्न सकिन्छ ।

## राष्ट्रिय विश्लेषण सन् २०११ ले पहिचान गरे अनुसार नेपालका सबभन्दा जोखिममा रहेका २३ जिल्लाहरू




Transition Support Strategy
RC/HC Office, Nepal

**नेपाल संयुक्त राष्ट्र सङ्घ राष्ट्रिय टोली को सेवा**

नक्साको नाम : यौगिक सूचकाङ्क परिसूचकह २०१२२०११
गलाइद नं :
निर्माण मिती : २० डिसेमवर २०११
प्रकाशक : संयुक्त राष्ट्र सङ्घ आवासीय तथा मानवीय संयोजकको कार्यालय

वेभसाइत : http://www.un.org.np
प्रोजेक्सन : यु.टि.एम डब्लु.जि.एस८४
नक्साको स्रोत : जि.आई.एस.टी, ई.एस.आर.आई
सं. रा. राष्ट्रिय टोली राष्ट्रिय विश्लेषण प्रतिवेदन

०   N   १०० Km

**प्रतिदावी :**
नक्सामा देखाइएका प्रशासनिक सिमाना र नामहरु संयुक्त राष्ट्र सङ्घ द्वारा मान्यता प्राप्त या आधिकारीक नभएको जनकारी गराइन्छ ।

## क.४ संरास विकास सहयोग रूपरेखाको संरचना

संरास विकास सहयोग रूपरेखाका १० वटा व्यापक प्रतिफलहरू यस प्रकार रहेका छन् :

१. आधारभूत अत्यावश्यक सामाजिक सुविधाहरू तथा कार्यक्रमहरूमा जोखिममा परेका तथा लाभबाट बञ्चित समूहहरूले न्यायोचित ढङ्गले सहज पहुँच प्राप्त गर्नेछन् ।

२. जोखिमयुक्त समूहहरूलाई आर्थिक अवसरहरूमा सजिलै पहुँच र पर्याप्त सामाजिक सुरक्षा प्राप्त हुनेछ ।

३. जोखिममा परेका समूहहरूले पूर्ण आत्मविश्वास, सम्मान तथा गौरवको अनुभव गर्नेछन् ।

४. जोखिमयुक्त समूहहरूले कानुनी तथा नीतिगत संरचनाहरूको सुधारबाट फाइदा पाउँनेछन्, र सुरक्षा तथा विधिको शासन सम्बन्धी संस्थाहरूबाट सुलभ रूपमा सेवा प्राप्त गर्नेछन् ।

५. लोकतान्त्रिक शासनका संस्थाहरू, प्रणालीहरू तथा प्रक्रियाहरू बढी जवाफदेही, प्रभावकारी, सक्षम तथा समावेशी हुनेछन् ।

६. नयाँ सङ्घीय संविधानका प्रावधानहरू पुरा गर्नका लागि सरकारका विभिन्न तहहरू स्थापित तथा क्रियाशील हुनेछन् ।

७. जलवायु परिवर्तन तथा विपद्को जोखिमयुक्त क्षेत्रहरूमा बसोबास गर्ने जनताले त्यस क्षेत्रमा सुधार गरिएको जोखिम व्यवस्थापनमाबाट लाभ प्राप्त गर्नेछन् र विपत्तिबाट हुने आघात सामना गर्न बढी तयार हुनेछन् ।

८. राष्ट्रिय संस्थाहरूले द्वन्द्वसँग सम्बन्धित मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन तथा द्वन्द्व-पश्चात् पीडितहरूका आवश्यकतालाई पर्याप्त मात्रामा सम्बोधन गर्नेछन् ।

९. राष्ट्रिय कर्ता तथा संस्थाहरूले द्वन्द्वको जोखिमलाई व्यवस्थापन गरेर अग्रगामी रूपमा शान्ति सुव्यवस्थालाई सुदृढ गर्नेछन् ।

१०. नेपालका संस्थाहरू देशको नीति र अर्थतन्त्रलाई अन्तरसरकारी आर्थिक तथा मानक प्रक्रियाहरू र अन्तर्राष्ट्रिय नीति तथा विधिको शासनसँग अझ प्रभावकारी रूपमा समायोजन गर्न बढी सक्षम हुनेछन् ।

यी प्रतिफलहरू नेपाल सरकारका हालका प्राथमिकताहरूका साथै इस्तानबुल कार्ययोजना (आइपिओए)मा पहिचान गरिएका प्राथमिकताहरूसँग मेल खान्छन् । त्रिवर्षीय योजनाका सात प्राथमिकतापूर्ण क्षेत्रहरू यसप्रकार छन् : (i) सामाजिक तथा भौतिक पूर्वाधार; (ii) रोजगारी सिर्जना, कृषि, पर्यटन, उद्योग तथा व्यापार; (iii) वञ्चित समुदायहरू, क्षेत्रहरू तथा लिङ्ग; (iv) गुणस्तरीय अत्यावश्यक सुविधाहरू; (v) सुशासन; (vi) जलवायु परिवर्तन र वातावरण; र (vii) जनतालाई राहत । सहस्राब्दी विकास लक्ष्यहरू हासिल गर्ने, मानवअधिकार र लैङ्गिक समानता त्रिवर्षीय योजनाहरूलाई पनि छुँदै अगाडि बढ्ने सिद्धान्तहरू हुन् । नेपालको विकासका लागि यी प्रमुख मुद्दाहरू भएकाले नेपाल सरकारको अर्को रणनीतिक योजनामा समेत यी प्राथमिकताहरू पर्नेछन् भन्ने अनुमान गर्नु तर्कसङ्गत नै हुनेछ । संरास विकास सहयोग रूपरेखाका प्रतिफलहरू त्रिवर्षीय योजनासँग मेल खान्छन् र यिनले रोजगारी-केन्द्रित, समावेशी तथा समतामूलक आर्थिक वृद्धि हासिल गर्ने त्रिवर्षीय योजनाको समग्र उद्देश्यमा मदत पुऱ्याउनेछन् । प्रतिफल १ ले अत्यावश्यक सेवाहरूको उपलब्धता तथा नियमितता सुनिश्चित गर्ने सन्दर्भमा तथा मानवीय र सामाजिक विकास सम्बन्धी इस्तानबुल कार्ययोजनाका प्राथमिकताहरू हासिल गर्न योगदान दिनेछ । प्रतिफल २ ले कृषि, पर्यटन, उद्योग र व्यापार समेतका प्राथमिकतापूर्ण क्षेत्रहरूमा प्रभावकारी कार्यक्रमहरू मार्फत रोजगारी सिर्जना तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न मदत पुऱ्याउनेछ, र यो उत्पादनशील क्षमताका साथसाथै कृषि, खाद्य सुरक्षा र ग्रामीण विकास एवम् विप्रेषण (रेमिटेन्स) इत्यादि मार्फत स्रोतहरूको परिचालनका साथै प्रत्यक्ष वैदेशिक लगानी-मैत्री वातावरण सिर्जना गर्ने इस्तानबुल कार्ययोजनाका प्राथमिकताहरूसँग मेल खान्छ । प्रतिफल ३ ले सामाजिक असमावेशीकरण तथा क्षेत्रीय असन्तुलनलाई हटाउनका लागि वञ्चित समुदायहरू, क्षेत्रहरू तथा लिङगलाई सबै संरचनाहरू, क्षेत्रहरू तथा प्रक्रियाहरूमा समावेशीकरणलाई प्रवर्द्धन गर्ने सम्बन्धी त्रिवर्षीय योजनाका प्राथमिकताहरूलाई मदत गर्नेछ र यो मानवीय तथा सामाजिक सुरक्षामा पनि, खासगरी समानता र सशक्तीकरणसँग सम्बन्धित इस्तानबुल कार्ययोजनाको प्राथमिकताका निश्चित पक्षहरूसँग मेल खान्छ । प्रतिफल ४ अन्तर्गतको संरास सहयोगले त्रिवर्षीय योजनाको प्राथमिकताका सबै क्षेत्रहरूलाई छुन्छ । प्रतिफल ५ र ६, सबै तहहरूमा सुशासनलाई प्रवर्द्धन गर्ने सम्बन्धी त्रिवर्षीय योजना र इस्तानबुल कार्ययोजनाका प्राथमिकताहरूसँग मेल खान्छन्, भने प्रतिफल ७, जलवायु परिवर्तन र वातावरणका क्षेत्रमा त्रिवर्षीय योजनाका लक्ष्यहरूसँग र बहु-सङ्कटहरू तथा अन्य आइपर्ने चुनौतीहरूलाई सामना गर्ने सम्बन्धी इस्तानबुल कार्ययोजनाका प्राथमिकतासँग मेल खान्छ । प्रतिफलहरू ८ र ९ ले जनतालाई राहत प्रदान गर्ने, सङ्क्रमणकालको व्यवस्थापन गर्ने तथा

स्थायी शान्ति कायम गर्नेतर्फ लक्षित नेपाल सरकारका उच्च-प्राथमिकतायुक्त परियोजनाहरूमा मदत पुऱ्याउनेछन् । अन्त्यमा, प्रतिफल १० विश्वव्यापी सन्दर्भमा अल्प विकसित देशहरूको प्रभावकारी सहभागिता, आवाजको सुनुवाइ तथा प्रतिनिधित्वको आवश्यकता सम्बन्धी इस्तानबुल कार्ययोजनाको सिद्धान्तमा आधारित छ । अझ स्पष्टसँग भन्नुपर्दा, यसले औद्योगिक विकास, व्यापार, जलवायु परिवर्तनमा लगानी तथा प्रभावकारी सहयोग-अनुदान व्यवस्थापन समेत त्रिवर्षीय योजनाका विभिन्न प्राथमिकतायुक्त क्षेत्रहरूमा योगदान पुऱ्याउनेछ भने व्यापार तथा विकासका लागि आर्थिक स्रोतहरूलाई परिचालन गर्ने सम्बन्धी इस्तानबुल कार्ययोजनाका प्राथमिकता क्षेत्रमा योगदान पुऱ्याउनेछ । धेरैजसो प्रतिफलहरू तथा खास गरी तिनीहरूका बीचमा देखिने अन्तर्सम्बन्धहरू, सबै तहहरूमा निष्पक्षतामा जोड दिँदै शान्ति र सुरक्षा, विकास र मानवअधिकारप्रति एउटा एकीकृत दृष्टिकोण प्रदान गर्ने आवश्यकता सम्बन्धी इस्तानबुल कार्ययोजनाका सिद्धान्तहरूमा आधारित छन् ।

## क.५. संरास विकास सहयोग रूपरेखाका परिणामहरू

संरास विकास सहयोग रूपरेखाका परिणामहरूको म्याट्रिक्स सन् २०१३-सन् २०१७ अनुसूची–१ मा उपलब्ध छ । राष्ट्रिय विश्लेषण झैँ संरास विकास सहयोग रूपरेखाका प्रतिफलहरू पनि जनतामा लक्षित छन्, खास गरी अधिकारको दाबीकर्ताहरू (जस्तै : जोखिममा परेका समूह जस्ता अधिकारवाला) र उत्तरदायीहरू (निजामति सेवा अथवा स्थानीय सरकारी निकायका सदस्य जस्ता कर्तव्यपालकहरु) मा ती लक्षित छन् । प्रतिफलहरूलाई त्यस्तो भाषामा उल्लेख गरिएको छ, जसले कुनै पनि परिवर्तनलाई, मुख्यत: जोखिममा परेका समूहहरूको पक्षबाट वर्णन गर्दछ; तथापि कहिलेकाहीँ यसले परिवर्तनलाई जिम्मेवारी बहन गर्नेहरूका पक्षबाट पनि वर्णन गर्दछ र ती दुवैले परस्पर मिलेर सन् २०१७ सम्ममा राष्ट्रिय प्राथमिकताहरू तथा सहस्राब्दी विकास लक्ष्यहरू हासिल गर्नका लागि योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । परिणाम-मेट्रिक्समा सङ्केत गरिए झैँ, प्रतिफलहरू अन्तर्सम्बन्धित उपजहरूको एउटा शृङ्खला मार्फत हासिल हुन्छ– यसले प्राय: निश्चित समय-तालिकाभित्र स्रोतहरू उपलब्ध गराइएको अवस्थामा सीप र क्षमताहरूमा परिवर्तन ल्याउँछ अथवा सेवाहरू सुदृढ हुन्छन् । हरेक प्रतिफलसँगै संरासंका निकायका परिसूचक योगदानहरू पनि समावेश गरिएका छन् ।

सहमति भएका प्रतिफलहरू राष्ट्रिय विश्लेषणमा पहिचान गरिएका समूहहरूको जोखिमका मूलभूत तथा अन्तर्निहित कारणहरूको विश्लेषणका साथै ती प्रतिफलहरू छनोटमा परेका विषयहरूलाई सम्बोधन गर्ने नेपालस्थित संरास प्रणालीको क्षमता तथा तुलनात्मक लाभको मूल्याङ्कनमा समेत आधारित थिए । ती प्रतिफलहरू, उपज तथा निकायका परिसूचक योगदानहरूले कार्यक्रम तर्जुमा, ढाँचा निर्माण, अनुगमन तथा परस्पर जवाफदेहिता सम्बन्धी परिणाममुखी अवधारणालाई प्रतिबिम्बित गर्दछन् । प्रतिफल तथा उपजस्तरका परिणामहरूका परिमाणात्मक वा गुणात्मक परिसूचकहरूले ती हासिल भएका छन् वा छैनन् भन्ने कुरा मूल्याङ्कन गर्न सम्भव हुन्छ । प्रतिफल स्तरका परिसूचकहरूले अन्तिम परिणामहरू तथा पहिचान गरिएका जोखिमपूर्ण समूहहरूका बीचको कडीलाई दर्शाउँछन् । नेपालमा संरास प्रणालीको दृष्टिकोणबाट यी समूहहरूको हैसियतमा निकै कम परिवर्तन भएमा संरास प्रणालीले आफ्ना अपेक्षित परिणामहरू हासिल गरेको ठहरिने छैन ।

राष्ट्रिय विश्लेषण, जोखिममा परेका समूहहरूमा केन्द्रित थियो । संरास विकास सहयोग रूपरेखाका कार्यक्रमहरू भने ती समूहमा लक्षित कार्यक्रमका रूपमा मात्रै निर्माण गरिएका छैनन्, बरु तिनको जोखिमका संस्थागत कारणहरूलाई सम्बोधन गर्नेतर्फसमेत लक्षित छन् । मूल कुरा के हो भने जतिसुकै मजबुत क्षेत्रगत अथवा विषयवस्तु निर्देशित नीति अथवा कार्यक्रमहरू भए पनि अधिकांश लाभबाट बञ्चित समूहहरूले सामना गर्नु परेका जोखिमका मूल कारणहरूलाई विशेष रूपमा लक्षित नगरिएसम्म तिनलाई सम्बोधन गर्न सकिने छैन । संक्षेपमा, ती मूल कारणहरूले धेरै नेपालीहरूमाथि असर पार्ने हुनाले यस्ता प्रभावकारी भूमिकाले देश विकासको ढाँचामा नै आमूल परिवर्तन ल्याउनेछन् । यसको प्रभाव पहिचान गरिएका वञ्चित समूहहरूको दायराभित्र मात्र सीमित नभई नेपालको सम्पूर्ण जनसङ्ख्याले परिमाणात्मक रूपमा महसुस गर्नु पर्दछ ।

## क.६. समन्वय तथा कार्यान्वयन संयन्त्रहरू

संरास विकास सहयोग रूपरेखाले नेपालका विकास सम्बन्धी प्राथमिकताहरूको सहयोगका लागि संरासङ्घीय टोलीले सन् २०१३ देखि २०१७ सम्म गर्ने कार्यहरूको समग्र रूपरेखालाई प्रस्तुत गर्दछ । उक्त संरास विकास सहयोग रूपरेखाका प्रतिफलहरूले नेपालमा संरास प्रणालीले एकसाथ काम गरेर विकासका अवस्थामा पाँच वर्षका अवधिमा प्राप्त हुने अपेक्षित परिवर्तनहरूलाई वर्णन गर्दछन् । यद्यपि, तिनको उपलब्धि नेपाल सरकार सहित बहुसाझेदारहरू तथा सरोकारवालहरूका प्रतिबद्धता र कार्यमा पनि निर्भर छ । संरास निकायहरूका राष्ट्रिय कार्यक्रमहरू, राष्ट्रिय कार्यक्रम कार्ययोजनाहरू र वार्षिक कार्ययोजनाहरूले ती संरास विकास सहयोग रूपरेखामा समावेश भएका प्रतिफल तथा उपजहरू हासिल गर्नका लागि आवश्यक थप विस्तृत विवरणहरू निर्धारण गर्नेछन् । सबै भूमिकाहरू निर्धारण गरिँदा सम्बन्धित राष्ट्रिय समकक्षीहरूसँग समन्वय गरिनेछ र सबै सम्बद्ध सरोकारवालाहरूलाई संलग्न गराउने परामर्शपूर्ण तथा सहभागितामूलक प्रक्रियालाई अवलम्बन गर्ने खालको वार्षिक समीक्षा गरिनेछ । खास गरी सन् २०१४ का लागि संरास विकास सहयोग रूपरेखाको वार्षिक समीक्षाको जानकारी नेपाल सरकारको अर्को रणनीतिक योजनाले दिनेछ जसको अवधि पाँच वर्षको हुन सक्नेछ र आर्थिक वर्ष सन् २०१४/१५ देखि आर्थिक वर्ष सन् २०१८/१९ सम्म चालु रहनेछ ।

संरास विकास सहयोग रूपरेखाका लागि राष्ट्रिय योजना आयोग केन्द्रीय सरकारी समकक्षी निकायका रूपमा रहनेछ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा संरास आवासीय संयोजकले सह-अध्यक्षता गर्ने संरास विकास सहयोग रूपरेखा परिचालन समिति निरन्तर कायम रहनेछ र यसले संरास विकास सहयोग रूपरेखाको कार्यान्वयन राष्ट्रिय प्राथमिकताहरू अनुरूप रहेको कुरा सुनिश्चित गर्नेछ । संरास विकास सहयोग रूपरेखा परिचालन समितिले आवधिक रूपमा हासिल भएको प्रगतिलाई संरास विकास सहयोग रूपरेखाका परिणामहरूको रूपरेखासँग तुलना गरेर प्रगतिको मूल्याङ्कन गर्न सम्भव तुल्याउनेछ र संरास विकास सहयोग रूपरेखा राष्ट्रिय प्राथमिकताहरू अनुकूल रहेको सुनिश्चित गर्नका लागि रणनीतिक सुधारहरू गर्नेछ । संरास विकास सहयोग रूपरेखा परिचालन समितिले यसको कार्यान्वयन पेरिस सिद्धान्तहरूका साथै राष्ट्रिय स्वामित्व तथा नेतृत्व सम्बन्धी इस्तानबुल कार्ययोजनाका सिद्धान्तहरू अनुरूप हुने सुनिश्चित गर्नेछ । त्यस्तै 'नेपाल सरकार–संरासङ्घीय टोली'को रणनीतिक साझेदारीले राष्ट्रिय विकासका प्राथमिकताहरू हासिल गर्नेतर्फ संरासङ्घीय टोलीको योगदानलाई वृद्धि गर्नेछ ।

कार्यान्वयन तथा सञ्चालनको तहमा प्रत्येक संरास विकास सहयोग रूपरेखा (युएनडिएएफ) प्रतिफलका लागि एक युएनडिएएफ प्रतिफल परिचालन समूह (ओएसजी)को स्थापना गरिनेछ । प्रत्येक प्रतिफल परिचालन समूह (ओएसजी)मा संरासङ्घीय टोलीका सदस्यहरूका साथै राष्ट्रिय साझेदारहरू पनि रहनेछन् । अनुगमन तथा मूल्याङ्कन रूपरेखाका आधारमा योजना तर्जुमामा विशेष जोड दिँदै तथा अन्तिम परिणामहरूको अनुगमन र मूल्याङ्कन गर्दै संरास विकास सहयोग रूपरेखाको प्रतिफल सही मार्गमा रहेको छ भन्ने सुनिश्चित गर्नु सो ओएसजीको समग्र उद्देश्य हुनेछ । ओएसजीहरूको बैठक आवश्यक परेका बेला जहिले पनि बस्न सक्नेछ, तर हरेक छ महिनामा एक पटकभन्दा कम हुने गरी भने होइन । तिनले संरासङ्घीय टोलीका कार्यक्रमहरू तथा प्रभावकारी भूमिकाहरू संरास विकास सहयोग रूपरेखामा सहमति भएका प्रतिबद्धता अनुरूप रहेको सुनिश्चित गर्नेछन् । ओएसजीहरूले जोखिम तथा परिकल्पनाहरूको अनुगमन गर्ने छन् र यदि अपेक्षित परिणामहरू हासिल नभए वा संरास विकास सहयोग रूपरेखा मा कुनै सुधारहरू आवश्यक भए संरास विकास सहयोग रूपरेखा परिचालन समितिलाई सचेत तुल्याउनेछन् । हरेक ओएसजीलाई एक जना संयोजकले सहजीकरण तथा सहयोग गर्नेछ । निजको सेवाका शर्तहरुमा निश्चित प्रतिफलका लागि सूचना व्यवस्थापन, प्रतिफलका लागि संयुक्त कार्यक्रमहरू तर्जुमामा सहयोग, तथा हरेक संरास निकाय, संरासङ्घीय टोली र सरकारका साथै अन्य अन्तर्राष्ट्रिय साझेदारहरू, बहुपक्षीय दातृ समूह अथवा तिनका पहलहरू बीच दैनिक समन्वय कायम गर्ने कुरा समावेश हुनेछन् । अन्य अन्तर्राष्ट्रिय विकास साझेदारहरूले सञ्चालन गरेका कार्यक्रमहरूसँग यसका कार्यक्रमहरू नदोहोरिऊन्, बरु ती एकअर्काका परिपूरक होउन्

**स्वयंसेवा सम्बन्धी मजबुत सांस्कृतिक तथा ऐतिहासिक परम्पराहरूको उपयोग मार्फत संरास विकास सहयोग रूपरेखाको कार्यान्वयन तथा सहस्राब्दी विकास लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउनका लागि नागरिक संलग्नता र सामुदायिक सहभागितालाई सबल तुल्याउने वातावरण बनाउन संरास स्वयंसेवकले प्रभावकारी तथा व्यवस्थित विधिको समन्वय गर्नेछ । यसले सबै संरास निकायहरूका कार्यहरूलाई सहज तुल्याउनुका साथै लाभान्वित गर्नेछ र यसबाट राष्ट्रिय स्वामित्व, लैङ्गिक समानता, समावेशी सहभागिता तथा स्थायित्वलाई व्यापक रूपमा प्रवर्द्धन गर्नेछ । राष्ट्रिय मेलमिलापका बेला सामाजिक पुँजी र जीविकोपार्जनमा सहयोग तथा पुनर्सिर्जनामा सहयोग गर्ने जस्ता शान्ति र विकासका लागि स्वयंसेवालाई सहयोग पुऱ्याउने क्रियाकलापले संरासङ्घीय टोलीका लागि खास गरी एउटा निकै महत्त्वपूर्ण तुलनात्मक लाभको अवस्था सिर्जना गर्दछ ।**

भन्ने सुनिश्चित गर्न सबै प्रयासहरू गरिनेछन् । विकास सम्बन्धी प्रभावकारी भूमिकाको निर्माण, कार्यान्वयन तथा

अनुगमनमा संरासङ्घीय टोली र नेपाल सरकारका अलावा प्राज्ञिक व्यक्तिहरू, स्वयंसेवकहरूका साथै नागरिक समाज एवं निजी क्षेत्र समेत सबैले योगदान दिन सक्नेछन् । त्यसकारण हरेक ओएसजीले आफ्नो कार्यलाई व्यावहारिक रूपमा मार्गनिर्देशनका लागि विज्ञहरूको एउटा बाह्य टोलीलाई पनि नियुक्त गर्ने निर्णय गर्न सक्नेछ ।

नेपाल सरकारसँगै संरासङ्घीय टोलीले परिणाम म्याट्रिक्सहरू तथा अनुगमन र मूल्याङ्कन संरचनालाई आवश्यक रकम जुटाउन उपयोग गर्नेछन् । लगानी जुटाउने कार्यलाई विद्यमान तथा नयाँ दुवै लगानीका संयन्त्रहरू मार्फत नियमित गर्ने लक्ष्य राखिएको छ । यसमा संरास शान्ति कोष, भूमण्डलीय जलवायु परिवर्तन लगानी संयन्त्रहरू तथा निश्चित प्रतिफल सम्बन्धी विषयगत कोषहरूको स्थापना समेतलाई समेट्न सकिनेछ ।

नेपाल हाल एउटा नयाँ सङ्घीय संरचना सम्बन्धमा आपसी वार्ताको प्रक्रियामा रहेको छ । यद्यपि सङ्ख्या, सीमाना, प्रशासनिक संरचना तथा राज्य अथवा प्रदेशहरूको शक्ति सम्बन्धी विषय अनिर्णित छन् । ती वार्ताहरूको परिणामका आधारमा नयाँ संस्था तथा व्यवस्थाहरू पर्याप्त मात्रामा प्रतिबिम्बित होउन् भन्ने सुनिश्चित गर्नका लागि संरास विकास सहयोग रूपरेखाको कार्यान्वयन तथा सञ्चालन सम्बन्धी व्यवस्थाहरूलाई पुनरावलोकन गर्न सकिनेछ भने अन्तिम परिणामहरूको म्याट्रिक्स र अनुगमन तथा मूल्याङ्कन संरचनामा लेखिएका शब्दहरूलाई पनि फेरबदल गर्न सकिनेछ ।

संरास विकास सहयोग रूपरेखाको सफल कार्यान्वयनका लागि अपेक्षित प्रमुख कुराहरूलाई चार मुख्य क्षेत्रहरूमा वर्गीकरण गर्न सकिन्छ : (i) स्थलगत रूपमा संरास विकास सहयोग रूपरेखाको कार्यान्वयन गर्न मिल्ने गरी विकास सम्बन्धी कार्यहरूका लागि सबैजसो सञ्चालनस्थल पर्याप्त मात्रामा खुल्ला रहनेछन्; (ii) नेपाल सरकारका हालका नीति र प्राथमिकताहरू, अर्को योजना चक्रको अवधिभरि पनि यथावत् रहनेछन्; (iii) संरास विकास सहयोग रूपरेखा कार्यान्वयनका लागि, आवश्यक परेका ठाउँहरूमा समकक्षी पक्षबाट लगानी समेत, पर्याप्त आर्थिक स्रोतहरू उपलब्ध हुनेछन्; र (iv) उच्च गुणस्तरीय विज्ञतालाई समयमै सदुपयोग गर्न सकिनेछ । सामान्यतः यी अपेक्षाहरूको विपरीत अवस्थालाई प्रतिनिधित्व गर्ने समग्र जोखिमहरूमा व्याप्त सुरक्षा अवस्था, राजनीतिक अस्थिरता र नयाँ संविधान जारी हुने तथा निर्वाचनहरू सम्पन्न हुने अवस्थापछि विकसित हुने राजनीतिक परिदृश्य समेत पर्दछन् । जोखिमका अन्य तत्त्वहरूमा पदपूर्ति गर्ने तथा कर्मचारीहरूमाथि उच्च खर्चबाट उत्पन्न हुने समस्याहरू समेत सरकार तथा अन्य संस्थाहरूमा क्षमताको अभाव, दीर्घकालीन विकासबाट ध्यान अन्तै मोड्ने बढ्दो सामाजिक असन्तुष्टि, नयाँ संविधान लागु गर्न हुने मुख्य चुनौतीहरू र सबै तहहरूमा उत्तरदायी सार्वजनिक प्रशासन प्रणाली स्थापना गर्न ढिलाइ तथा आर्थिक वृद्धि एवम् विकासलाई प्रभावित पार्न सक्ने विश्वव्यापी आर्थिक समस्याहरू पर्दछन् ।

## क.७ अनुगमन तथा मूल्याङ्कन

माथि वर्णन गरिएझैं संरास विकास सहयोग रूपरेखा (सन् २०१३-२०१७)को अन्तिम लक्ष्य भनेको राष्ट्रिय विश्लेषणमा पहिचान गरिएका जोखिमपूर्ण समूहहरूलाई विशेष ध्यान दिँदै नेपालका सबै जनताको जीवनमा महत्त्वपूर्ण सकारात्मक परिवर्तनहरू ल्याउन मदत गर्नु हो । यसलाई हासिल गर्नका लागि संरास निकायहरूले उपजहरू सिर्जनामा योगदान पु¥याउनेछन्, जस अन्तर्गत उत्तरदायीहरू अथवा अधिकारवालाहरूको सिप र क्षमतामा परिवर्तन हुनेछ, अथवा नयाँ उत्पादनहरू सिर्जना हुनेछन् र तिनबाट प्रतिफलहरू प्राप्त हुनेछन् । प्रतिफलका रूपमा– संस्थागत व्यवहार र क्षमताहरूमा परिवर्तन देखिनेछ, जसले अन्ततः जनताको जीवनलाई प्रभावित अथवा परिवर्तित तुल्याउनेछन् । यी परिणामहरू हासिल हुने कुरालाई सुनिश्चित गर्नका लागि संरास विकास सहयोग रूपरेखाको अभिन्न अङ्गका रूपमा प्रगतिको निरन्तर अनुगमन तथा आवधिक रूपमा मूल्याङ्कन गर्नु आवश्यक छ ।

संरास विकास सहयोग रूपरेखा अनुगमन तथा मूल्याङ्कन रूपरेखा अन्तर्गत संरास विकास सहयोग रूपरेखा अनुगमन तथा मूल्याङ्कन म्याट्रिक्स (अनुसूची– २) र संरास विकास सहयोग रूपरेखा अनुगमन तथा मूल्याङ्कन समय तालिका (अनुसूची– ३) पर्दछन् । संरास विकास सहयोग रूपरेखा अनुगमन तथा मूल्याङ्कन म्याट्रिक्समा उपज तथा प्रतिफल सम्बन्धी तहहरूका रूपमा, तटस्थतापूर्वक प्रमाणित गर्न सकिने कार्यसम्पादन परिसूचकहरूको एउटा ढाँचा रहेको छ । ती परिसूचकहरूका समग्र ढाँचाहरू पहिचान गरिएका हरेक जोखिमपूर्ण समूहहरूसँग सान्दर्भिक हुने खालका छन् । सर्वेक्षणहरू तथा अनुगमन सूचना प्रणालीहरू समेत अधिकांश परिसूचकहरू राष्ट्रिय प्रणालीहरूबाट लिइएका छन् । उपजको स्तरमा, संरासद्वारा सहयोग प्राप्त परियोजनाहरूबाट तथ्याङ्कहरू सिर्जना गर्न सकिनेछ । यी नियमित राष्ट्रिय सर्वेक्षणहरूका साथसाथै विद्यमान सर्वेक्षण अथवा व्यवस्थाले नसमेटेका जोखिमयुक्त समूहहरू वा तिनका क्षेत्रमा आएका परिवर्तनहरूलाई पत्ता लगाउन आवश्यक थप सूचनाहरू सङ्कलन गर्न संरासले सन् २०१२/१३ मा नेपाल सरकारको सहकार्यमा कार्यक्रम अवधिमा भएका परिवर्तनहरूलाई मूल्याङ्कन गर्ने र सन् २०१६ मा अर्को थप सर्वेक्षणको व्यवस्थासहित आधारभूत सर्वेक्षणको निर्माण तथा सञ्चालन गर्नेछ । सम्भव भएसम्म परिसूचकहरूसँग सम्बन्धित तथ्याङ्कहरूलाई लिङ्ग, जात, जनजाति, अपाङ्गता, धर्म, वेल्थ क्विन्टाइल (धनको पाँच खण्डीय विभाजन), उमेर, भूगोल तथा अन्य कुनै सम्बद्ध समूहहरू अनुसार विग्रह गरिनेछ । संरासङ्घीय

टोलीले लैङ्गिक मूलप्रवाहीकरण तथा लैङ्गिक समानताको प्रवर्द्धनका क्षेत्रमा समग्रमा संरासले कति योगदान दिन्छ भन्ने कुराको मूल्याङ्कन गर्दै लैङ्गिक समानता स्कोरकार्डका लागि लेखाङ्कनलाई समेत कार्यान्वयन गर्नेछ । संरास विकास सहयोग रूपरेखा चक्रको अवधिमा लैङ्गिक स्कोरकार्डलाई दुई पटक कार्यान्वयन गरिनेछ, पहिलो पटक सन् २०१३ मा र दोस्रो पटक सन् २०१६ मा ।

नियमित अनुगमन बाहेक संरासङ्घीय टोलीले नेपाल सरकारको सहकार्यमा, जोखिमपूर्ण समूहहरूको अवस्थामा भएको प्रगति, प्रतिफलहरू हासिल गर्नमा भएका उपलब्धिका साथै संरासको समग्र सान्दर्भिकता, दक्षता तथा प्रभावकारितालाई मूल्याङ्कन गर्नका लागि सन् २०१६को अन्त्यतिर संरास विकास सहयोग रूपरेखाको मूल्याङ्कन कार्य गर्नेछ । सो मूल्याङ्कन प्रक्रियाले संरास प्रणालीको प्राविधिक तथा विकासात्मक सहयोगहरूको स्थायित्वका साथै राष्ट्रिय प्राथमिकताहरूमा संरास प्रणालीहरूको सामूहिक योगदानको समेत मूल्याङ्कन गर्नेछ । अन्तिम मूल्याङ्कनले अर्को संरास विकास सहयोग रूपरेखाको तयारीका बारेमा जानकारी दिनुका साथै नेपाल सरकारको रणनीतिक योजनाको मध्यावधि समीक्षामा समेत योगदान पुऱ्याउनेछ । कार्यान्वयन अवधिमा उत्पन्न हुन सक्ने छानिएका रणनीति सम्बन्धी सवालहरूमा केन्द्रित हुनका लागि कार्यक्रम चक्रको अवधिमा निश्चित प्रतिफल तथा रणनीतिक मूल्याङ्कनहरू गरिनेछन् । यसबाहेक, एकल निकाय क्रियाकलापहरूमा सो निश्चित निकायको अनुगमन तथा मूल्याङ्कन प्रणालीले सूचनाको स्रोतका रूपमा कार्य गर्नेछ ।

संरास विकास सहयोग रूपरेखा अनुगमन तथा मूल्याङ्कन म्याट्रिक्सको परिपूरकका रूपमा संरास विकास सहयोग रूपरेखा अनुगमन तथा मूल्याङ्कन समय-तालिका रहेको छ । सो तालिका संयुक्त रूपमा संरासङ्घीय टोली र नेपाल सरकारको जवाफदेहिता, पारदर्शिताका साथै अपेक्षाकृत उपज तथा प्रतिफलहरूका तुलनामा प्रगति तथा परिणामहरूको उपलब्धि र पहिचान गरिएका जोखिमपूर्ण समूहका जनताको जीवनमा आएका परिवर्तनहरूको अनुगमनलाई सुनिश्चित गर्न निर्माण गरिएको हो । उक्त तालिकाले संरासले सहयोग गर्ने लक्ष्य राखेका प्रमुख सर्वेक्षणहरूका साथै सरकारी अनुगमन सूचना प्रणालीहरूलाई योजनाबद्ध संरास सहयोग समेत सूचीकृत गर्दछ । यसले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय विकास लक्ष्यहरूतर्फ भएका प्रगतिलाई अनुगमन गर्न, तथ्याङ्क सङ्कलन प्रणालीहरूलाई एकरूपतापूर्ण बनाउन र तथ्याङ्क भण्डार (डाटाबेस) तथा विश्लेषणका साधनहरूमा सहयोग पुऱ्याउनुका साथै पत्ता लागेका कुराहरूको प्रसार कार्यलाई सुदृढ गर्नका लागि क्षमता विकासतर्फ लक्षित गतिविधिहरूलाई पनि समेट्दछ ।

संरास विकास सहयोग रूपरेखा परिचालन समिति संरास विकास सहयोग रूपरेखाको अनुगमन तथा मूल्याङ्कन संयन्त्रको सुपरिवेक्षणका लागि गठित प्रमुख संयन्त्र हुनेछ । प्रतिफल परिचालन समूहहरूले आफ्ना नियमित बैठकहरू मार्फत हरेक प्रतिफलका अन्तिम परिणाम सम्बन्धी बेहोरा र परिसूचकहरूसँग हासिल प्रगतिहरूलाई तुलनात्मक रूपमा नियमित निरीक्षण गरेर सुनिश्चित गर्नेछन् । प्रतिफल परिचालन समूहका संयोजकहरूले संरास विकास सहयोग रूपरेखाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी प्राविधिक कार्य समूहको सहयोगमा संरास आवासीय संयोजकको कार्यालयका अनुगमन तथा मूल्याङ्कन विज्ञको नेतृत्वमा तयार हुने संरास विकास सहयोग रूपरेखा वार्षिक प्रतिवेदन निर्माणमा सहयोग गर्नुका साथै तथ्याङ्क सङ्कलन तथा प्रतिवेदन निर्माण सुनिश्चित समेत गर्नु पर्नेछ । अनुगमन तथा मूल्याङ्कन विज्ञ र संरास विकास सहयोग रूपरेखाको अनुगमन तथा मूल्याङ्कन प्राविधिक कार्यसमूहले संरास विकास सहयोग रूपरेखाको मूल्याङ्कन ढाँचा तयार गर्ने तथा मूल्याङ्कन कार्यका साथै मानवअधिकारवादी दृष्टिकोण (एचआरबिए) र नतिजामुखी व्यवस्थापन (आरबिएम) सम्बन्धी आन्तरिक क्षमता अभिवृद्धि कार्यमा पनि अगुवाइ गर्नेछन् ।

# ख. संरास विकास सहयोग रूपरेखाका प्रतिफलहरू

## ख.१. खण्ड १ : समता मार्फत समानता अभिबृद्धि

***प्रतिफल १ : जोखिममा परेका तथा वञ्चित समूहहरूले सामान्य आधारभूत सामाजिक सुविधा तथा कार्यक्रमहरूमा न्यायोचित ढङ्गले सहज पहुँच प्राप्त गर्नेछन् ।***

### *परिदृश्य*

समाजमा समता बढाउनका लागि मानवीय समृद्धि तथा जीवनको समग्र गुणस्तरलाई सुदृढ गर्नु अत्यावश्यक छ । खास गरी शिक्षा र स्वास्थ्यका क्षेत्रमा उल्लेख्य उपलब्धिहरू सहित नेपालले सहस्राब्दी विकास लक्ष्यहरूमध्ये अधिकांशमा प्रगति हासिल गरिरहेको भए पनि विकासका प्रतिफलहरूमा गम्भीर असमानता कायमै रहेको छ । वञ्चित समूहहरूलाई लक्षित गरेर अत्यावश्यक आधारभूत सामाजिक सुविधाहरूमा न्यायोचित पहुँच अभिबृद्धि गर्ने नेपाल सरकारका प्रयासहरूमा सहयोग गर्नुपर्ने आवश्यकता रहेको छ । अतः यस प्रतिफलले ग्रामीण तथा सहरी दुवै क्षेत्रमा शिक्षा, स्वास्थ्य, एचआइभी/एड्स, पोषण, खाद्य सुरक्षा, पानी, सरसफाइ, आवास र बाल तथा पारिवारिक कल्याण जस्ता व्यापक आधारभूत सामाजिक सुविधाहरूको दायरालाई नीतिगत रूपरेखाहरू, योजना प्रक्रियाहरू, स्रोत विनियोजन, वितरण व्यवस्था, अनुगमन संयन्त्रहरू तथा सामुदायिक उपयोगिता अन्तर्गत समतालाई प्रवर्द्धन गर्ने उद्देश्य राख्दछ ।

### *औचित्य तथा अपेक्षित परिणामहरू*

आधारभूत मानवअधिकारका साथै सहस्राब्दी विकास लक्ष्यहरूलाई सन् २०१५ सम्ममा हासिल गर्ने विषय संरासङ्घीय टोली र नेपाल सरकारका लागि मुख्य प्राथमिकतामा पर्दछन् । तिनको मूल आधारका रूपमा आधारभूत सुविधाहरूमा हालसम्म त्यस्ता सुविधाहरूबाट वञ्चित समूहलाई विशेष लक्षित गर्दै सबै नेपाली जनताका मौलिक अधिकारहरूलाई स्थापित गर्नु रहेको छ । राजनीतिक अस्थिरता हुँदा हुँदै पनि नेपालले सहस्राब्दी विकास लक्ष्यहरूमा समग्र रूपमा निरन्तर प्रगति गरिरहेको छ– केही क्षेत्रहरूमा त्यो प्रगति अत्यन्त प्रभावकारी छ । उदाहरणका लागि, सन् २०१० को सेप्टेम्बरमा मातृस्वास्थ्य सुधारका क्षेत्रमा सहस्राब्दी विकास लक्ष्य हासिल गर्नका लागि गरेको राष्ट्रिय नेतृत्व, प्रतिबद्धता तथा प्रगतिका लागि नेपाललाई सहस्राब्दी विकास लक्ष्य अवार्ड दिइएको थियो । मानव विकास सूचकाङ्क बिस्तारै सुदृढ भएको छ, जुन सन् १९८० को ०.२० अङ्कबाट १०० प्रतिशतभन्दा बढी वृद्धि भएर सन् २०१० सम्म ०.४२८ पुगेको थियो ।

यद्यपि, अन्य क्षेत्रहरूमा भने प्रयासलाई प्रचुर मात्रामा बढाउनु आवश्यक छ । स्वास्थ्य तथा पोषणका क्षेत्रमा नेपालको प्रमुख चुनौती सामाजिक, जनसाङ्ख्यिक तथा जलवायु परिवर्तनहरूले गर्दा परिवर्तित रोगव्याधि तथा मृत्युदर सम्बन्धी अवस्थाहरूको सामना गर्दै प्राथमिक स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच प्रदान गर्नु हो । खास गरी जिल्ला तथा तल्ला तहहरूमा कमजोर स्वास्थ्य प्रणालीहरूले गर्दा, नेपाल न्यून एचआइभी-सङ्क्रमित मुलुकबाट सघन महामारीयुक्त मुलुकमा फेरिएको छ, मातृस्वास्थ्य स्याहार अपर्याप्त छ र मातृमृत्युदर अत्यन्त उच्च रहेको छ भने नवजात शिशुको मृत्यु अथवा बाल कुपोषणलाई सुधार गर्नमा निकै कम प्रगति भएको छ । यस देशले सन् २०११ मा कुनै ठुलो महामारीको सामना नगरेको भए पनि सरुवा रोगहरू फैलिनबाट रोक्नका लागि संस्थागत तयारी अपर्याप्त रहेको छ । खानेपानी, सरसफाइ, आवास तथा सामाजिक कल्याण/संरक्षण जस्ता अन्य क्षेत्रहरूमा अझ विस्तृत खालका प्रयासहरू आवश्यक छन् । नेपालमा हरेक वर्ष झाडापखाला रोगबाट अपत्यारिलो सङ्ख्यामा पाँच वर्षमुनिका बालबालिकाहरूको मृत्यु हुन्छ । सुधारिएका शौचालयहरू तथा सुरक्षित खानेपानीमा सीमित पहुँच हुनु स्वास्थ्यका दृष्टिले अत्यन्त चिन्ताको विषय हो र खास गरी झुपडपट्टीहरू तथा विकट क्षेत्रहरूमा बसोबासको निम्नस्तरको अवस्था पनि उत्तिकै चिन्ताको विषय हो । तीव्र सहरीकरणले गर्दा झन् ठुलो सुकुम्बासी जनसङ्ख्या उत्पन्न हुन्छ ।

यस बाहेक, केही सुधार भएका भए पनि सबै सहस्राब्दी विकास लक्ष्यहरूको प्रगतिमा असमानता कायम रहेको छ । उदाहरणका लागि, शिक्षाका क्षेत्रमा प्राथमिक शिक्षाको लैङ्गिक समानता सूचकाङ्क सन् २००८ को ०.९७ बाट बढेर सन् २०१२ मा ०.९९ पुग्यो र सीमान्तकृत तथा वञ्चित समूहहरूको प्रतिनिधित्वमा केही सुधारहरू देखिए– महिला तथा दलित शिक्षकहरूको हिस्सा क्रमशः ६.४ र १.० प्रतिशत बिन्दुले बढेर महिला शिक्षिकाहरू ३९.६ प्रतिशत र दलित शिक्षकहरू ४.२ प्रतिशत पुगे[17] । यद्यपि, अझै पनि बालिका तथा सामाजिक रूपमा वञ्चित तथा आर्थिक रूपमा सीमान्तकृत समूहहरूका केटाकेटीहरूको गुणस्तरीय आधारभूत शिक्षामा अत्यन्त कम पहुँच रहेको छ । केही समुदायहरूमा विद्यालयमा रहिरहने न्यून दर खास गरी समस्याको कारण बन्ने गरेको छ र देशका ७५

[17] शिक्षा विभाग, अप्रकाशित स्रोतहरू

मध्ये १९ जिल्लाहरू, मुख्यतः तराई[18] तथा उच्च हिमाली भेगमा बालिकाहरूको कुल विद्यालय भर्ना दर राष्ट्रिय औसतभन्दा कम छ र यसले भौगोलिक रूपमा लक्षित असमानताहरूलाई दर्साउँछ । त्यसै गरी, प्रौढ साक्षरतामा पनि सुधार देखिएको थियो, जुन सन् २००१ को ४८ प्रतिशतबाट बढेर सन् २०११ मा ५७ प्रतिशत पुग्यो । यद्यपि यस्तो प्रगति लैङ्गिक, अवस्थिति, जातीय तथा जनजातीय समूहहरूका आधारमा फरक फरक थियो ।

संरासङ्घीय टोलीका सदस्यहरूको कार्यादेश तथा व्यापक अनुभवले गर्दा, आधारभूत सेवाहरूको व्यवस्थापन र वितरणका क्षेत्रमा संरासलाई कार्य गर्न तुलनात्मक रूपमा बढी सहज भएको छ । यो अझ बढी न्यायोचित रूपमा सबै नेपालीको पहुँचलाई सुदृढ गर्नमा लक्षित हुनेछ ।

## कार्यान्वयन, साझेदारहरू र समन्वय

संरास विकास सहयोग रूपरेखाको समग्र प्रशासनिक संरचना अनुरूप अनुगमन तथा मूल्याङ्कन रूपरेखाका आधारमा प्राप्त प्रतिफलमा भएको समग्र प्रगतिको अभिलेख राख्नका लागि राष्ट्रिय साझेदारहरू तथा संरासङ्घीय टोलीका सदस्यहरू दुवै थरी समावेश भएको एक प्रतिफल परिचालन समूह (ओएसजी) स्थापना गरिनेछ । यस प्रतिफल अन्तर्गतका पहलहरूका लागि थुप्रै समन्वय तथा कार्यान्वयन संयन्त्रहरू पहिलेदेखि नै रहेका छन् । त्यसकारण, विद्यमान समन्वय संयन्त्रहरूसित ओएसजी जोडिएको कुरा सुनिश्चित गर्नका लागि विशेष ध्यान दिइनेछ ।

शिक्षाका क्षेत्रमा थालिने प्रयास र क्रियाकलापहरू शिक्षा मन्त्रालय तथा यस अन्तर्गतका संस्थाहरूलाई प्रारम्भिक बाल स्याहार तथा शिक्षा (इसिसिई) र प्रौढ-साक्षरता समेतका औपचारिक तथा अनौपचारिक शिक्षालाई सुधार गर्ने दिशामा सहयोग पुऱ्याउन निर्देशित हुनेछन् । यसो गर्दा, संरासङ्घीय टोलीले प्रगतिको गतिलाई शिक्षासँग सम्बन्धित सहस्राब्दी विकास लक्ष्य तथा 'सबैका लागि शिक्षा'[19]का लक्ष्यहरू हासिल गर्नेतर्फ अगाडि बढाउन मदत गर्नेछ । गैससहरू तथा अन्य विकास साझेदारहरूसँगै[20] युनेस्को, युनिसेफ र विश्व खाद्य कार्यक्रमका कार्यहरूलाई शिक्षा मन्त्रालयद्वारा विद्यालय क्षेत्र सुधार योजना (एसएसआरपी)को कार्यान्वयन तथा आफ्ना सम्बन्धित विज्ञताका क्षेत्रमा संयुक्त लगानी सम्बन्धी सहमतिहरू मार्फत समन्वय गरिनेछ । एजेन्सी कार्यसम्पादन तथा समन्वय संयन्त्रहरूलाई सबैका लागि शिक्षा (इएफए) सम्बन्धी साझेदार बैठकहरूद्वारा मासिक रूपमा अनुगमन गरिनेछ र अर्ध-वार्षिक तथा वार्षिक रूपमा क्षेत्रगत समीक्षाहरू मार्फत मूल्याङ्कन गरिनेछ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले राष्ट्रव्यापी कार्यान्वयन अवधारणालाई कायम गर्दछ भने संरासङ्घीय टोलीको सहयोग सम्भव भएसम्म, प्राथमिकतापूर्ण जिल्लाका जोखिमपूर्ण जनसङ्ख्यातर्फ लक्षित हुनेछ । निम्न क्षेत्रहरूमा विशेष ध्यान दिइनेछ : (i) स्वास्थ्य सम्बन्धी सहस्राब्दी विकास लक्ष्यहरू हासिल गर्ने, खास गरी मातृ तथा शिशुको स्वास्थ्य, र किशोर/किशोरी तथा नवजात शिशु स्याहारका क्षेत्रमा; (ii) क्षयरोग, एचआइभी र मलेरिया जस्ता सरुवा रोगहरूको बोझलाई घटाउने; (iii) बहुक्षेत्रीय सार्वजनिक स्वास्थ्य विधि मार्फत स्वास्थ्य सम्बन्धी सामाजिक निर्धारकहरू; र (iv) प्रजनन स्वास्थ्य र जनसङ्ख्या । सहस्राब्दी विकास लक्ष्य बाहेकका उद्देश्यहरूलाई सम्बोधन गर्ने सशक्त कार्यक्रमहरूमा, स्वास्थ्य प्रवर्द्धन तथा सुरक्षा सम्बन्धी एक बहुक्षेत्रीय विधि मार्फत नसर्ने रोगको बढ्दो बोझलाई सम्बोधन गर्ने हो । संरासङ्घीय टोलीले अन्तरसम्बन्धित तथा परस्पर सहयोगी सशक्त कार्यक्रमहरूको शृङ्खलालाई तीनवटा कार्यगत तहहरूमा टेवा पुऱ्याउनेछ : नीतिगत सुधार तथा कार्यान्वयन; जिल्ला प्रणाली सुदृढीकरण; रसामुदायिक कार्य । संरासङ्घीय टोली तथा अन्य साझेदारहरूको कार्यमा, स्वास्थ्य क्षेत्र-व्यापी विधि (स्वाप[21])को कार्यान्वयन तथा सम्बन्धित विज्ञताका क्षेत्रमा संयुक्त लगानी गर्ने सम्झौताहरू मार्फत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा निरन्तर समन्वय गरिनेछ । निकायहरुका कार्यसम्पादन तथा समन्वय संयन्त्रहरूलाई मासिक स्वास्थ्य क्षेत्र-व्यापी विधि (स्वाप) साझेदारका बैठकहरूद्वारा अनुगमन गरिनेछ र अर्धवार्षिक तथा वार्षिक क्षेत्र समीक्षाहरुमा मूल्याङ्कन गरिनेछ ।

पोषण र खाद्य सुरक्षाका क्षेत्रमा उल्लेखनीय कुरा के छ भने नेपाल पोषणको गुणस्तर बढाउने (एसयुएन) नेतृत्व समूहको सदस्य छ र यसले एउटा बहु-क्षेत्रीय/बहु-सरोकारवाला पोषण मञ्चको स्थापना गरेको छ । संरासङ्घीय टोली अन्तर्गतका खास गरी खाद्य तथा कृषि सङ्गठन, संरास बालकोष र विश्व खाद्य कार्यक्रम– मुख्यतः सबभन्दा सीमान्तकृत तथा अत्यन्त गरीब जन-समुदायका बालबालिकाहरूको शारीरिक वृद्धि रोकिने क्रमलाई कम गर्न तथा खाद्य सुरक्षा र पोषणलाई जोड्नका लागि पोषण सम्बन्धी प्रभावकारी कार्यक्रमहरूको एकीकृत प्याकेजलाई सुदृढ गर्न नेपाल सरकारको क्षमता मजबुत तुल्याउने कार्यमा केन्द्रित हुनेछन् । यस कार्यलाई कृषि, खानेपानी, सरसफाइ र स्वास्थ्य (वास), स्थानीय विकास, र

[18] तराई भारतीय-गङ्गा मैदानको उत्तरतर्फ पर्दछ । यो नेपालमा पूर्वदेखि पश्चिमसम्म लगभग ८०० किमी र उत्तरदेखि दक्षिणतर्फ ३०-४० किमी सम्म फैलिएको छ ।

[19] सबैका लागि शिक्षा (इएफए)मा प्रारम्भिक बाल स्याहार तथा शिक्षा (इसिसिई), सर्वव्यापी प्राथमिक/आधारभूत शिक्षा, युवा तथा प्रौढका लागि सीपहरू, साक्षरता, लैङ्गिक समानता, तथा गुणस्तरीय शिक्षा सम्बन्धी छ वटा लक्ष्यहरू समावेश भएका छन् । यसले सबै तहका शिक्षामा सीमान्तकृत अवस्थालाई पार गर्ने प्रयास गर्दछ ।

[20] विद्यालय क्षेत्र सुधार योजना (एसएसआरपी)लाई एसियाली विकास बैङ्क, विश्व बैङ्क, अन्तर्राष्ट्रिय विकासका लागि अस्ट्रेलियन नियोग (असुएड), डेनमार्क, डिएफआइडी, फिनल्यान्ड, जापान, नर्वे, युएसएड, अन्तर्राष्ट्रिय गैससहरू, युनेस्को, युनिसेफ र डब्लुएफपी समेतका विकास साझेदारहरूको एउटा सहयोगी सङ्घले सहयोग गरेको छ ।

[21] स्वास्थ्य क्षेत्रलाई विश्व बैङ्क, अन्तर्राष्ट्रिय विकासका लागि अस्ट्रेलियन नियोग (असुएड), डिएफआइडी, युएसएड, खोप अभियानका लागि विश्वव्यापी गठबन्धन (गाभी), जिआइजेड, जाइका, कोरिया सरकार, स्विस विकास कर्पोरेसन, अगैससहरू, युनिसेफ, युएनएफपिए, डब्लुएचओ र डब्लुएफपी समेतका विकास साझेदारहरूको सहयोगी सङ्घले मदत गरेको छ ।

शिक्षामा संलग्न अन्य प्रमुख क्षेत्र तथा साझेदारहरूसितको सुदृढ समन्वय तथा सहयोग सहित, योजना र कार्यक्रमहरूलाई पोषण-संवेदनशील बनाउने दृष्टिकोणसहित एकसाथ समायोजन गरिनेछ । यसलाई संरासको विश्वव्यापी पहल, बालभोक विरुद्धको नवीकृत प्रयत्न (रिच) अन्तर्गतको सहयोग मार्फत विशेष ध्यान दिइनेछ र यो प्रमाणमा-आधरित तथा बहुक्षेत्रीय पोषण योजना निर्माण गर्नका लागि राष्ट्रिय योजना आयोगको नेतृत्वमा भइरहेका प्रयासहरू अनुरुपको रहेको छ । विश्व खाद्य कार्यक्रमले पनि नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली ( अङ्ग्रेजीमा संक्षेपमा नेक्साप पनि भनिने) पूर्णतः क्रियाशील तथा योजना निर्माण र अनुगमनका लागि आवश्यक पोषण सुरक्षा सम्बन्धी तथ्याङ्क उपलब्ध गराउन सक्षम छ भन्ने सुनिश्चित गर्नका लागि सरकारी निकायहरूसित मिलेर कार्य गर्नेछ । विश्व खाद्य कार्यक्रम तथा युनिसेफले पनि सबभन्दा जोखिमयुक्त जिल्लाहरूमा खाद्य– तथा पोषण– असुरक्षित जोखिमयुक्त समूहहरूका लागि सामाजिक सुरक्षा जालोको विस्तारमा मदत गर्दै मातृ, शिशु तथा साना बालबालिकाको खानपान सुधार तथा गम्भीर कुपोषणको व्यवस्थापनमा आफ्नो सहयोगलाई  लक्षित गर्ने छन् ।

खानेपानी, सरसफाइ र स्वच्छता (वास) तथा आवासका क्षेत्रमा संरासङ्घीय टोलीले ग्रामीण तथा सहरी क्षेत्रहरूमा न्यायोचित कार्यक्रम र स्रोत विनियोजनलाई सुनिश्चित गर्न भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय र सहरी विकास मन्त्रालयको संयोजकत्वमा राष्ट्रिय खानेपानी, सरसफाइ र स्वच्छता (वास) कार्यक्रम तथा यससँग सम्बद्ध लगानी तथा अनुगमन रणनीतिलाई सहयोग गर्नेछ । संरास बालकोष तथा युएन ह्याबिट्याटले आफ्ना सहयोगहरूलाई झाडापखालाको प्रकोप फैलिन सक्ने छानिएका जिल्लाहरूमा सामाजिक रूपमा वञ्चित तथा सीमान्तकृत समुदायहरूका लागि सुरक्षित र दिगो खानेपानीका साथै सरसफाइका सुविधाहरू सुदृढ गर्ने र तिनमा स्वस्थकर जीवनशैलीको अभ्यासलाई बढाउने पहलहरूमा केन्द्रित गर्नेछन् । पानी, सरसफाइ, आवास तथा पिछडिएका समुदायहरूको जीविकोपार्जनसँग सम्बन्धित प्रभावकारी सहरी क्षेत्रगत नीतिहरूको अवलम्बन र कार्यान्वयनलाई सुनिश्चित गर्नका लागि युएन-ह्याबिट्याटले विभिन्न नगरपालिकाहरूसित मिलेर कार्य गर्नेछ । संरास बालकोष र युएन-ह्याबिट्याटका कार्यलाई भौतिक योजना निर्माण तथा यातायात व्यवस्था मन्त्रालयले राष्ट्रिय स्वास्थ्य तथा सरसफाइ गुरुयोजना र खानेपानी व्यवस्था सम्बन्धी नीतिहरूको कार्यान्वयन तथा अनुगमन मार्फत समन्वय तथा समीक्षा गर्नेछ ।

समाज कल्याण सेवाका क्षेत्रमा, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण परिषद् तथा सम्बद्ध उपराष्ट्रिय निकायहरूसित कार्य गर्दै युनिसेफले छानिएका जिल्ला तथा नगरपालिकाहरूका हिंसा, दुर्व्यवहार तथा यौन शोषणको जोखिममा रहेका अथवा तिनबाट पीडित बालबालिकाहरूप्रति विशेष ध्यान केन्द्रित गर्नेछ । महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय र कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला सम्बन्धी मन्त्रालय जस्ता प्रमुख मन्त्रालयहरू तथा अन्य सरोकारवालाहरू बीचको समन्वयलाई सुदृढ गरिनेछ ।

माथि उल्लिखित सबैलाई मजबुत तुल्याउँदै सामाजिक क्षेत्रगत नीतिहरूको प्रामाणिक आधारलाई सुदृढ गर्नका लागि युनिसेफ र युएनएफपिएले केन्द्रीय तथ्याङ्क विभागसँग मिलेर राज्य-नेतृत्वमा भएका अध्ययनहरू, सर्वेक्षणहरू तथा मूल्याङ्कनहरू प्रवर्द्धन तथा सञ्चालनका लागि कार्य गर्नेछन् । यसमा डब्लुएफपी, युनिसेफ, डब्लुएचओ तथा युएनएफपिएको सहयोगले प्रमुख मन्त्रालयहरूलाई आफ्नो सूचना व्यवस्थापन प्रणालीहरूलाई अझ सुदृढ गर्न थप सक्षम तुल्याउनेछ । युएनभीले भने स्वयंसेवाका लागि औपचारिक संरचना तथा नीतिहरू स्थापना गर्न नेपाल शान्ति समिति तथा अन्य सरकारी साझेदारहरूसँग मिलेर कार्य गर्नेछ ।

## *प्रतिफल २ : जोखिमयुक्त समूहहरूलाई आर्थिक अवसरहरूमा सजिलै पहुँच तथा पर्याप्त सामाजिक सुरक्षा प्राप्त हुनेछ ।*

### *परिदृश्य*

आफ्ना सहस्राब्दी विकास लक्ष्यहरूको प्राप्तितर्फ नेपालले उल्लेख्य प्रगति हासिल गरेको भए पनि, सामाजिक-आर्थिक समावेशीकरण तथा आम रूपमा सबै जनताको र खास गरी जोखिममा परेका समूहहरूको समृद्धिमा व्यापक चुनौतीहरू रहेका छन् । यस्ता चुनौतीहरूमा उत्पादनमूलक रोजगारी तथा आयआर्जनका अवसरहरूको सीमित उपलब्धता, उत्पादनमूलक सम्पत्तिहरूमा अपर्याप्त पहुँच र अपर्याप्त सामाजिक सुरक्षा पर्दछन् । प्रतिफल २ अन्तर्गत मुख्यतः सहस्राब्दी विकास लक्ष्यहरू १, ३ र ७ लाई लक्षित गर्दै तथा नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरूका लागि सहयोग जुटाउँदै निम्न क्षेत्रहरूमा परिणाम प्राप्त गर्नका लागि संरासङ्घीय टोलीका पहलहरूले उपर्युक्त चुनौतीहरूलाई सम्बोधन गर्ने प्रयास गर्नेछन् : समावेशी श्रम र आर्थिक विकासका नीति तथा कार्यक्रमहरू; लघुवित्त, उत्पादनमूलक सम्पत्ति तथा वातावरणमैत्री ऊर्जा सुविधाहरू र प्राकृतिक स्रोतहरू; सुरक्षित श्रम आप्रवाशन तथा विप्रेषणको उत्पादनमूलक उपयोग; र खाद्य सुरक्षा तथा पर्याप्त सामाजिक सुरक्षा ।

### *औचित्य तथा अपेक्षित परिणामहरू*

जारी राजनीतिक अस्थिरता, कमजोर पूर्वाधार तथा कृषि, ऊर्जा र उद्योग समेत अर्थतन्त्रका अधिकांश क्षेत्रहरूमा न्यूनस्तरको लगानीजस्ता तत्वहरुको विद्यमानताले गर्दा नेपाल २ करोड ६६ लाख जनसङ्ख्याको जीविकोपार्जनमा उल्लेख्य सुधार गर्नका लागि पर्याप्त मात्रामा आर्थिक अवसरहरू उपलब्ध गराउने अवस्थामा छैन र तीमध्ये एक चौथाइ (लगभग ६७ लाख) जनसङ्ख्या गरीबीको रेखामुनि जीवन गुजारा गरिरहेका छन्[22] । हालैका सुधारहरूका बाबजुद पनि नेपालमा कुपोषणको दर संसारकै सबभन्दा उच्च मध्येमा पर्दछ, र मध्य तथा सुदूर पश्चिमी पहाडीका साथै हिमाली क्षेत्रमा पाँच वर्ष मुनिका ५० देखि ६० प्रतिशतसम्म बालबालिकाहरूमा दीर्घ कुपोषण रहेको देखिन्छ[23] । काम गर्ने उमेरका अधिकांश मानिससँग काम भए पनि या त उनीहरूले पूर्ण समय काम गर्न पाउँदैनन् अथवा उनीहरू आफू तथा आफ्नो परिवारलाई गरीबीबाट उकास्न सक्ने गरी कमाइ गर्न सक्दैनन् ।

यसै सन्दर्भमा तत्कालका आवश्यकता र उद्देश्यहरूलाई सम्बोधन गर्दै (आर्थिक सशक्तीकरण तथा पर्याप्त सामाजिक सुरक्षा), पहुँच बढाउनका लागि सक्षम वातावरण सिर्जना गर्नु, र थप तथा अझ गुणस्तरीय रोजगारीहरू सिर्जना गर्नु (आर्थिक अवसरहरूमा पहुँच), नेपालको अर्थतन्त्र र समाजको स्थायी तथा दीर्घकालीन विकासका लागि महत्त्वपूर्ण तत्त्वहरू हुन् ।

त्रिवर्षीय योजनाले नेपालको विद्यमान न्यून आर्थिक वृद्धिलाई सम्बोधन गर्दछ । यसले सामाजिक सुरक्षाको प्रत्याभूति मार्फत सबै नागरिकका लागि सुरक्षित तथा सम्मानित आजीविकाहरू सुनिश्चित गर्ने दीर्घकालीन दृष्टिकोणलाई प्रस्ट्याउँदै सामाजिक सुरक्षाका विषयमा एउटा नयाँ अध्यायलाई समेट्दछ । सो त्रिवर्षीय योजनाका सामाजिक सुरक्षा रणनीतिहरूले विद्यमान तथा छरिएका सामाजिक सुरक्षा कार्यक्रमहरूलाई एउटा उपयुक्त, प्रभावकारी तथा एकीकृत सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु पर्ने आवश्यकतामा जोड दिन्छन् । यसको समग्र रणनीति भनेको रोजगारीका अवसरहरू बढाउनका लागि, समावेशी आर्थिक वृद्धिको आधारशीला खडा गरी सीमान्तकृत, भौगोलिक तथा आर्थिक रूपमा वञ्चित जनताको जीवनस्तर सुदृढ गर्नु र अन्ततः नेपाललाई २० वर्षभित्र कम विकसित मुलुकबाट रूपान्तरण गर्न सक्षम तुल्याउनु हो । यी सवालहरूको महत्त्वले गर्दा, यसपछिका राष्ट्रिय विकास योजनाहरू (संरास विकास सहयोग रूपरेखा अवधिसँग सान्दर्भिक समेत) यही आधारशीलामा निर्माण हुने सम्भावना छ ।

[22] केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११ । नेपाल जीवनस्तर सर्वेक्षण सन् २०१०/११ : तथ्याङ्कीय प्रतिवेदन । भाग १ र २ । काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

[23] स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, न्यु एरा, एन्ड आइसिएफ इन्टरनेसनल इन्क., सन् २०१२ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०११ । काठमाडौं : स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, न्यु एरा, एन्ड आइसिएफ इन्टरनेसनल, क्याल्भर्टन, मेरील्यान्ड ।

संरासङ्घीय टोलीले तुलनात्मक रूपमा आफ्नो कार्य-अनुभवको सहजताले गर्दा राष्ट्रिय विश्लेषणमा पहिचान गरिएका जोखिमयुक्त समूहहरूप्रति विशेष ध्यान दिँदै सरकारी प्राथमिकताहरू अनुरूप, संरास विकास सहयोग रूपरेखा चक्रका दौरान नेपाल सरकार तथा सम्बद्ध सरोकारवालाहरूलाई सुदृढ आर्थिक अवसरहरू र पर्याप्त सामाजिक सुरक्षाका रूपमा ठोस परिणामहरू हासिल गर्नमा सहयोग गर्नेछ ।

नीति निर्माणका तहमा संरासङ्घीय टोलीले नेपाल सरकारलाई समावेशी आर्थिक वृद्धिका रणनीतिहरूको परिभाषा गर्ने तथा कार्यान्वयन गर्नेतर्फ लक्षित नीति, कानुन र कार्यक्रमहरूलाई थप सुदृढ गर्न मदत पुऱ्याउनेछ । यसले श्रम कानुनहरू ( वैदेशिक रोजगार नीति समेत), उद्यमशीलता विकासका कार्यक्रमहरू (लघुउद्यम तथा सार्वजनिक-निजी साझेदारीहरू), कृषिव्यवसाय तथा सांस्कृतिक उद्यम जस्ता क्षेत्रहरूलाई समेट्नेछ । समकक्षी पक्ष नेपाल सरकारका मन्त्रालयहरू, स्थानीय सरकार तथा उपयुक्त सरोकारवालाहरूको साझेदारीमा समुदायहरू तथा जोखिमपूर्ण समूहहरूसम्म पुगेर वातावरण तथा दीर्घकालीन स्थायित्वमा जोड दिँदै संरासङ्घीय टोलीले उत्पादनमूलक सम्पत्तिहरू, लघुवित्त, जग्गा/वन, सुलभ ऊर्जा र सीपहरू समेत उत्पादनमूलक रोजगारी तथा जीविकोपार्जनका अवसरहरूको सुधारका क्षेत्रमा पनि कार्य गर्नेछ । वैदेशिक रोजगारीमा उच्च निर्भरता रहेको सन्दर्भमा (सन् २०१० मा ५६ प्रतिशत नेपाली घरपरिवारहरूले विप्रेषण प्राप्त गरे[24]), विश्व आप्रवास सङ्गठन तथा युएन वुमनले सुरक्षित आप्रवास तथा विप्रेषणको उत्पादनमूलक उपयोग सुनिश्चित गर्नका लागि तिनको क्षमता बढाउन नेपाल सरकार तथा सम्बन्धित सरोकारवालाहरूलाई सहयोग गर्नेछन् । विश्व खाद्य कार्यक्रमको जोखिमयुक्त समूहहरूको गरीबी र खाद्य असुरक्षाको खतरालाई घटाउनतर्फ लक्षित उत्पादनमूलक सुरक्षा सञ्जाल कार्यक्रम बाहेक पनि, विद्यमान छरिएका सामाजिक सुरक्षा कार्यक्रमहरूलाई एउटा उपयुक्त, प्रभावकारी तथा एकीकृत सामाजिक सुरक्षा प्रणालीमा आबद्ध हुन जोड दिँदै सामाजिक सुरक्षाका क्षेत्रमा नयाँ अध्याय थाल्न नेपाल सरकारलाई मदत गर्नका लागि, युनिसेफ र आइएलओले विकास साझेदारहरूसित निरन्तर कार्य गर्नेछन् ।

संरास विकास सहयोग रूपरेखा कार्यक्रम चक्रका बेला यस्ता प्रभावकारी भूमिकाहरूको अपेक्षित परिणाम भनेको जोखिममा परेका समूहहरूले सामाजिक सुरक्षाको धरातलबाट पर्याप्त फाइदा प्राप्त गर्नु हो । विशेष गरी उनीहरूले यसबाट अझै बढी राम्रा रोजगारी र आयआर्जनका अवसरहरू प्राप्त गर्नेछन् र तिनमा संलग्न हुनका लागि आवश्यक उत्पादनमूलक सम्पत्ति सम्बन्धी सुविधाबाट समेत लाभ प्राप्त गर्नेछन् ।

[24] केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११ । नेपाल जीवनस्तर सर्वेक्षण सन् २०१०/११ : तथ्याङ्कीय प्रतिवेदन । भाग १ र २ । काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

### कार्यान्वयन, साझेदारहरू र समन्वय

संरास विकास सहयोग रूपरेखाका लागि समग्र शासन संरचनाको अङ्गका रूपमा, अनुगमन तथा मूल्याङ्कन संरचनामा आधारित यस प्रतिफलमाथिको प्रगति सम्बन्धी अभिलेख राख्नका लागि राष्ट्रिय साझेदारहरू तथा संरासङ्घीय टोलीका सदस्यहरू सहितको एक प्रतिफल परिचालन समूह (ओएसजी) गठन गरिनेछ । जिल्ला तथा सामुदायिक तहहरूमा स्थानीय स्वामित्वलाई सुनिश्चित गर्दै संरासङ्घीय टोलीद्वारा सम्बन्धित सरकारी मन्त्रालयहरू/विभागहरूको मार्गनिर्देशन तथा निकट साझेदारीमा आफ्ना प्रभावकारी कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् । कार्यक्रम र परियोजनाका तहहरू तथा संरासङ्घीय टोलीभित्र मुख्य पक्षहरू एवं अन्य विकास साझेदारहरूसित असल अभ्यासहरुको नमूना झल्किने समन्वयपूर्ण व्यवस्था गरिनेछ । हरेक गतिविधिको लाभान्वित समुदायहरूमाथि अधिकतम प्रभाव परोस् भन्ने अभिप्रायले एउटै भौगोलिक क्षेत्रहरूभित्र सञ्चालित कार्यक्रमहरूका बीचमा तालमेल बढाउन विशेष ध्यान दिइनेछ ।

## प्रतिफल ३ : जोखिममा परेका समूहहरूले पूर्ण आत्मविश्वास, सम्मान र गौरवको अनुभव गर्नेछन् ।

### परिदृश्य

संरासङ्घीय टोलीको नेतृत्वमा गरिएको राष्ट्रिय विश्लेषणले नेपालमा जोखिमको अवस्थाका लागि सबभन्दा जिम्मेवार मूल कारणहरूमा शताब्दियौं देखि विकसित भएका सामाजिक-सांस्कृतिक परम्पराहरू, मान्यता र प्रचलनहरूबाट उत्पन्न भएको कुरा उल्लेख गऱ्यो । पितृसत्ता, जातीय व्यवस्था सहित समाजमा हाबी भएका यी प्रथाहरू र समयसँगै ती संस्थागत हुनुका साथै निश्चित समुदायहरूको अन्यमाथि आर्थिक तथा सामाजिक थिचोमिचोले गर्दा पनि धेरै हदसम्म नेपालको सामाजिक-सांस्कृतिक तथा सामाजिक-आर्थिक सोपानमा तिनको अवस्थालाई निर्धारण गरेका छन् । जनताको अवस्था र शिक्षा, स्वास्थ्य, रोजगारी तथा राजनीतिक प्रतिनिधित्वमा पहुँच जस्ता तिनका दैनिक जीवनका वास्तविकताहरूले धेरै हदसम्म यस्तो ऐतिहासिक सन्दर्भलाई प्रतिनिधित्व गर्दछन् । हालसम्म हुँदै आएका भन्दा भिन्न किसिमले जोखिमको अवस्थालाई सम्बोधन गर्ने प्रयास सँगसँगै विभेदलाई पनि अझ प्रत्यक्ष ढङ्गले समाधान गर्न नखोजिएसम्म त्यो प्रयास सफल हुन सक्दैन ।

### औचित्य तथा अपेक्षित परिणामहरू

दीर्घकालीन सामाजिक-सांस्कृतिक विभेद तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको सीमित उपभोग नेपालका केही समुदायको वास्तविकताका रूपमा रहेको छ । जातीय भेदभावलाई आपराधिक कार्य घोषणा गर्ने कानुन लागु भएपछि तथा आफ्नो संस्कृति र धरोहरलाई संरक्षण गर्ने समुदायका हकलाई अन्तरिम संविधानमा समावेश गरिएपछि यसमा केही प्रगति भए पनि अन्य प्रमुख कानुन (जस्तै एचआइभी विधेयक)को निर्माण कार्य अझै विचाराधीन नै छ । यसबाहेक, अझ अग्रगामी कानुनहरूको वास्तविक कार्यान्वयन सुस्त रहेको छ । यसका साथै, कर्तव्यपालकहरू र अधिकारवालाहरूका बिचमा समानता तथा गैर-विभेदकारी सिद्धान्तहरू सम्बन्धी चेतना तथा क्षमताको स्तर न्यून रहेको छ र यसले जोखिममा रहेका समूहहरूको प्रभावकारी सुरक्षा संयन्त्रमाथिको पहुँच तथा जिम्मेवारी बहन गर्नेहरूको आफ्ना सेवाहरू उपयुक्त ढङ्गले प्रदान गर्ने क्षमतामा नकारात्मक प्रभाव पारेको छ । विद्यमान सामाजिक-सांस्कृतिक विभेदको एक मात्र समाधान यो हो भनेर तोक्न प्रायः गाह्रो छ । ती मध्ये धेरैजसो मुद्दाहरूलाई कानुनद्वारा मात्र सम्बोधन गर्न सकिँदैन, तर सामाजिक प्रवृत्ति र व्यवहारमा परिवर्तन गर्नका लागि दीर्घकालीन सशक्त कार्यक्रमहरू आवश्यक हुन्छन्, उदाहरणका लागि– जनतालाई समृद्ध तुल्याउन तथा सामाजिक परिवर्तनलाई प्रवर्द्धन गर्ने शक्तिका रूपमा शिक्षा अथवा सांस्कृतिक विविधता र धरोहर (मूर्त तथा अमूर्त दुवै)लाई बढावा दिएर पनि त्यस्तो परिवर्तन सम्भव हुन्छ ।

क्षमता अथवा आत्मविश्वासको अभाव पनि जोखिमको अर्को महत्त्वपूर्ण सामाजिक-सांस्कृतिक पक्ष हो : कमजोर क्षमता अथवा आत्मविश्वास स्वयम्लाई पनि एक प्रकारको सीमान्तकरणको रूपमा लिन सकिन्छ र यसले अन्य क्षेत्रहरूमा जोखिमको अवस्थालाई बढाउँछ । विगतमा सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रमहरू मार्फत जोखिममा परेका समूहहरूलाई सशक्त तुल्याउने थुप्रै प्रयासहरू गरिएका भए पनि आवश्यक परिवर्तन हासिल गर्न ती त्यति धेरै प्रभावकारी हुन नसकेको पाइएको छ । जोखिममा परेका समूहहरूलाई आफ्नो आत्मसम्मान र गौरव बढाउनका लागि सशक्त तुल्याउन विभेद गर्ने र विभेद भोग्नेहरू समेतलाई समेटेर, राष्ट्रिय तथा स्थानीय तहहरूमा अझ बढी प्रत्यक्ष र केन्द्रीत प्रयासहरू थालिनु आवश्यक छ । त्यसले अन्ततः विभिन्न स्वरूपका विभेदलाई कम गर्नका लागि सामाजिक आचरणहरूलाई प्रभावित गर्न मदत पुऱ्याउनेछ ।

जेखिममा परेका समूहहरूलाई सशक्त तुल्याउनु र लिङ्ग, जाति, धर्म, संस्कृति र भाषाका आधारमा हुने विभेदलाई कम गर्नु त्रिवर्षीय योजनाको एक प्राथमिकता प्राप्त क्षेत्र हो । वर्गीय, जातीय, जनजातीय, भाषिक लैङ्गिक, सांस्कृतिक, धार्मिक तथा क्षेत्रीयतामा आधारित विभेदको अन्त्य गर्ने र महिला, दलित, आदिवासी जनता, जनजाति, तराईका समुदायहरू (मधेसी), थिचोमिचोमा परेका, उपेक्षित तथा अल्पसङ्ख्यक समुदायहरू र पिछडिएका क्षेत्रहरूका समस्या सम्बोधन गर्ने कुरा समेत विस्तृत शान्ति सम्झौताको धारा ३.५ मा स्पष्ट शब्दमा उल्लेख

गरिएको छ । त्यसै गरी शान्ति तथा विकास रणनीति (पिडिएस)ले दीर्घकालीन शान्ति-स्थापनाका लागि विभेद तथा बहिस्करणको अन्त्यलाई मूलभूत प्राथमिकताका रूपमा पहिचान गरेको छ। सहस्राब्दी विकास लक्ष्य प्रगति प्रतिवेदन सन् २०१० ले पनि उत्तिकै जोडदार रूपमा विभिन्न समूहहरू बीचको अन्तरलाई घटाउन सबै प्रयासहरू निर्देशित गरिनु पर्ने कुरामा जोड दिन्छ। सन् २०११ जुलाईमा आफ्नो विश्वव्यापी आवधिक समीक्षामा नेपालले जातीय आधारमा गरिने भेदभाव समेत सबै प्रकारका विभेदहरू निर्मूल पार्ने र कानुनको पर्याप्त पालना गराउने सम्बन्धी थुप्रै सुझावहरू प्राप्त गऱ्यो । ती मध्ये अधिकांश सुझावहरूलाई सन् २०१५ मा अन्त्य हुने चौवर्षीय विश्वव्यापी आवधिक समीक्षा (युपिआर) चक्रका बेला कार्यान्वयनका लागि नेपाल सरकारद्वारा स्वीकार गरियो । विभिन्न रणनीतिक प्रवेश बिन्दुहरूको उपस्थितिले विभिन्न सरोकारवालाहरूबाट पैरवीका लागि जोडदार गतिका साथै परिवर्तनका ठोस कदमहरू चाल्न निश्चित सुझावहरू समेत प्रदान गर्दछन् ।

प्रतिफल ३ मार्फत, संरास राष्ट्रिय टोलीले जोखिममा परेका समूहहरूलाई सशक्त तुल्याउने र विभिन्न निर्णय गर्ने प्रक्रियाहरूमा तिनीहरूको सहभागिताका साथै सामाजिक, आर्थिक तथा सांस्कृतिक जीवनका सबै परिधिहरूमा तिनीहरूको पूर्ण सहभागिता सुनिश्चित गर्ने प्रयास गर्दछ । यसका साथै संरासङ्घीय टोलीले कम जोखिमपूर्ण अवस्थामा रहेकाहरू– परम्परागत रूपमा वञ्चितहरू विरुद्धको विभेदलाई कम गर्दै तथा सामाजिक सद्भावलाई प्रवर्द्धन गर्दै सकारात्मक परिवर्तन ल्याउने क्षमता भएकाहरूसँग मिलेर कार्य गर्नेछ । सशक्तीकरणको अर्थ शक्ति दिने भन्ने होइन, बरु यो त नयाँ कार्यक्रम मार्फत अथवा जोखिममा परेका समूह संलग्न रहेका कार्यमा सीपहरूको प्रयोग गरेर सिर्जना गरिन्छ । सशक्तीकरण एक प्रक्रियाका साथै एउटा लक्ष्य पनि हो । यो एउटा बहुआयामिक प्रक्रिया हो, जसले आम जनतालाई आफ्नो जीवनमाथि आफ्नै नियन्त्रण कायम राख्न सघाउँछ । अतः यस प्रतिफल अन्तर्गतका कार्यक्रम र परियोजनाहरूका परिणाम यस प्रकार हुनेछन् : जोखिममा पारिएका तथा पिछडिएका जनतालाई उत्प्रेरित तथा प्रोत्साहित तुल्याउने; तिनको जीवनका सबै पक्षहरूमा सुधार गर्नका लागि तिनीहरूमा आत्मविश्वास, ज्ञान र सीपहरू विकास गर्ने; तथा तिनीहरूमाथि हुने भेदभावलाई कम गर्ने । पछिल्लो उपलब्धि हासिल गर्नका लागि, सिर्जनशील कार्यक्रमहरू कार्यान्वयन गरिनु पर्दछ, जसले समुदायका नेताहरू, पुरुष र केटाहरू जस्ता समुदायभित्र शक्ति र प्रभाव जमाएर रहेकाहरूका साथै स्थानीय स्तरका सेवा प्रदायकहरू तथा कर्तव्यपालकहरूको आचरण र व्यवहारमा स्थायी परिवर्तन ल्यावोस् ।

## *कार्यान्वयन, साझेदारहरू तथा समन्वय*

लक्षित परिणामहरू प्राप्त गर्नका लागि, रणनीतिहरूको एउटा व्यापक शृङ्खला आवश्यक पर्नेछ । ती रणनीतिहरूमा– स्थानीय स्तरमा ज्ञान, आत्मविश्वास र सीपहरू बढाउनका लागि जोखिममा परेका समूहहरूसँग तिनका आफ्नै सञ्जालहरू मार्फत अथवा नागरिक समाजका सङ्गठनहरू मार्फत कार्य गर्ने; स्थानीय स्तरका सेवा प्रदायकहरू तथा कर्तव्यपालकहरु (जस्तै : शिक्षकहरू, स्वास्थ्यकर्मीहरू, परामर्शदाताहरू इत्यादि) अधिकारवालाहरूसँग उपयुक्त किसिमले व्यवहार गर्न सक्षम छन् भन्ने सुनिश्चित गर्नका लागि उनीहरूसँग मिलेर कार्य गर्ने; सञ्चारका सञ्जालहरूसँग हातेमालो गर्ने र आचरण परिवर्तन तथा सञ्चार रणनीतिहरूमा लगानी गर्ने; र जोखिमका अवस्थाहरू, विभेदकारी प्रवृत्ति तथा व्यवहारलाई राम्ररी बुझ्नका लागि र सकारात्मक परिवर्तनका उदाहरणहरू पहिचान गर्नका लागि, प्रतिफलमा सुधार ल्याउने खालका विद्यमान अनुभव तथा कार्यक्रमहरूलाई निरन्तरता दिनु आवश्यक हुन्छ । यसबाहेक, विश्वव्यापी तथा क्षेत्रीय उत्तम अभ्यासहरूमा पाइने दीर्घकालीन तथा प्रभावकारी परिवर्तन सुनिश्चित गर्ने खालका तत्त्वहरूमा विशेष ध्यान दिनु पर्दछ । यस्ता तत्त्वहरूमा संलग्न पक्षहरू– चाहे ती जोखिममा परेका समूहहरू हुन् अथवा शक्तिसम्पन्न हुन्, तिनका धारणाहरू बुझ्नमा बढी ध्यान केन्द्रित गर्नु पर्ने हुन्छ। त्यस्तै यसमा परिवर्तनप्रति किन अवरोध हुने गरेको छ र अगुवाहरूले किन यथास्थिति कायम गर्दछन् भन्ने कुराका साथै त्यस्ता गतिरोधहरूलाई कसरी उत्प्रेरक तथा स्थायी ढङ्गले समाधान गर्ने भन्ने कुरा बुझ्नमा ध्यान केन्द्रित गर्नु पर्ने हुन्छ । यसका लागि परम्परागत सांस्कृतिक संयन्त्रहरू तथा वृत्तान्तहरूका साथै आधुनिक सञ्चारका साधनहरूको उपयोग समेत अन्य स्थानमा सफल ठहरिएका नवीन प्रविधि र विधिहरूलाई नेपालमा अवलम्बन, परीक्षण तथा लागु गर्न सकिन्छ । नयाँ कार्यक्रमहरू आरम्भ गर्नुभन्दा पहिला, संरास आफ्ना सशक्त कार्यक्रमहरूलाई राम्ररी डिजाइन गर्नका लागि लक्षित समूहहरूका बीच अझ बढी परामर्श तथा अनुसन्धान गर्न प्रतिबद्ध छ।

यो प्रतिफल प्राप्त गर्नका लागि संरासले परम्परागत रूपमा आफूसँग काम गर्दै आएका निकायहरू समेत यसमा एउटा व्यापक क्षेत्रको साझेदारी आवश्यक पर्नेछ भन्ने कुरा स्पष्ट छ। खास गरी व्यवहारमा परिवर्तन तथा सञ्चार सम्बन्धी रणनीतिका सन्दर्भमा निजी क्षेत्र अथवा आम सञ्चारमाध्यम जस्ता तुलनात्मक रूपमा संरासले हालसम्म सीमित अनुभव सँगालेका सङ्गठनहरूसितको नयाँ अथवा विस्तारित साझेदारीमा पनि यसको सफलता निर्भर रहनेछ ।

समन्वय गर्नका लागि यस क्षेत्रमा कार्यरत थुप्रै संस्था र साझेदारहरू भए पनि यस प्रतिफललाई जोड्न अथवा त्यस अन्तर्गत राख्न सकिने राष्ट्रिय अथवा स्थानीय स्तरमा हालसम्म कुनै प्रत्यक्ष संयन्त्र छैन । आंशिक रूपमा यसो हुनुको कारण विभेदका क्षेत्रमा गरिने कार्यलाई परस्पर समन्वय गरेर भन्दा पनि क्षेत्रगत आधारमा छुट्टाछुट्टै सञ्चालनको प्रयास गरिँदै

आएकाले हो । त्यसकारण यस प्रतिफलको कार्यान्वयन गर्न र उच्च स्तरीय सामञ्जस्य सुनिश्चित गर्नका लागि संरासले एउटा विषयगत कोष स्थापना गर्नुपर्ने प्रस्ताव गरेको छ । ओएसजीका सदस्यहरूमा संरासङ्घीय टोली, विषयगत कोष तथा यसका क्रियाकलापहरूलाई समेटिनेछन् । सो संरासङ्घीय टोली, विषयगत कोष तथा यसका क्रियाकलापहरूलाई विज्ञहरूको एक समूहले मार्गनिर्देशन गर्नेछ । त्यसले संरासङ्घीय टोलीलाई विभेदका तात्त्विक सवालहरूका साथै तिनलाई कसरी समाधान गर्ने भन्ने उपायहरू समेत सुझाउनेछ ।

## *प्रतिफल ४ : जोखिमयुक्त समूहहरूले कानुनी तथा नीतिगत संरचनाहरूको सुधारबाट फाइदा पाउँनेछन् र सुरक्षा तथा विधिको शासन सम्बन्धी संस्थाहरूमा सुलभ रूपमा सेवा प्राप्त गर्नेछन् ।*

### *परिदृश्य*

विधिको शासनलाई 'शासनको एउटा सिद्धान्तका रूपमा मानिन्छ, जसमा सबै व्यक्तिहरू, एकाइहरू तथा राज्यका संस्थाहरू सहभागितामूलक प्रक्रिया, सार्वजनिक रूपमा घोषणा भएका, समान रूपमा लागु हुने र स्वतन्त्रतापूर्ण निर्णय मार्फत विकसित भएका कानुनहरूप्रति उत्तरदायी हुन्छन्'[25] । नेपालको अन्तरिम संविधानको धारा ३३ ले मौलिक मानवअधिकारहरूप्रति सम्मान दर्साउँदै कानुनी शासनको प्रवर्द्धन गर्नु र भ्रष्टाचार तथा दण्डहीनता अन्त्य गर्नुलाई राज्यको प्रमुख दायित्व मानेको छ । यसलाई अझ व्यवहारमा उतार्नका लागि, सन् २०११ मा नेपाल सरकारले एउटा राष्ट्रिय मानवअधिकार कार्ययोजना (सन् २०११-२०१४)लाई अनुमोदन गऱ्यो । "दण्डहीनताको अन्त्य तथा नागरिकहरूको शान्ति-सुरक्षा कायम गर्ने" तर्फ लक्षित उक्त कार्ययोजनाले सुरक्षा बलहरू, प्रहरी तथा सरकारी अधिकारीहरूका लागि एउटा विशेष कार्यक्रमको थालनी गऱ्यो । नेपालको पछिल्लो विश्वव्यापी आवधिक समीक्षा (युपिआर)ले तिनलाई हालको नेपाल तथा यसको चालु सङ्क्रमणकालका चुनौतीपूर्ण मुद्दाका रूपमा रहेको पहिचान गऱ्यो । तिनलाई सम्बोधन गर्नका लागि उक्त विश्वव्यापी आवधिक समीक्षामा पहिचान गरिए अनुसार पनि विधायिका, कार्यपालिका तथा न्यायपालिकामा प्रणालीगत परिवर्तनहरूको एउटा शृङ्खला नै सञ्चालन गर्नु आवश्यक छ, जसले एकसाथ पुनर्संरचनाको जोखिमपूर्ण मार्गमा सिँढीको काम गर्नेछ । निष्पक्ष, प्रभावकारी तथा जवाफदेही सुरक्षा निकाय र विधिको शासन कार्यान्वयन गर्ने संस्थाहरूका लागि संरासङ्घीय टोलीको सहयोग अन्तर्गत सामेल विषयहरु यसप्रकार छन् : (क) कानुनहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकारका दायित्वहरू अनुकूल पुनरावलोकन गर्ने, (ख) कानुनहरूको प्रभावकारी कार्यान्वयन सुदृढ गर्ने, र (ग) नेपालका सबै नागरिकहरूले राज्यका निकायहरूमा पहुँच प्राप्त गर्ने, न्याय पाउने तथा आफ्ना अधिकारहरूको निर्बाध उपभोग गर्ने अवस्था सुनिश्चित गर्नका लागि संस्था तथा संयन्त्रहरूलाई सुदृढ गर्ने ।

### *औचित्य तथा अपेक्षित परिणामहरू*

नेपाल सरकारले अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप संविधानको घोषणा गर्ने; सङ्क्रमणकालीन न्याय संयन्त्रहरू स्थापना गर्ने; सशस्त्र द्वन्द्वका बेला तथा त्यसपछि भएका गम्भीर मानवअधिकार हननका सम्बन्धमा अदालतका फैसला कार्यान्वयनलाई सुनिश्चित गर्ने; महिलाका अधिकारलाई अझ बढी सुरक्षित गर्नका लागि कानुनी संरचनाको पुनरावलोकन गर्ने; दण्डहीनतालाई सम्बोधन गर्नका लागि कानुन लागु गर्ने तथा न्यायिक प्रणालीलाई अझ मजबुत तुल्याउने; जातीय, जनजातीय, अपाङ्गता तथा लैङ्गिक झुकावका आधारमा हुने सबै प्रकारका विभेदहरू अन्त्य गर्ने समेत विश्वव्यापी आवधिक समीक्षाका थुप्रै सुझावहरूलाई स्वीकार गरेर विधिको शासन तथा मानवअधिकारका आधारभूत मापदण्ड सम्बन्धी विविध विषयमा महत्त्वपूर्ण प्रतिबद्धताहरू जाहेर गरेको छ । नेपाल सरकारले नेपालका सबै नागरिकहरूको मानवअधिकार रक्षाका लागि कानुनी प्रावधानहरू, नीतिहरू तथा संस्थागत उपायहरूको एउटा शृङ्खला अबलम्बन गरिसेकेको भए पनि, पूर्ण रूपमा दण्डहीनतालाई सम्बोधन गर्ने सन्दर्भमा तथा नेपाल पक्ष राष्ट्र रहेका मानवअधिकार संयन्त्रहरूले निर्धारण गरेका उत्तरदायित्वहरूलाई पुरा गर्नका लागि हालसम्म गरिएका उपायहरू अपर्याप्त साबित भएका छन् । भेदभावसँग सम्बन्धित मुद्दाहरूमा औपचारिक न्याय प्रणाली समक्ष कमै मात्र उजुरी गरिन्छन् । चाहे जुनसुकै व्यक्ति अथवा समूहहरूबाट भएका भए पनि वैधानिक तथा स्थापित अन्यायहरूलाई समाधान गर्ने संयन्त्रहरूको अभावलाई द्वन्द्वका मूल कारणहरूमध्ये एक मानिन्छ ।

विस्तृत शान्ति सम्झौताले सबै नेपालीहरूले आफ्ना नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू उपभोग गर्न सक्ने गरी राज्यको रूपान्तरण गर्ने उद्घोष गर्दछ । यसले जनतालाई निम्न प्रक्रियाहरूमा सहभागी हुन आह्वान गर्दछ : कानुन र नीतिहरू तर्जुमा गर्न, आफूले अधिकार प्राप्त गरेका सुविधाहरू उपभोग गर्न, तथा तिनको कार्यान्वयनका लागि जिम्मेवार संस्थाहरूसँग आबद्ध हुन । कानुनहरू, नीतिहरू तथा संस्थाहरू विकसित, स्थापित तथा परिवर्तन गर्ने यी प्रक्रियाहरू विधिको शासनका मूल मर्मका रूपमा रहेका छन् । त्यसकारण, विधिको शासन भनेको त्यस्तो माध्यम हो, जसबाट नेपालले जवाफदेही तथा स्वतन्त्र संस्थाहरूको अख्तियारीको स्थापना तथा समर्थन गर्नेछ र त्यो आगामी संविधानमा तथा

[25] परिभाषा स्रोत : संयुक्त राष्ट्र सङ्घ, महासचिवको प्रतिवेदन, द रुल अफ ल एन्ड ट्रान्जिसनल जस्टिस इन कन्फ्लिक्ट एन्ड पोस्ट-कन्फ्लिक्ट सोसाइटिज, S/2004/616, २३ अगस्ट, सन् २००४ ।

अनुमोदन गरिएका अन्तर्राष्ट्रिय संयन्त्रहरूका साथै घरेलु कानुनहरूको प्रभावकारी कार्यान्वयनद्वारा परिभाषित हुनेछ । संरासङ्घीय टोलीले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सीड)को कार्ययोजना, लैङ्गिक समानता तथा महिला सशक्तीकरण कार्ययोजना र राष्ट्रिय यौन तथा लैङ्गिक हिंसा सम्बन्धी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका पहल जस्ता उल्लिखित केही समेत विभिन्न सरकारी कार्ययोजनाहरूको कार्यान्वयनमा मदत गर्नेछ । यसप्रकार, विधिको शासनको सुदृढीकरणले मानवअधिकार, विकास र स्थायी शान्तिलाई अझ व्यापक तथा बढी समतामूलक रूपमा उपभोग गर्न टेवा पुऱ्याउनेछ । यसले मानवअधिकार निषेध गर्ने अथवा उल्लङ्घन गर्नेहरूलाई निकै हदसम्म नियन्त्रण गरेर, अपराध गर्न सक्नेहरूलाई निरुत्साहित गरेर तथा जोखिममा रहेका समूहहरूविरुद्ध हुने हिंसालाई कम गरेर मानवअधिकारको संरक्षण गर्नेछ । यसले लगानी तथा समावेशीता वृद्धिलाई समर्थन र प्रवर्द्धन गर्ने आर्थिक वातावरण सिर्जना गर्न मदत पुऱ्याउनेछ । यसले सबै नेपालीहरूले, आफू चाहे जोसुकै भए पनि र आफ्नो सुरक्षाको अनुभूतिलाई जसले चुनौती दिए पनि सुरक्षा खोज्न र प्राप्त गर्नका लागि सुरक्षित भएको महसुस गराउने सुरक्षा प्रणाली निर्माणमा सहयोग गर्नेछ । साथै, अन्त्यमा यसले शान्ति स्थापनालाई यस किसिमले प्रवर्धन गर्नेछ : पहिलो, द्वन्द्व-पीडितले न्याय प्राप्त गर्न, समुदायहरूलाई द्वन्द्वका घाउ निको पार्न, र समाजलाई १० वर्षे सशस्त्र द्वन्द्वबाट अगाडि बढ्न सक्षम तुल्याएर; र दोस्रो, भाविष्यमा द्वन्द्व चर्काउन सक्ने नयाँ अन्यायहरू र पीडाहरू सिर्जना हुनबाट रोक लगाएर ।

संरास विकास सहयोग रूपरेखाले, सबै नेपालीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रहरूद्वारा संरक्षित अधिकारहरूको उपभोग गर्न पाउन् भन्ने कुरा सुनिश्चित गर्नका लागि तिनको कार्यान्वयनमा रहेका बहुपक्षीय चुनौतीहरूलाई सम्बोधन गर्दै सरकारलाई सहयोग पुऱ्याउने उद्देश्य राख्दछ । सन् २०१७ को अन्त्यसम्ममा यस क्षेत्रका कार्य अन्तर्गत संरास विकास सहयोग रूपरेखाले निम्न उद्देश्य लिएको छ : (i) संविधान तथा नेपाल सरकारद्वारा अनुमोदित मानवअधिकार संयन्त्रहरूको भावना अनुसार गैर-विभेदकारी कानुनी संरक्षणलाई प्रभावकारी ढङ्गले सम्पादन नगर्ने कानुनहरूको संशोधनमा सहयोग पुऱ्याउनुका साथै नयाँ संविधानको कार्यान्वयनका लागि आवश्यक कानुनहरूको पुनरावलोकनमा सहयोग पुऱ्याउने; (ii) जोखिममा रहेका समूहहरूलाई कानुनी उपचारको दाबी गर्ने तथा न्याय प्राप्त गर्ने क्षमता बढाउनका लागि सक्षम तुल्याउने; (iii) मानवअधिकार तथा मानवअधिकार सम्बन्धी उत्तरदायित्वहरू कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन तथा समाचार सम्प्रेषण गर्नका लागि सरकार तथा मानवअधिकार संस्थाहरूलाई सशक्तीकरण मार्फत जवाफदेहिताको वृद्धि गर्ने । यस्ता कार्यक्रमहरू नेपालको सर्वोच्च अदालत, राष्ट्रिय मानवअधिकार संस्थाहरू, महान्यायाधिवक्ताको कार्यालय तथा राष्ट्रिय न्यायिक प्रतिष्ठान आदिका योजना जस्ता पहिल्यैदेखि विद्यमान राष्ट्रिय रणनीतिक योजनाहरूसँग जोडिनेछन् ।

### *कार्यान्वयन, साझेदारहरू तथा समन्वय*

विधिको शासन स्थापनामा संरासङ्घीय टोलीको सहयोगका बारेमा विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, शान्ति र विकास सम्बन्धी रणनीतिहरू, विश्वव्यापी आवधिक समीक्षा (युपिआर), राष्ट्रिय रणनीतिहरू, राष्ट्रिय संस्थाका रणनीतिक योजनाहरू, संरास निकायका कार्यसूचीहरू तथा संयुक्त संरासङ्घीय टोली–दातृ निकायका मूल्याङ्कनद्वारा पनि जानकारी प्राप्त हुन्छ । समग्र संरास विकास सहयोग रूपरेखा सञ्चालन प्रणालीहरू अनुरूप उक्त क्षेत्रमा समन्वयात्मक विधिलाई सुनिश्चित गर्नका लागि एक प्रतिफल परिचालन समूह (ओएसजी) गठन गरिनेछ । उक्त ओएसजीलाई संरास निकायहरूका बीचमा तथा संरास निकायहरू तथा सुरक्षा क्षेत्रका साथै विधिको शासन सम्बन्धी सवालहरूमा कार्यरत व्यापक दातृ समुदायहरूकाबीच समन्वयको जिम्मेवारी दिइएका एक कर्मचारीले सहयोग गर्नेछन् । संरासङ्घीय टोलीले 'न्याय तथा सुरक्षा क्षेत्र समन्वय समितिहरू'का राष्ट्रिय सञ्जालहरू जस्ता राष्ट्रिय समन्वय संयन्त्रहरूको सुदृढीकरणमा समेत मदत पुऱ्याउनेछ । त्यस मार्फत सर्वोच्च अदालतले न्यायिक क्षेत्रका संस्थाहरूका बीच निकटको सहकार्यलाई प्रवर्द्धनको प्रयास गर्नेछ भने विधिको शासन सम्बन्धी राष्ट्रिय नेतृत्वकर्ताहरू बीचको समन्वय मजबुत तुल्याउनका लागि कानुन तथा न्याय मन्त्रालयमा समन्वय समिति स्थापना गरिनेछ । महिला विरुद्ध हुने हिंसा अन्त्य गर्नका लागि विश्वव्यापी एकता अभियान अनुरूप बहुक्षेत्रीय यौनजन्य तथा लैङ्गिक हिंसा सम्बन्धी प्रतिक्रियाहरूलाई प्रधानमन्त्री कार्यालय अन्तर्गतको लैङ्गिक सशक्तीकरण तथा समन्वय एकाइ मार्फत तथा संरास लैङ्गिक विषयगत समूह तथा संरास सुरक्षा परिषद्का संकल्प प्रस्तावहरू १३२५ र १८२० सम्बन्धी शान्ति सहयोग कार्यसमूहले समन्वय गर्नेछन् ।

संरासङ्घीय टोलीले, सरकारी साझेदारहरूलाई कानुनी, नीतिगत तथा संस्थागत सवालहरूको विश्लेषण गर्न; कानुनी आवश्यकता वितरणको मूल्याङ्कन गर्न; परिणाममा आधारित प्रतिक्रियाहरूको खाका बनाउन तथा कार्यान्वयन गर्न मुख्यतः प्राविधिक तथा परामर्श सेवाहरू उपलब्ध गराउनेछ । व्यावसायिक क्षमता विकासका पहलहरूलाई राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्यायिक सेवा प्रशिक्षण केन्द्र तथा नेपाल राष्ट्रिय प्रहरी प्रतिष्ठान मार्फत प्रवाहित गरिनेछ । नागरिक समाज, सञ्चार माध्यम, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग तथा राष्ट्रिय मानवअधिकार आयोगलाई तिनका पैरवी अभियानहरूमा सहयोग पुऱ्याइनेछ । संरासङ्घीय टोलीले यी निकायहरूलाई राष्ट्रिय तथा स्थानीय संस्थाहरूलाई सार्वजनिक सेवा प्रदानमा उत्तरदायी तुल्याउने कार्यमा पनि सहयोग गर्नेछ । नागरिक समाजका 'माग' तथा 'खबरदारी' कार्यहरूमा सहयोग

गरेर संरास विकास सहयोग रूपरेखाले विस्तृत शान्ति सम्झौताको एउटा प्रमुख उद्देश्यमा सहयोग पुऱ्याउनेछ : खास गरी जोखिममा परेका समूहहरू समेत सबै नेपालीलाई पूर्ण नागरिक बन्न तथा नयाँ नेपाल निर्माणको प्रक्रियामा सहभागी हुनका लागि सशक्त तुल्याउने ।

***प्रतिफल ५ : लोकतान्त्रिक शासनका संस्थाहरू, प्रणालीहरू तथा प्रक्रियाहरू बढी जवाफदेही, प्रभावकारी, सक्षम र समावेशी हुनेछन् ।***

***प्रतिफल ६ : नयाँ सङ्घीय संविधानका प्रावधानहरू पुरा गर्नका लागि सरकारका विभिन्न तहहरू स्थापित तथा क्रियाशील हुनेछन् ।***

## *परिदृश्य*

प्रतिफलहरू ५ र ६ ले लोकतन्त्रको गुणस्तर, राज्य र नागरिकका बीच सम्पन्न सामाजिक करार तथा शासन व्यवस्थाको प्रभावकारिता र जवाफदेहीलाई सुदृढ गर्ने व्यापक क्षेत्रलाई समेट्दछन् । प्रतिफल ५ ले लोकतान्त्रिक शासनका व्यापक प्रणाली तथा प्रक्रियाहरूलाई दर्साउँछ भने प्रतिफल ६ ले सङ्घीय गणतन्त्रतर्फको सङ्क्रमणका थप निश्चित आवश्यकताहरूलाई सम्बोधन गर्दछ । यी दुवै प्रतिफलहरूका शीर्षक आपसमा अन्तर्सम्बन्धित छन् र यस दस्तावेजका लागि तिनलाई जोडिएको छ । प्रत्येक प्रतिफललाई अन्तिम परिणाम म्याट्रिक्स र अनुगमन तथा मूल्याङ्कन रूपरेखामा भने छुट्टा छुट्टै विश्लेषण गरिएको छ ।

## *औचित्य तथा अपेक्षित परिणामहरू*

संरास निकायहरू व्यवस्थालाई मजबुत गर्नेतर्फ केन्द्रित हुनेछन्, जसले 'आमन्त्रित स्थानहरू' सिर्जना र/अथवा सुरक्षित गरेर वडा नागरिक मञ्चदेखि लिएर राष्ट्रिय स्तरका सभासम्म, सबै नागरिकहरूले सरकारसित अन्तर्क्रिया र बहस गर्न सक्ने खालको अझ बढी समावेशी लोकतन्त्रको सिर्जना गर्दछ । सबै नागरिकहरूको सहभागिता तथा प्रतिनिधित्वमा आधारित समावेशी लोकतन्त्रले सरकारको उत्तरदायित्व, प्रभावकारिता तथा दक्षतालाई प्रवर्द्धन गर्दछ । यसले जीविकोपार्जनमा सुधार गर्ने तथा खास गरी जोखिममा परेका समेत सबै समूहहरूको विकासमा सहयोग गर्ने सार्वजनिक सेवाहरू तथा सार्वजनिक कोषहरू सम्बन्धी प्रावधानलाई सुदृढ गर्दछ । संरासका यी सहयोगहरूले ती समूहहरू योजना तर्जुमा तथा बजेट निर्माणमा प्राथमिकतामा परेका छन् र उनीहरूको प्रशासनिक, कानुनी, न्यायिक अथवा अर्ध-स्वायत्त संवैधानिक अङ्गहरू समेत सरकारका अङ्गका सबै तहहरूमा सार्थक प्रतिनिधित्व रहेको कुरा सुनिश्चित गर्दछन् ।

सन् १९९० दशकको मध्यदेखि नै अधिकार प्रत्यायोजन नेपाल सरकारको एक प्राथमिकताका रूपमा रहेको छ । यो अवधारणा सन् १९९९ को स्थानीय स्वायत्त शासन ऐन तथा त्यसपछि बनेका नियम तथा निर्देशिकाहरू, लैङ्गिक रूपमा उत्तरदायी बजेट निर्देशिकाहरू तथा सन् २००१ को विकेन्द्रीकरण कार्यान्वयन योजनामा आत्मसात् गरिएको थियो । सबभन्दा पछिल्लो पटक यसलाई व्यावहारिक रूपमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा, यसको कार्यान्वयनकारी निकाय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत अवलम्बन गरिएको थियो । सबैलाई सार्वजनिक सेवाहरू सुलभ रूपमा उपलब्ध गराउने लक्ष्य लिएको तथा स्थानीय अङ्गका तल्लो निकायबाट-माथिल्लो निकायतर्फ विनियोजित स्थानीय विकास कोषहरूको प्रावधान सहितको उक्त स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले अधिकार प्रत्यायोजनप्रति सरकारको दृढ प्रतिबद्धतालाई दर्साउँछ ।

मतदाताहरूको नाम दर्ता तथा प्रतिनिधिमूलक प्रकृतिका राष्ट्रिय तथा उपराष्ट्रिय अङ्गहरूमा समावेशीकरणको मजबुत सकारात्मक आवधारणासहितका स्वतन्त्र तथा निष्पक्ष निर्वाचनहरू नियमित सम्पन्न गर्नका लागि निर्वाचन प्रक्रियामा सुधार सम्बन्धी कार्य सरकारका लागि उच्च प्राथमिकताको विषय हो; त्यसैले सरकारले शासकीय, जनसाङ्ख्यिक तथा सामाजिक तथ्याङ्कहरूका लागि प्रमाणको आधारलाई सुधार गरिरहेको छ । नेपाल सरकार आफ्ना विकासका नीति तथा कार्यक्रमहरू प्रभावकारी हुनका लागि तिनको निर्माण, कार्यान्वयन तथा अनुगमनका लागि सशक्त तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन क्षमताहरू आवश्यक हुने कुरा स्वीकार गर्दछ ।

सरकार तथा राज्यमा नागरिकहरू तथा राजनीतिक दलहरू समेत अन्य घटकहरूको संलग्नतालाई सुदृढ तुल्याएर प्रतिफल ५ ले शान्ति-स्थापनको प्रक्रियामा सहयोग पुऱ्याउँछ । शासन सम्बन्धी क्षमता विकासका क्षेत्रमा संरासको तुलनात्मक लाभ तथा प्राविधिक सहयोगको प्रावधानले नेपालमा समावेशी शासनलाई मजबुत तुल्याउनका लागि विशेष अवसर प्रदान गर्दछ । समावेशी, सङ्घीय संविधान तथा द्वन्द्वका मूल कारणहरूलाई सम्बोधन गर्ने नयाँ सर्वोच्च कानुनको सफल कार्यान्वयनमा आधारित सङ्घीय शासन व्यवस्थातर्फको सङ्क्रमणका निश्चित आवश्यकताहरूमाथि प्रतिफल ६ केन्द्रित छ । सो संविधानले धर्मनिरपेक्ष तथा समावेशी सङ्घीय गणतन्त्र निर्माण गर्ने परिकल्पना गर्दछ । संस्थागत ढाँचा, मूल्य,

सिद्धान्तहरू तथा नयाँ संस्थाहरूको निर्माणका सन्दर्भमा यसले परिकल्पना गरेका परिवर्तनहरूले सिर्जना गर्ने वातावरण जोखिममा परेका समूहहरूका लागि अत्यन्त लाभदायक हुनेछ । राज्य-पुनर्संरचना तथा समावेशीकरणको सिद्धान्तले वञ्चित समूहहरूलाई सशक्तीकरण गर्ने नयाँ स्थापित प्रदेशहरूलाई सशक्त तुल्याउने तथा वञ्चित तथा सीमान्तकृत समुदायप्रति उत्तिकै उत्तरदायी शासन प्रणाली सिर्जना गर्ने अपेक्षा गरिएको छ । नयाँ संविधान लेखन तथा लागु गर्ने कार्यमा संविधानसभालाई संरासले आफ्नो सहयोग जारी राख्नेछ । यद्यपि संस्थागत, मानवीय तथा वित्तीय स्रोतहरू सम्बन्धी थुप्रै चुनौतीहरू अगाडि तेर्सिएका छन् । प्रादेशिक सरकारका नयाँ श्रेणी स्थापना गर्नु र केन्द्रीय सरकारका संस्थाहरूमा ती प्रदेशहरूका हिस्सालाई समायोजन गर्नका लागि ती राष्ट्रिय संस्थाहरूको पुनर्संरचना गर्ने कार्य पनि कम चुनौतीपूर्ण हुने छैनन् ।

## *कार्यान्वयन, साझेदारहरू तथा समन्वय*

यस प्रतिफलका लागि एक प्रतिफल परिचालन समूह (ओएसजी) स्थापना गरिनेछ । संरासङ्घीय टोलीका तर्फबाट संरास पुँजी विकास कोष (युएनसिडिएफ), युनिसेफ, युएन वुमन, संरास जनसङ्ख्या कोष (युएनएफपिए) र युएनभीको सहभागिता सहित संरास विकास कार्यक्रम (युएनडिपी) संयोजक निकाय हुनेछ । यी मध्ये हरेक निकायले शासनसँग सम्बन्धित कार्यलाई विशेष टेवा प्रदान गर्नेछ– त्यो चाहे, सरकारका प्रणाली तथा प्रक्रियाहरूका बारेमा होस् (युएनडिपी, युएनसिडिएफ), जोखिममा परेका निश्चित समूहका आवश्यकताका बारेमा होस् (युनिसेफ, युएन वुमन र युएनएफपिए), अथवा मुख्य स्रोत र क्षमताहरू सम्बन्धी प्रावधानका बारेमा होस् (युएनएफपिए, युएनभी) । नागरिकहरूका आवश्यकता र अधिकारहरूलाई चुस्त, पारदर्शी, समावेशी तथा प्रभावकारी ढङ्गले पुरा गर्नका लागि राष्ट्रिय, प्रादेशिक तथा स्थानीय अङ्गहरूको क्षमता अभिवृद्धि गर्न यी निकायहरूले आफ्नो सामूहिक क्षमता प्रमाणित गरेका छन् । संरास निकायहरूले शासन सम्बन्धी आफ्ना कार्यहरूमा विद्यमान तथा नयाँ द्विपक्षीय र बहुपक्षीय विकास साझेदारहरूसँगको सामञ्जस्यलाई निरन्तर कायम राख्नेछन् । तिनका कार्यमा सहयोग गर्ने अभिभारा नागरिक समाजका सङ्गठनहरूको हुनेछ, जसले परिवर्तनकारी सामाजिक परिचालन रणनीतिको कार्यान्वयनमा मदत गर्नुका साथै सरकारको आफ्ना नागरिकप्रतिको कार्यसम्पादन तथा उत्तरदायित्वको अनुगमन समेत गर्नेछ ।

नयाँ संविधानको कार्यान्वयनले पनि संरास निकायहरू र तिनका विकास साझेदारहरूलाई आ-आफ्ना विज्ञता तथा स्रोतहरूका क्षेत्रलाई यस प्रक्रियामा जोड्ने अवसर प्रदान गर्नेछ । राज्य-पुनर्संरचना तथा समावेशीकरणका प्रतिबद्धताहरूले, उदाहरणका रूपमा : महिलाअधिकार, बालअधिकार, युवाका अधिकार, अन्तर्राष्ट्रिय मानवअधिकार तथा विधिको शासन जस्ता क्षेत्रहरूप्रति प्रतिबद्ध निकायहरूलाई रूपान्तरणकारी, दिगो उपलब्धिहरू हासिल गर्ने अवसर उपलब्ध गराउँछन् । न्यायोचित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू सहितको एउटा बृहत् अधिकार सम्बन्धी विधेयकको निर्माणले शक्तीविहिनहरूलाई परिवर्तन तथा उत्तरदायी शासनव्यवस्थाको माग गर्ने र त्यसलाई प्रभावित पार्ने आधार मात्र होइन, बरु न्यायपालिका समेत सरकारका तिनवटै अङ्गहरूमाथि थप जिम्मेवारी थपिदिन्छ । नयाँ संवैधानिक ढाँचाप्रतिको उत्तरदायित्वका रूपमा अन्य विकास साझेदारहरूसँगै विभिन्न संरासङ्घीय निकायहरूले आफ्ना प्रयासहरूलाई राष्ट्रिय संस्थाहरूको सहयोगार्थ जुटाउनेछन् ।

आफ्नो जोखिमयुक्त अवस्थाका लागि जिम्मेवार विविध मूल कारणहरू, दुवै राष्ट्रिय तथा अझ बढी स्थानीय सीमाहरूभित्र रहेको अनुभव गर्ने समूहहरू यसबाट लाभान्वित हुनेछन् । प्रतिफल ५ ले निर्वाचन प्रक्रियालाई सुदृढ तुल्याउने प्रयास गर्नेछ, जसले गर्दा यो समावेशी हुनुका साथै यसले प्रतिनिधिमूलक निर्वाचित अङ्गहरूको गठन गर्नेछ र तिनलाई मतदाता, राजनीतिक दलहरू तथा अन्य शासनका राज्य-पक्षीय तथा गैर-राज्यपक्षीय सरोकारवालाहरूले स्वीकार गर्नेछन् । यस्ता निर्वाचनहरूलाई स्वीकार गर्नका लागि जोखिममा रहेका समूहहरूको औचित्यपूर्ण प्रतिनिधित्वको अधिकारहरूलाई पनि स्वीकार गर्नु पर्दछ । स्थानीय अङ्गहरूको क्षमता विकासले चुस्त, प्रभावकारी र उत्तरदायी सरकारलाई नागरिकहरू तथा नेपालभर तिनका समुदायहरूको नजिकमा पुऱ्याउनेछ । यसै प्रक्रियाको एक अंशका रूपमा, जोखिममा परेका विशेष राष्ट्रिय समूहहरू (महिला, बालबालिका र युवा[26])मा केन्द्रित संरासङ्घीय निकायहरूले स्थानीय स्तरका निश्चित पिछडिएका समूहहरू मात्र होइन, बरु सबै जोखिमपूर्ण समूहहरूको व्यापक समावेशीकरणका लागि मार्ग प्रशस्त गर्नेछन् । विकास सम्बन्धी नीति तथा कार्यक्रमहरूका लागि तथ्याङ्क सङ्कलन तथा त्यसको व्यवस्थापनलाई मजबुत तुल्याउने प्रक्रियाले राष्ट्रिय तथा स्थानीय तहहरूमा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन निर्माणको प्रभावकारितालाई सुदृढ गर्नेछ । मानवअधिकारका सिद्धान्तहरूको परिपालना तथा स्वतन्त्र सञ्चार माध्यम कायम गर्ने व्यवस्थाले पनि त्यसरी नै सरकारको अवधारणा तथा मान्यतालाई सुदृढ गर्नेछ र आफ्नो कार्यसम्पादनका मापदण्डहरू स्थापित गर्नेछ ।

प्रतिफल ६ ले सबै नागरिकहरू तथा तिनका समुदायहरूको समावेशीकरणलाई सुरक्षित गर्ने; पहिले वञ्चित तथा सीमान्तकृत रहेकाहरूको यस प्रक्रिया तथा परिणामहरूमा बलियो हिस्सेदारीलाई सुनिश्चित गर्ने; तथा यस प्रक्रियालाई प्रभावित पार्ने, खास गरी जोखिममा परेका समूहहरू समेत सबैका लागि लोकतान्त्रिक उत्तरदायित्वमा रूपान्तरित गर्ने न्यायोचित अवसर सुनिश्चित गर्ने सङ्घीय नेपालतर्फको यस्तो सङ्क्रमणलाई सहयोग गर्नेछ ।

---

[26] संरासले युवालाई १५ देखि २४ वर्ष उमेर समूहका व्यक्तिका रूपमा परिभाषा गर्दछ ।

## ख.२. खण्ड २ : विकासका प्रतिफलहरूको संरक्षण

***प्रतिफल ७ : जलवायु परिवर्तन तथा विपद्को जोखिमयुक्त क्षेत्रहरूमा बसोबास गर्ने जनताले त्यस क्षेत्रमा सुधार गरिएको जोखिम व्यवस्थापनबाट लाभ प्राप्त गर्नेछन् र विपत्तिबाट हुने आघात सामना गर्न बढी तयार हुनेछन् ।***

### *परिदृश्य*

नेपालले हरेक वर्ष प्रकोपहरूको सामना गर्दछ । संरास विकास कार्यक्रम (युएनडिपी)को सङ्कट रोकथाम तथा पुनरुत्थान ब्युरोले नेपाललाई भूकम्पका दृष्टिले एघारौं सबभन्दा बढी जोखिममा रहेको मुलुक तथा पहिरोका दृष्टिले तिसौं सबभन्दा बढी जोखिमयुक्त मुलुक मानेको छ । 'आगामी ३० वर्षमा जलवायु परिवर्तनबाट सबभन्दा बढी जोखिममा' परेका विश्वव्यापी रूपमा सूचीकृत १६ मुलुकहरूमध्ये नेपाल चौथो स्थानमा पर्दछ[27] । सन् १९७१ देखि सन् २००७ सम्म नेपालमा प्राकृतिक प्रकोपहरूले गर्दा ५०,००० भन्दा बढी मानिस घाइते भएका, ३,००० जना हराइरहेका र ५० लाख जनता प्रभावित भएको तथ्य देखिन्छ[28] ।

प्रतिफल ७ जोखिमहरू घटाउने तथा जलवायु परिवर्तनसँग अनुकूलित हुनका लागि राष्ट्रिय तथा स्थानीय सरकारको क्षमता मजबुत तुल्याएर तथा जलवायु परिवर्तन र विपद्हरूको जोखिममा रहेका जनताका आवश्यकताहरूलाई सम्बोधन गर्दै विकासका प्रतिफलहरूको संरक्षण गर्न केन्द्रित छ । यस प्रतिफलले सरकारी अधिकारीहरूलाई प्रभावकारी ढङ्गले जोखिम व्यवस्थापन गर्न र जलवायु परिवर्तनसँग अनुकूल हुन आवश्यक नीति तथा प्रणालीहरूको नेतृत्व र कार्यान्वयन गर्न; सहरी जनसङ्ख्यालाई जोखिम तथा जलवायु परिवर्तनसँगै अनुकूलनको तयारी तथा व्यवस्थापन गर्न; जोखिममा रहेका जनताको विपद् जोखिम व्यवस्थापन बारेको ज्ञान तथा जलवायु परिवर्तनसँग अनुकूलन हुने तथा जोखिमको न्यूनीकरण गर्ने क्षमता बढाउन; र सङ्कटपूर्ण विपद्हरू विरुद्ध प्रभावकारी ढङ्गले तयारी तथा सामना गर्न राष्ट्रिय तयारी तथा आपत्कालीन व्यवस्थाहरू गर्न सक्षम तुल्याउनेछ ।

विपद् व्यवस्थापन सम्बन्धी पहिलो राष्ट्रिय कार्ययोजना सन् १९९६ मा र विपद् जोखिम व्यवस्थापनका लागि राष्ट्रिय रणनीति सन् २००८ मा तयार पारिएको थियो । कानुन तथा नीतिहरूको संशोधन प्रक्रिया भने जारी नै रहेको छ । सन् २००९ मा नेपाल सरकारले संरास समेत विभिन्न विकास साझेदारहरूको सहयोगमा नेपाल जोखिम न्यूनीकरण सहायता समिति (एनआरआरसी) तथा दीर्घकालीन विपद् जोखिम न्यूनीकरण (डिआरआर) कार्ययोजनाको पनि थालनी गऱ्यो । एनआरआरसी अन्तर्गतका कार्य क्षेत्रहरूमा, सुरक्षित विद्यालय तथा अस्पतालहरू निर्माणमा सहयोग गर्ने, आपतकालीन तयारी तथा प्रतिरोधको क्षमता सुदृढ गर्ने, कोसी नदी डुबान क्षेत्रमा थप भू-क्षय हुनबाट रोक्ने, सामुदायिक विपद् जोखिम व्यवस्थापनलाई मजबुत तुल्याउने र विपद् जोखिम व्यवस्थापनका लागि समग्र नीतिगत/संस्थागत सहयोग उपलब्ध गराउने इत्यादि पर्दछन् ।

### *औचित्य तथा अपेक्षित परिणामहरू*

सम्भवत: नेपालको सम्पूर्ण जनसङ्ख्या प्राकृतिक प्रकोपहरू र/वा भूमण्डलीय तापवृद्धि र जलवायु परिवर्तनका प्रभावको जोखिममा रहेको छ । यद्यपि, निश्चित स-साना जनसङ्ख्याका हिस्साहरू विशेष रूपमा प्राकृतिक प्रकोपको जोखिममा रहेका समूहका रूपमा पहिचान गरिएको छ, किनभने उनीहरू या त बारम्बार दोहोरिइरहने 'दीर्घकालीन' प्रकोप (नियमित घटिरहने स्थानीय स्तरको प्रकोप) को जोखिममा रहेका छन्, जसले उक्त समूहलाई गरीबी तथा खाद्य असुरक्षाको चपेटामा पार्दछ; अथवा 'सघन' प्रकोप (अनियमित ठुलो स्तरको घटना) जसले उक्त समूहले हासिल गरेका विकासका प्रतिफलहरूलाई क्षति पुऱ्याउने सम्भावना हुन्छ ।

दोहोरिइरहने विपद्हरूले घरायसी सम्पत्तिहरू तथा जीविकोपार्जनका उपायहरू नष्ट गरेर गरीबीको पासोमा जकडिन सक्ने सम्भावना हुन्छ । उदाहरणका लागि, सन् १९९३ मा तराईमा आएको बाढीले पुऱ्याएको आर्थिक क्षति, गृह मन्त्रालयको आकलन अनुसार लगभग साढे पाँच करोड अमेरिकी डलर अर्थात् औसत सरकारी वार्षिक बजेटको तीन प्रतिशत रहेको थियो । घरपरिवारको स्तरमा विपद्हरूको आर्थिक प्रभाव अझ उच्च हुन्छ । यसले खास गरी गरीब तथा कुनै पूर्वतयारी नभएका घरपरिवारहरूलाई अझै दुर्बल तुल्याउँछ, तीमध्ये अधिकांश ग्रामीण क्षेत्रहरूमा बसोबास गर्दछन्, जहाँ औसत वार्षिक आय सहरी क्षेत्रहरूका घरपरिवारहरूका तुलनामा लगभग ३० प्रतिशतसम्म कम हुन्छ[29] । कुनै प्राकृतिक प्रकोपको घटना हुँदा जोखिममा परेका समूहहरू सबभन्दा बढी पीडित बन्दछन् । उनीहरूसँग थोरै जग्गा हुन्छ र प्राय: ती बाढीको जोखिमयुक्त क्षेत्रहरूमा बसोबास गर्दछन् । सामाजिक विभेदमा परेका दलित जस्ता समूहहरू प्राकृतिक विपद्हरू पछिका सार्वजनिक सेवाहरूको

---

[27] म्यापलक्रफ्ट, सन् २०१० । *दि क्लाइमेट चेन्ज भल्नराबिलिटी इन्डेक्स* । (जलवायु परिवर्तन जोखिम सूचकाङ्क) बाथ, संयुक्त अधिराज्य : म्यापलक्रफ्ट । http://www.maplecroft.com/

[28] युएनआइएसडिआर, सन् २००९ । नेपाल राष्ट्रिय प्रतिवेदन : जोखिमको विश्वव्यापी मूल्याङ्कन : आइएसडिआर ग्लोबल एस्सेसमेन्ट रिपोर्ट अन पोभर्टी एन्ड डिजास्टर रिस्क । जेनेभा : जोखिम न्यूनीकरणका लागि संरास अन्तर्राष्ट्रिय रणनीति (युएनआइएसडिआर) ।

[29] एनसिभिएसटी, सन् २००९ । *भल्नराबिलिटी थ्रु दी आइज अफ दी भल्नरेबल* । काठमाडौं : नेपाल जलवायु जोखिम अध्ययन टोली (एनसिभिएसटी)

पहुँचबाट समेत टाढिएको कमजोर अवस्थामा हुन्छन्[30] । विपद्हरूको प्रभाव पुरुष र महिलाका बीचमा पनि सेवामा पहुँच, कार्यबोझ, निर्णय गर्ने क्षमता, आर्थिक हैसियत तथा भूमिका र उत्तरदायित्वहरूका आधारमा भिन्दा भिन्दै हुन्छ ।

जनसङ्ख्या वृद्धिले अझ बढी जनता विपद्हरूको उच्च जोखिमयुक्त क्षेत्रहरूमा बसोबास गर्ने अवस्था उत्पन्न गर्दछ । यसबाहेक बढ्दो जनसङ्ख्या तथा त्यसको फलस्वरूप औसत भू-स्वामित्वमा आएको कमीले गर्दा सीमान्तकृत निर्वाहमुखी किसानहरू बढ्दो मात्रामा खडेरी तथा अनिश्चित मौसमी अवस्थाहरूको जोखिममा पर्दछन् । यसलाई सम्बोधन गर्नका लागि सन् २०१७ सम्ममा संरासले १४ खाद्य असुरक्षित जिल्लाहरूमा रणनीतिक रूपमा अवस्थित, छनोट गरिएका खाद्य पदार्थको आपूर्ति सहितका खाद्य भण्डारहरूको विकास गर्नेछ । जनसङ्ख्या वृद्धिले गर्दा नेपालमा मौलाएको व्यापक तथा अनियन्त्रित सहरी विकासको विस्तारले खासगरी भूकम्पसँग सम्बन्धित दृष्टिबाट निश्चित समुदायका लागि ठुलो जोखिमको अवस्था सिर्जना गरेको छ । सहरी जनसङ्ख्याका आावश्यकताहरूलाई सम्बोधन गर्न आवश्यक एक उपजको व्यवस्थाले सन् २०१७ सम्ममा नगरपालिकाहरूसित सम्बन्धित योजनाहरू, विनियमहरू, निर्माण आचारसंहिता, जलवायु परिवर्तन सम्बन्धी नीति र कार्यक्रमहरूका साथै आपत्कालीन तयारीका संयन्त्रहरू स्थापित भइसक्ने सुनिश्चित गर्दछ ।

सन् २०१७ सम्ममा सम्बोधन गरिनु पर्ने विपद्को जोखिममा रहेका सबैको जोखिमका लागि जिम्मेवार केही निहित कारणहरूमा विपद्हरूको जोखिमका बारेमा समुदायलाई पर्याप्त मात्रामा सतर्क नगराइनु, तथा विपद्हरू आइपर्दा तिनबाट बच्ने, जोखिम कम गर्ने अथवा तिनलाई सामना गर्ने उपयुक्त संयन्त्रहरू समेत पर्याप्त तथा लैङ्गिक-मैत्री विपद् जोखिम व्यवस्थापन (डिआरएम) नीतिहरू नहुनु र/वा नीतिहरू कार्यान्वयन नगरिनु रहेका छन् ।

उपयुक्त सूचना वितरणको अभाव एउटा महत्त्वपूर्ण सवाल भए पनि राष्ट्रिय स्तरमा विपद्हरूको व्यवस्थापन तथा जलवायु परिवर्तनसँग अनुकूलनको क्षेत्रलाई प्राथमिकताको अभावले कमजोर नीति र/वा सम्बद्ध नीतिहरूको कार्यान्वयनमा कमजोरीलाई निम्त्याएको छ । यो अवस्था बिस्तारै फेरिँदै छ । यद्यपि, खास गरी खडेरीको प्रभाव तथा खाद्य सुरक्षाको मौसमी ढाँचाका बिचमा ठुलो अन्तर रहेको छ । संरास विकास सहयोग रूपरेखा अवधिका बेला संरासङ्घीय टोलीले मुख्यतः संस्थागत तथा नीतिगत रूपमा रहेका अन्तरहरूका साथै सबै तहका सरकारी कर्मचारीहरूमा जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणका आवश्यकतालाई सम्बोधन गर्ने क्षमता छ भन्ने सुनिश्चित गर्ने लक्ष्य लिनेछ । संरासङ्घीय टोली जोखिममा रहेका जनसङ्ख्या सम्बन्धी जानकारीको अभावका विषयमा पनि केन्द्रित रहनेछ र सन् २०१७ सम्ममा स्थानीय तहका योजनाहरू तथा न्यूनीकरणका उपायहरू कार्यान्वयनका साथै कम्तीमा नौ जिल्लाका जोखिमयुक्त समूहहरूले एकीकृत जलवायु परिवर्तन अनुकूलन प्रविधिहरू उपयोग गरेको सुनिश्चित गर्ने उद्देश्य राख्दछ ।

पछिल्ला वर्षहरूमा विपद् तथा जलवायु परिवर्तनप्रतिको चासो उल्लेखनीय रूपमा बढेको छ । राष्ट्रिय अनुकूलन कार्ययोजना (नापा)ले जलवायु परिवर्तनका विषयमा जनचेतना बढाउन मदत गरेको छ र सरकारी तथा विकास साझेदारका पहलहरूले खास गरी भूकम्प समेत विपद्हरूका विषयमा जनचेतना वृद्धि गरेका छन् । यद्यपि, नगरपालिकाको बारुणयन्त्र सेवा जस्ता केही क्षेत्रहरूमा ठुलो खाडल बाँकी नै छ । भूकम्प तथा अन्य जोखिमहरू विरुद्ध पूर्वतयारीलाई बढाउनका लागि जोडदार प्रचारप्रसार अभियान समेत थुप्रै छिटो प्रतिफल प्राप्त हुने उपायहरू अवलम्बन गर्न सकिनेछ । यसबाहेक, सूचनाको व्यवस्थापनलाई दरिलो बनाएर तथा क्षमता विकासका क्रियाकलापहरू कार्यान्वयन गरेर वैज्ञानिक सूचना सङ्कलन गर्न सकिन्छ र जलवायु परिवर्तन तथा सम्बन्धित खतराहरूको प्रभावलाई न्यूनीकरण गर्नका लागि सर्वोत्तम अभ्यासहरूका विषयमा पाठ सिकिन्छ ।

## *कार्यान्वयन, साझेदारहरू तथा समन्वय*

प्रतिफल ७ का उपजहरू नेपाल सरकारभित्रका विद्यमान संरचनाहरूमा आधारित छन्, सबभन्दा उल्लेख्य रूपमा विपद् जोखिम व्यवस्थापन सम्बन्धी राष्ट्रिय रणनीति तथा नापा रहेका छन् भने तिनै अनुसार क्रियाकलापहरू पनि सरकारी प्रयासहरूसित अधिकतम स्तरसम्म कार्यगत एकतालाई प्रवर्द्धन गर्ने किसिमले निर्माण गरिएका छन् । यसबाहेक, अधिकांश विपद् जोखिम व्यवस्थापनका क्रियाकलापहरूले नेपाल जोखिम न्यूनीकरण सहायता समिति (एनआरआरसी)को कार्ययोजनामा पनि योगदान पुऱ्याउँछन् किनभने तिनलाई एसियाली विकास बैङ्क, विश्व बैङ्क तथा प्रमुख दातृ निकायहरू समेत एनआरआरसीका प्रमुख साझेदारहरूको निकट परामर्शमा तयार पारिएका छन् । अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू समेत अन्य प्रमुख दातृ निकायहरू तथा सरोकारवालाहरूको समन्वयमा पनि गतिविधिहरू सञ्चालन गरिन्छन् । अन्तरनियोग स्थायी समिति (आइएएससी) सामूहिक प्रणालीले एकरूपतायुक्त तथा समुचित समन्वयपूर्ण विपद् पूर्वतयारी योजनाहरू निर्माणको सन्दर्भमा संरास, गैसस तथा राज्यका सक्रिय पक्षहरूको समन्वयलाई सुनिश्चित गर्नेछ । खास गरी युएनडिपी तथा विश्व खाद्य कार्यक्रमका कार्य मार्फत निजी क्षेत्रलाई आपत्कालीन तयारी तथा प्रतिरोधक क्रियाकलापहरूमा संलग्न गराउँदै सुरु भएका पहलहरूलाई जारी राख्नु पनि निकै महत्त्वपूर्ण हुनेछ । सञ्चार

[30] आइआइडिएस, सन् २००८ । दक्षिण एसियामा जातीय आधारमा गरिने भेदभाव : नेपालको एक मामिला अध्ययन । नयाँ दिल्ली : भारतीय दलित अध्ययन संस्था (आइआइडिएस)

सेवा प्रदायकहरू, हवाई कम्पनी तथा मुख्य आपूर्तिकर्ताहरूको संलग्नतालाई आपत्कालीन योजनाहरूमा समायोजन गरिनेछ ।

***प्रतिफल ८ : राष्ट्रिय संस्थाहरूले द्वन्द्वसँग सम्बन्धित मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको हनन तथा पीडितहरूका द्वन्द्व-पश्चात्का आवश्यकतालाई पर्याप्त मात्रामा सम्बोधन गर्नेछन् ।***

***प्रतिफल ९ : राष्ट्रिय कर्ता तथा संस्थाहरूले द्वन्द्वको जोखिमलाई व्यवस्थापन गरेर अग्रगामी रूपमा शान्ति सुव्यवस्थालाई सुदृढ गर्नेछन् ।***

## *परिदृश्य*

प्रतिफल ८ र ९ ले शान्ति-स्थापनाका आवश्यकता तथा द्वन्द्वका जोखिमहरूलाई सम्बोधन गरेर नेपालमा विकासका प्रतिफलहरूलाई संरक्षण गर्ने एउटा व्यापक क्षेत्रलाई समेट्दछन् । यी दुई प्रतिफलहरू मार्फत विस्तृत शाान्ति सम्झौताले रेखाङ्कन गरेका तत्कालका आवश्यकताहरूका साथै लामो अवधिका शान्ति-स्थापना तथा द्वन्द्व-रोकथामका प्राथमिकताहरूलाई सम्बोधन गरिन्छ । प्रतिफल ८ ले सङ्क्रमणकालीन न्यायिक प्रक्रियाहरूलाई सहयोग गर्दछ, द्वन्द्व-प्रभावित जनताका आवश्यकतालाई सम्बोधन गर्दछ र द्वन्द्वसँग सम्बन्धित सम्पत्तिका विवादहरूमा राष्ट्रिय कर्ताहरुलाई मद्दत गर्दछ । प्रतिफल ९, समावेशी वार्ता तथा सहभागिता, सामाजिक तथा आर्थिक सशक्तीकरण र सशस्त्र हिंसाको न्यूनीकरण मार्फत द्वन्द्वको रोकथाम गर्ने तथा शान्ति-स्थापना गर्ने विषयमा केन्द्रित छ । यी दुवै प्रतिफलका शीर्षकहरू उस्तै भएकाले यस दस्तावेजका लागि तिनलाई एकीकृत गरिएको छ । परिणाम म्याट्रिक्स तथा अनुगमन तथा मूल्याङ्कन रूपरेखामा हरेक प्रतिफललाई छुट्टा छुट्टै उतारिएको छ ।

## *औचित्य तथा अपेक्षित परिणामहरू*

कुनै पनि द्वन्द्व समाप्त भएका देशहरू सुरुका वर्षहरूमा फेरि हिंसामा फर्कन सक्ने सम्भावना उच्च हुने गरेको कुरा व्यापक रूपमा स्वीकार गरिएको छ । शान्ति सम्बन्धी संवेदनशील सवालहरूमा राजनीतिक दलहरूको गतिरोध कायमै रहेको अवस्थामा सन् २००६ मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भए तापनि शान्ति प्रक्रिया अझै समाप्त भइसकेको छैन र यस पक्षबाट नेपाल जोखिमपूर्ण अवस्थामा रहेको छ । उत्तरदायित्वको निरन्तर अभाव, सीमित आधारभूत सुविधाहरू, उच्च युवा बेरोजगारी तथा भिन्नभिन्न समुदायहरूलाई प्रभावित पारेका व्यापक रुपमा विद्यमान असमानताहरूले गर्दा अवस्था झन् बिग्रँदै गएकाले द्वन्द्वको जोखिम कायमै रहेको छ ।

संरास विकास सहयोग रूपरेखाका अन्य प्रतिफलहरूले विस्तारमा नेपालमा गहिरोसँग जरो गाडेका द्वन्द्वका शासकीय, न्यायिक अथवा आर्थिक कारणहरूलाई केलाउँछन् । यद्यपि, विकासका प्रतिफलहरूको संरक्षण गर्न तथा दिगो शान्ति कायम गर्नका लागि सम्बद्ध राष्ट्रिय संस्थाहरूलाई सबल तुल्याउँदै गर्दा सशस्त्र द्वन्द्वका तत्कालका परिणामहरूलाई पनि विस्तारपूर्वक सम्बोधन गर्ने किसिमका सशक्त कार्यकक्रमहरूको शृङ्खला आवश्यक देखिन्छ । यस संवेदनशील क्षेत्रमा संरासको सहयोगले सन् २०१७ सम्ममा नेपालमा द्वन्द्वको जोखिमलाई घटाउन व्यापक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

विस्तृत शान्ति सम्झौता तथा त्रिवर्षीय योजना समेत नेपालका राष्ट्रिय सम्झौताहरू तथा रणनीतिहरूले द्वन्द्व-पश्चात्का आवश्यकताहरूको एउटा शृङ्खलालाई प्राथमिकता दिन्छन् । प्रमुख मुद्दाहरूमा सङ्क्रमणकालीन न्याय, नागरिक सुरक्षा, समावेशी शासन प्रणाली, द्वन्द्व-सम्बन्धी सम्पत्तिका मुद्दाहरू, तथा द्वन्द्व-प्रभावित जनतालाई सहयोग पर्दछन् ।

निष्पक्ष तथा प्रभावकारी पैरवी गर्ने आफ्ना सबल पक्षहरूका बलमा, संरासले नेपाल सरकारलाई द्वन्द्व-पश्चात्का आवश्यकताहरूलाई सम्बोधन गर्न महत्त्वपूर्ण सहयोग उपलब्ध गराउन सक्दछ । निष्पक्ष सहजकर्ताका रूपमा संरासको प्रामाणिक क्षमताले सबै तह र तप्काका नेताहरूलाई वार्ताको संस्कृति सिर्जना गर्न सहयोग गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्न मदत गर्दछ, पीडितको न्यायको अधिकार तथा प्रभावकारी समाधान सुनिश्चित गर्दछ, र द्वन्द्व निम्त्याउने गतिरोधहरूलाई पार लगाउन सघाउ पुऱ्याउँछ । यसबाहेक, द्वन्द्व-पश्चात्का वातावरण सम्बन्धी आफ्नो अनुभवलाई उपयोग गरेर संरासले द्वन्द्वको जोखिममा रहेका जनसङ्ख्याको सामाजिक तथा आर्थिक सशक्तीकरणद्वारा शान्ति स्थापनालाई मजबुत तुल्याउने कार्यमा मदत गर्न सक्दछ । संरासको विश्वव्यापी पहुँचले गर्दा यसले विस्तृत शान्ति सम्झौता, त्रिवर्षीय योजना तथा शान्ति र विकास रणनीतिले पहिचान गरेका शान्तिस्थापना सम्बन्धी प्रतिबद्धताहरू पुरा गर्नका लागि आवश्यक प्राविधिक सल्लाह तथा सहयोग उपलब्ध गराउन सक्दछ ।

## *कार्यान्वयन, साझेदारहरू तथा समन्वय*

नेपाल सरकारलाई स्थायी शान्ति हासिल गर्नमा सहयोग पुऱ्याउन विभिन्न संरास निकायहरूका आपसी परिपूरक शक्तिमा आधारित प्रतिफल ८ र ९ द्वन्द्वपीडितहरूका अधिकार तथा आवश्यकताहरू र द्वन्द्व रोकथामको प्रवर्द्धन जस्ता दुई विषयगत क्षेत्रहरूमा केन्द्रित छन् ।

द्वन्द्वपीडितहरूका अधिकारको संरक्षण गर्न तथा आवश्यकताहरूलाई सम्बोधन गर्नका लागि ओएचसीएचआर, आइओएम र युएनडिपीले प्रमुख सरकारी मन्त्रालयहरूलाई

अन्तर्राष्ट्रिय कानुनहरू, मापदण्डहरू तथा उत्तम अभ्यासहरू अनुरूप सङ्क्रमणकालीन न्याय र क्षतिपूर्तिका सवालहरूलाई सम्वोधन गर्ने संयन्त्रहरू स्थापनामा मदत गर्नेछन् । युएन वुमनले ती निकायहरूलाई संयन्त्रहरूको कार्यान्वयन लैङ्गिक-मैत्री रूपमा गरिएको सुनिश्चित गरेर मदत पुऱ्याउनेछ । यस बाहेक युएन ह्याबिट्याट तथा संरास विकास कार्यक्रम (युएनडिपी) ले भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग मिलेर द्वन्द्वसँग सम्बन्धित सम्पत्ति तथा जग्गाका मुद्दाहरूलाई सम्बोधन गर्नेछन् ।

द्वन्द्व रोकथामलाई प्रवर्द्धन गर्नका लागि संरास निकायहरूले द्वन्द्वका मूल कारणहरूको सम्बोधनमा मदत गर्न आफ्नो विज्ञताका क्षेत्रहरूको समन्वय गर्नेछन् । युएनडिपी, युएन वुमन तथा आइएलओले सामाजिक तथा आर्थिक सशक्तीकरणका क्षेत्रमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा अन्य सम्बद्ध सरकारी निकायहरूका साथै निजी क्षेत्र र नागरिक समाजसित एकसाथ काम गरेर सिर्जना गरेको सहकार्यबाट द्वन्द्वको जोखिममा रहेका समूहहरू लाभान्वित हुनेछन् । अर्धरोजगार तथा बेरोजगार युवाका साथै अन्य जोखिममा रहेका समूहहरूलाई लक्षित गर्दै संरासले रोजगारी सिर्जनामा सहयोग तथा समावेशीकरण र सहभागिताको प्रवर्द्धन मार्फत द्वन्द्वको जोखिमलाई कम गर्नेछ । युएन वुमनले संरास सुरक्षा परिषद्का संकल्प प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयनमा सहयोग गर्दै ती प्रयासहरूमा साथ दिनेछ ।

युएनडिपीले सरकार, राजनीतिक तथा नागरिक समाजका नेतृत्वहरूसित मिलेर वार्ता तथा सहकार्यको लागि क्षमता विकास गर्ने समेत शान्ति-स्थापनाका पहलहरूको एउटा शृङ्खला मार्फत द्वन्द्व रोकथामका लागि कार्य गर्नेछ; सुरक्षा सम्बन्धी निकायहरू तथा सरकारी मन्त्रालयहरूसित मिलेर लक्षित क्षेत्रहरूमा सशस्त्र द्वन्द्व कम गर्नका लागि कार्य गर्नेछ; राष्ट्रिय सञ्चार माध्यम, सरकार, नागरिक समाज तथा विकास साझेदारहरूसित मिलेर शान्ति प्रक्रियाका प्रतिबद्धता सम्बन्धमा सार्वजनिक जानकारीलाई बढाउनका लागि सञ्चार सम्बन्धी रणनीतिहरू निर्माण गर्नेछ ।

प्रतिफल ८ र ९ ले निर्धारण गरेका लक्ष्यहरू हासिल गर्नका लागि संरासले शान्ति तथा पुनर्निर्माण मन्त्रालय, अर्थ मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालय, कानुन तथा न्याय मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय महिला आयोग, रक्षा मन्त्रालय, नेपाली सेना, प्रमुख राजनीतिक दलहरू तथा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान लगायतका राष्ट्रिय अङ्गहरूसित मिलेर कार्य गर्नेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरू समेत प्रमुख नागरिक समाज सङ्गठनहरू, द्वन्द्व प्रभावित समुदाय तथा समूहहरू र मानवअधिकारवादी सङ्गठनहरूले पनि महत्त्वपूर्ण भूमिका खेल्नेछन् ।

यी प्रतिफलहरूका लागि संरास विकास सहयोग रूपरेखाको समग्र सञ्चालन प्रणाली अनुरूप दुई वटा परस्पर समन्वयकारी संयन्त्रहरू सिर्जना गरिनेछन् । पहिलो, संरासङ्घीय टोलीका सदस्यहरू तथा राष्ट्रिय घटकहरू दुवै सहितको प्रतिफल परिचालन समूह (ओएसजी) को गठन गरिनेछ र संरास विकास सहयोग रूपरेखा उपज तथा प्रतिफलहरू सही मार्गमा रहेको सुनिश्चित गर्नका लागि उक्त ओएसजी समूह संरास विकास सहयोग रूपरेखा अवधिभरि सक्रिय रहनेछ । दोस्रो, सम्बद्ध सरकारी संस्थाहरूका साथै यस क्षेत्रका राष्ट्रिय विज्ञहरू सहितको एउटा राष्ट्रिय सल्लाहकार परिषद्को स्थापना गरिनेछ । ओएसजी तथा राष्ट्रिय सल्लाहकार अङ्गले एक जना ओएसजी संयोजकबाट सहयोग प्राप्त गर्नेछन् ।

## ख.३. खण्ड ३ : अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धिका लागि सहज वातावरण निर्माण

***प्रतिफल १० : नेपालका संस्थाहरू देशको नीति र अर्थतन्त्रलाई अन्तरसरकार आर्थिक तथा मानक प्रक्रियाहरू र अन्तर्राष्ट्रिय नीति तथा विधिको शासनसँग अझ प्रभावकारी रूपमा समायोजन गर्न बढी सक्षम हुनेछन् ।***

### *परिदृश्य*

प्रतिफल १० नेपाललाई बाँकी संसारसित अझ राम्ररी जोड्नेतर्फ लक्षित छ र नेपालका संस्थाहरू तथा अर्थतन्त्रलाई अन्तरसरकारी आर्थिक तथा सर्वमान्य वार्ताहरूका साथै नीति तथा कानुनी प्रणालीहरूमा अझ प्रभावकारी ढङ्गले समायोजन गर्नमा केन्द्रित छ । यस प्रतिफल अन्तर्गत, थप विश्वव्यापी तथा क्षेत्रीय सहकार्य, अन्तर्राष्ट्रिय मापदण्डहरूको सुरक्षा र सुधार कार्यमा विस्तार तथा विश्वव्यापी, क्षेत्रीय एवं उपक्षेत्रीय वार्ताहरूमा संलग्न हुने नेपालका संस्थाहरूको क्षमतालाई मजबुत तुल्याउने पहलहरू समेटिनेछन् । यस क्षेत्रका परिणामहरूले त्रिवर्षीय योजना, पेरिस घोषणापत्र, इस्तानबुल कार्ययोजना (आइपिओए) तथा शान्ति र विकास रणनीतिमा उल्लिखित सहकार्य र एकता सम्बन्धी कार्यसूचीहरूमा पहिचान गरिए झैं अन्तर्राष्ट्रिय सहकार्य तथा आर्थिक विकाससँग सम्बन्धित आवश्यकतालाई सम्बोधन गर्न योगदान पुऱ्याउनेछन् । इस्तानबुल कार्ययोजनाका अधिकांश प्राथमिकताहरू संरास विकास सहयोग रूपरेखाको खण्ड १ र २ का हिस्सा हुन् भने प्रतिफल १० ले (क) अनुदानको प्रभावकारिता सुनिश्चित गर्नका लागि विकास सहयोगको व्यवस्थापनमा सहयोग समेत स्रोतहरूको परिचालन र (ख) व्यापारिक पहलहरूमा सहयोगका लागि नेपाल सरकारको क्षमता मजबुत तुल्याउने इस्तानबुल कार्ययोजनाका प्राथमिकता हासिल गर्न मद्दत पुऱ्याउनेछ ।

### *औचित्य तथा अपेक्षित परिणामहरू*

नेपाल सन् १९५५ मा संयुक्त राष्ट्र सङ्घको सदस्य बन्यो । यो असंलग्न आन्दोलनको एक संस्थापक सदस्य हो र यसले दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क)को स्थापनामा महत्त्वपूर्ण भूमिका खेल्यो । नेपालले सन् १९९० देखि आफ्नो अर्थतन्त्रलाई उदारीकरण गर्दै आएको छ र त्यो क्रम दशक लामो द्वन्द्वका बेला पनि कायम रह्यो । यो सन् २००४ मा विश्व व्यापार सङ्गठनको सदस्य बन्यो । क्षेत्रीय तथा उपक्षेत्रीय तहमा नेपाल सार्क सहुलियतपूर्ण व्यापार सम्झौता (साप्टा), दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक विकासका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) को सदस्य रहेको छ । सन् १९५१ मा पहिलो पटक बाहिरि दुनियाँसँग खुला भएदेखि नै अन्तरसरकार सहकार्यका सन्दर्भमा नेपालले धेरै लामो यात्रा तय गरेको छ । यसले अग्रसरतापूर्वक विभिन्न सरकारहरूबिचका वार्ताहरूमा अनुदानको प्रभावकारितादेखि लिएर जलवायु परिवर्तनप्रति अनुकूलन सम्बन्धमा एकरूपता कायम गर्ने तथा गरीबी निवारणदेखि सांस्कृतिक धरोहरहरूको संरक्षण र महिला तथा बालबालिकाहरूको बेचबिखन रोक्नेसम्मका व्यापक क्षेत्रका सवालहरूमा सहभागिता जनाएको छ । सन् २०१२ को मार्चसम्म नेपाल लगभग १५० बहुपक्षीय सन्धिहरूको पक्ष राष्ट्रका रूपमा रहेको छ र थप २१ वटा अन्तर्राष्ट्रिय संयन्त्रहरूमा[31] हस्ताक्षर गरेको छ– अन्तर्राष्ट्रिय सङ्गठित अपराध विरुद्ध संयुक्त राष्ट्र सङ्घीय महासन्धि, सन् २०११ को डिसेम्बरमा हस्ताक्षर भएको सबैभन्दा पछिल्लो संयन्त्र हो । हाल नेपाल अल्प विकसित मुलुकहरूको समूहको अध्यक्ष समेत रहेको छ जसले गर्दा यसलाई अल्प विकसित मुलुकहरूका एजेन्डालाई तीव्र तुल्याउने अवसर तथा जिम्मेवारी दुवै प्राप्त छन् ।

यद्यपि, नेपालले हालसम्म अन्तर्राष्ट्रिय सहयोगका संरचनाहरूभित्र आफ्नो प्रभावकारी समायोजन तथा आफू पक्ष रहेका बहुपक्षीय संयन्त्रहरूको सन्दर्भमा हासिल गरेका उपलब्धिहरूको पूर्ण रूपमा लाभ उठाउन भने सकेको छैन । विश्व व्यापार सङ्गठन (डब्लुटिओ) तथा साफ्टा र बिमस्टेक जस्ता क्षेत्रीय व्यापारिक व्यवस्थाहरूमा प्रवेश गरेपछि नेपालको विश्वव्यापी बजारमा पहुँच विस्तार भएको थियो तर यसको निर्यातको मात्रामा वृद्धि भएको छैन[32] । नेपालले आफ्नो व्यापार घाटा[33], सीमा वारपार बसाइँ सर्ने जनसङ्ख्यामा उच्च दरमा देखिएको एचआइभी सङ्क्रमण, महिला तथा बालबालिकाहरूको बेचबिखन, भूमण्डलीय ताप वृद्धिले गर्दा हिमालको हिउँ र बरफ पग्लँदै गएको र हिमताल फुटेर बाढी आउन सक्ने जोखिम जस्ता सीमा वारपार तथा अन्तर-सरकार सम्बन्धी व्यापक क्षेत्रका मुद्दाहरूलाई व्यवस्थापन गर्ने क्षमताको अभावले गर्दा निरन्तर चुनौतीको सामना गरिहेको छ । लगानीहरूलाई सुदृढ गर्न र वैदेशिक सहायतालाई प्रभावकारी रूपमा उपयोग गर्नाका साथै क्षेत्रीय तथा विश्वव्यापी तहहरूमा सहायताको ढाँचा निर्धारण गर्ने छलफलहरूमा प्रभावकारी रूपमा संलग्न हुनका लागि नेपाल आफ्नो सीमित संस्थागत क्षमता तथा स्रोतहरूले गर्दा कमजोर अबश्थामा छ ।

यस्तो विपरीत पृष्ठभूमिसँग जुध्न र क्षेत्रीय तथा विश्वव्यापी तहहरूमा अन्तरसरकार सहकार्यलाई मलजल तथा सुदृढ गर्ने संरासको क्षमतालाई मनन गर्दै अन्तर्राष्ट्रिय सहयोगका

---

[31] कानुन तथा न्याय मन्त्रालय, सन् २०११ । नेपाल पक्ष रहेको तथा हस्ताक्षरकर्ता रहेको बहुपक्षीय सन्धिहरूको सूची । काठमाडौँ । कानुन तथा न्याय मन्त्रालय ।

[32] वाणिज्य तथा आपूर्ति मन्त्रालय, सन् २००९ । *नेपाल व्यापार नीति सन् २००९* । काठमाडौँ : वाणिज्य तथा आपूर्ति मन्त्रालय ।

[33] सन् २००४/०५ को ०.०१ मिलियन डलरबाट सन् २०१०/११ मा व्यापार घाटा ४.१ बिलियन अमेरिकी डलर पुग्यो, १ अमेरिकी डलर = नेरु ८० मा हिसाब गरिएको (नेराबै, सन् २०११ । *म्याक्रोइकोनमिक इन्डिकेटर्स अफ नेपाल । काठमाडौँ : नेपाल राष्ट्र बैङ्क ।*)

संरचनाहरूबाट फाइदा प्राप्त गर्नुका साथै विभिन्न अन्तर्राष्ट्रिय सहयोग मञ्चहरूमा ती सक्रिय घटकहरूको प्रभावकारी रूपमा सहभागी हुने क्षमता अभिवृद्धि गर्नका लागि नेपालका आवासीय र गैरआवासीय संरास निकायहरू (एनआरए) ले नेपाल सरकार तथा अन्य राष्ट्रिय कर्ताहरू दुवैलाई नीतिगत सहयोग उपलब्ध गराउनेछन् । उक्त सहयोग चार मुख्य क्षेत्रहरूको सेरोफेरोमा व्यवस्थित गरिनेछ : (i) अन्तर्राष्ट्रिय व्यापार, औद्योगिक तथा वातावरणीय कार्यसूचीहरूसँग सम्बन्धित अन्तर्राष्ट्रिय नीति तथा नियामक विषयहरू सम्बन्धी रणनीति तयार गर्ने र तिनबाट प्रतिफल प्राप्त गर्ने; (ii) अन्तर्राष्ट्रिय नीति तथा नियामक संरचनाहरू, सुझावहरू तथा मापदण्डहरूप्रतिको प्रतिबद्धता मजबुत तुल्याउने; (iii) सहयोगको समन्वय गर्ने, जवाफदेहिता बढाउने र विकास प्रभावकारी संयन्त्रहरूलाई परिचालित गर्ने ; र (iv) आप्रवास तथा एचआइभी नीतिहरू निर्माण तथा कार्यान्वयनमा अन्तरसरकार संलग्नतालाई सुदृढ तुल्याउने ।

## *कार्यान्वयन, साझेदारहरू र समन्वय*

प्रतिफल १० गैरआवासीय निकायहरू समेत विभिन्न संरासङ्घीय निकायहरूको परस्पर क्षमताहरूमा आधारित छ; यद्यपि ती उपजहरू हासिल गर्नका लागि अझ बढी समन्वयात्मक विधि, अन्तिम परिणामहरूप्रति अझ गम्भीर चासो, स्थानीय विज्ञताको अझ बढी उपयोग आवश्यक हुन्छ । त्यसकारण यस प्रतिफलको कार्यान्वयन नेपाल सरकारका तर्फबाट दरिलो नेतृत्वद्वारा तथा द्विपक्षीय र बहुपक्षीय विकास साझेदारहरू, नागरिक समाजका प्रतिनिधिहरू तथा निजी क्षेत्रसँगको निकट सहकार्यमा गरिनु पर्दछ । यस प्रतिफलको कार्यान्वयनका लागि प्रमुख साझेदारहरूमा परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय अन्तर्गतको वैदेशिक सहयोग समन्वय महाशाखा, उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रधानमन्त्रीको कार्यालय, श्रम तथा रोजगार मन्त्रालय, कानुन तथा न्याय मन्त्रालय, वातावरण मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालयका साथै निजी क्षेत्र पनि पर्दछन् ।

व्यापार तथा जलवायु परिवर्तनमा लगानीको पहुँचसँग सम्बन्धित अन्तर्राष्ट्रिय नीति तथा नियामक कार्यढाँचाहरू सम्बन्धी रणनीतिहरू निर्माण तथा परिपालना गर्नका लागि राष्ट्रिय क्षमता विकासका क्षेत्रमा, व्यापार तथा उत्पादनशील क्षमता सम्बन्धी संरास अन्तर-निकाय समूहको प्रतिनिधित्व गर्ने संरास निकायहरू (जस्तै : युनिडो, युएनडिपी, आइटिसी, एफएओ, डब्लुटिओ, युएनइपी, आइएलओ, युएनसिट्रल) तथा निशस्त्रीकरण मामिला सम्बन्धी संरास कार्यालय (क्षेत्रीय केन्द्र) ले जिम्मेवार राष्ट्रिय समकक्षी पक्षहरूसँग समन्वय गर्नेछन् । सम्बन्धित निकायहरूले अन्य क्षेत्रगत नीतिहरूसँग व्यापार तथा औद्योगिक नीतिहरूको सामञ्जस्य सुनिश्चित गर्न, उद्योग र वातावरण बीचका अन्तर्सम्बन्धित विषयहरूलाई सम्बोधन गर्न, र नेपालका लागि लाभदायक अन्तर्राष्ट्रिय सन्धिहरूबाट लाभ हासिल गर्नका लागि अन्तर्राष्ट्रिय नीति तथा नियामक कार्यढाँचाहरूसँग अझ सामञ्जस्य कायम गर्न नेपाललाई सहयोग गर्नेछन् ।

एचआइभी/एड्सका क्षेत्रमा नेपाल तथा भारतका संरासङ्घीय टोलीहरूले नेपाल सरकार र सार्क मुलुकहरूका सरकारका साथै यस विषयमा कार्यरत गैससहरूसँग साझेदारी गर्नेछन् । यसले एचआइभी/एड्सको सङ्क्रमणलाई घटाउन लक्षित सीमा-वारपारका पहलहरूलाई समेट्नेछ ।

सहयोग व्यवस्थापन मञ्चको स्थापनाले सहयोग समन्वयका क्षेत्रमा हासिल गरिएका परिणामहरू तथा परस्पर जवाफदेहिताको व्यवस्थापनमा नेपाल सरकारलाई अनुदान-सहयोगको स्वामित्व लिने, संलग्नतालाई मजबुत तुल्याउन, प्राप्त सहयोगको पारदर्शिता सुधार गर्ने महत्त्वपूर्ण अवसर समेत उपलब्ध गराउँछ । यद्यपि, आफ्नो भूमिकालाई अझ प्रभावकारी ढङ्गले पुरा गर्नका लागि वैदेशिक सहयोग समन्वय महाशाखाको पुनर्गठनका साथै पर्याप्त स्रोतहरू उपलब्ध गराउनु पर्दछ[34] । त्यसकारण, आफ्नो एसिया प्रशान्त क्षेत्रीय केन्द्र सँगसँगै युएनडिपीले सहयोगको सामञ्जस्यता तथा प्रभावकारिता बढाउने अर्थ मन्त्रालयको प्रयास स्वरूप वैदेशिक सहयोग समन्वय महाशाखालाई मजबुत तुल्याउन मदत गर्नेछ । संरासले बढी जवाफदेहिता तथा पारदर्शिता हासिल गर्नका लागि अन्य राष्ट्रिय सरोकारवालाहरूसँग पनि कार्य गर्नेछ ।

[34] अर्थ मन्त्रालयले बुसान सम्मेलनका लागि तयार पारेको नेपालको सङ्क्षिप्त विवरण ।

## अनुसूची १ : नेपाल संरास विकास सहयोग रूपरेखा सन् २०१३-२०१७ परिणाम म्याट्रिक्स

| प्रतिफल/उपज | निकायहरू | निकायहरूका परिसूचक योगदानहरू | परिसूचक स्रोतहरू (अमेरिकी डलरमा) | | | गैर-संरास साझेदारहरू (नेपाल सरकार, अन्य विकास साझेदारहरू तथा नागरिक समाज) को भूमिका |
|---|---|---|---|---|---|---|
| | | | नियमित स्रोतहरू | अन्य स्रोतहरू | जम्मा | |
| **खण्ड १ :समता मार्फत समानतालाई बढाउने** | | | | | | |
| **प्रतिफल १ : अत्यावश्यक आधारभूत सामाजिक सुविधाहरू तथा कार्यक्रमहरूमा जोखिममा परेका तथा पिछडिएका समूहहरूले न्यायोचित ढङ्गले सजिलै पहुँच प्राप्त गर्नेछन्।** | | | **३८,२०१,०००** | **१८३,५७७,०९५** | **२२१,७७८,०९५** | नेपाल सरकार : समन्वय, कार्यान्वयन, लागतमा हिस्सेदारी, योजना निर्माण, अनुगमन<br>अन्य विकास साझेदारहरू : संयुक्त प्राविधिक सहयोग, लगानी, संयुक्त अनुगमन<br>नागरिक समाज : कार्यान्वयनमा सहयोग, पैरवी तथा अनुगमन |
| **उपज १.१ : शिक्षा मन्त्रालय तथा यस मातहतका संस्थाहरूले शिशु स्याहार तथा शिक्षा, औपचारिक तथा अनौपचारिक शिक्षाका क्षेत्रमा विद्यालय क्षेत्र सुधार योजना अनुरूपका उच्चस्तरको कार्यान्वयन गर्नेछन्।** | संरास बालकोष (युनिसेफ) | छानिएका जिल्ला तथा नगरपालिकाहरूले पाँच वर्ष मुनिका केटाकेटीहरू विद्यालय जान तयार हुने अवस्थालाई सुधार गर्नका लागि अभिभावकलाई शिक्षा तथा बालमैत्री पूर्व-प्राथमिक शिक्षा प्रदान गर्नेछन्। | ३००,००० | ३,५५०,००० | ३,८५०,००० | नेपाल सरकार : समन्वय, कार्यान्वयन, लागतमा हिस्सेदारी, योजना निर्माण, अनुगमन<br>अन्य विकास साझेदारहरू : संयुक्त प्राविधिक सहयोग, लगानी, संयुक्त अनुगमन<br>नागरिक समाज : कार्यान्वयनमा सहयोग, पैरवी तथा अनुगमन |
| | संरास बालकोष (युनिसेफ) | छानिएका जिल्ला तथा नगरपालिकाहरूले केटाकेटीहरू, विशेष गरी बालिकाहरू तथा सीमान्तकृत बालबालिकाहरूलाई अविच्छिन्न रूपमा बालमैत्री आधारभूत तथा माध्यमिक शिक्षा उपलब्ध गराउनेछन्। | २००,००० | १०,०००,००० | १०,२००,००० | |
| **उपज ४.१ : न्यायिक, विधायकी तथा प्रशासकीय अधिकारीहरूले जनताका अधिकार तथा संवैधानिक प्रत्याभूतिहरूको रक्षा गर्ने कानुनको निर्माण, सुधार तथा कार्यान्वयन क्षमता सुदृढ गर्नेछन् ।** | ४.१.१ नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूसँग मेल खाने गरी संशोधन/सुधार भएका कानुनहरूको सङ्ख्या<br>आधाररेखा : (क) ४० वटा कानुनहरू पुनरावलोकन गरी सरकार समक्ष पेस गरिएको<br>(ख) अन्य : पत्ता लगाउन बाँकी<br>लक्ष्य : १५० (महिला विरुद्धका कम्तीमा ५० वटा विभेदकारी कानुनहरूसमेत संशोधन/सुधार) | ४.१.१ नेपाल राजपत्र |
| | ४.१.२ सङ्क्रमित, प्रभावित तथा जोखिममा रहेका समूहहरूका अधिकारहरूलाई संरक्षण र संवर्द्धन गर्नका लागि एचआइभी विधेयक अनुमोदन तथा कार्यान्वयन<br>आधाररेखा : छैन (सन् २०१२)<br>लक्ष्य : छ | ४.१.२ नेपाल राजपत्र |
| **उपज ४.२ : निष्पक्ष तथा प्रभावकारी सुरक्षा र न्यायिक संस्थाहरूमा जोखिममा परेका जनता अझ बढी पहुँचका लागि सक्षम हुनेछन् ।** | ४.२.१ लैङ्गिक– तथा बाल–संवेदनशील अनुसन्धानात्मक तथा अदालती कार्यविधिहरू कार्यान्वयन गर्नका लागि आवश्यक ज्ञान, प्रवृत्ति, अभ्यास तथा व्यवहारका साथै साधनहरू भएका प्रहरी, सरकारी वकिलहरू र अदालतका कर्मचारीहरू सहितका जिल्लाहरूको सङ्ख्या<br>आधाररेखा : बाल-संवेदनशील कार्यविधिहरूका लागि : ३६<br>लक्ष्य : ४६<br>आधाररेखा : लैङ्गिक-संवेदनशील कार्यविधिहरूका लागि : ४<br>लक्ष्य : २० | ४.२.१ अदालत, प्रहरी तथा महान्यायाधिवक्ताको कार्यालयका वार्षिक प्रतिवेदनहरू ; युएन वुमन तथा युनिसेफ प्रतिवेदनहरू |
| | ४.२.२ पाँच जिल्लाहरूमा अदालत सम्बन्धी सेवाहरूबाट लाभान्वित जोखिममा रहेका जनताको सङ्ख्या<br>आधाररेखा : सन् २०१२ मा न्यायमा पहुँच परियोजना मार्फत २००<br>लक्ष्य : थप ३,००० | ४.२.२ युएनडिपीको न्यायमा पहुँच परियोजनाका प्रतिवेदनहरू |
| | ४.२.३ कानुनी सहयोग सेवाहरू/प्रतिनिधित्वबाट लाभान्वित जनताको सङ्ख्या<br>आधाररेखा : सन् २०१२ मा न्यायमा पहुँच परियोजना मार्फत ५००<br>लक्ष्य : १०,००० | ४.२.३ युएनडीपीको न्यायमा पहुँच परियोजनाका प्रतिवेदनहरू, जिल्ला कानुनी सहायता केन्द्रका अभिलेखहरू |
| **उपज ४.३ : सरकारी तथा मानवअधिकारवादी संस्थाहरूको मानवअधिकार सम्बन्धी दायित्वहरू कार्यान्वयनको अवस्थाको अनुगमन तथा सूचना दिने क्षमतामा वृद्धि हुनेछ ।** | ४.३.१ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव निर्मूल गर्ने सम्बन्धी महासन्धि (सिड) मा नेपालले प्रतिवेदन बुझाएको छ ।<br>आधाररेखा : छ (सन् २०११)<br>लक्ष्य : छ, सन् २०१३ मा र सन् २०१५ मा | ४.३.१ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव निर्मूल गर्ने सम्बन्धी महासन्धिका अभिलेखहरू |
| | ४.३.२ राष्ट्रिय मानवअधिकार आयोगका सुझावहरू कार्यान्वयनको % | ४.३.२ राष्ट्रिय मानवअधिकार |

| | | |
|---|---|---|
| | आधाररेखा : २९% (सन् २०११)<br>लक्ष्य : ६०% | अयोग, महान्यायाधिवक्ताको कार्यालय, सर्वोच्च अदालत तथा जिल्ला अदालतहरू, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका प्रतिवेदनहरू; छाँया प्रतिवेदनहरू |
| | ४.३.३ प्रतिबन्धित विभेदका आधारहरूमा (आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धको धारा २.२) नेपाल सरकारबाट क्षतिपूर्ति प्राप्त गर्ने मानवअधिकार उल्लङ्घनबाट पीडितहरूको %<br>आधाररेखा : ०%<br>लक्ष्य : ५०% | ४.३.३ नेपाल सरकारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू सम्बन्धी अनुवन्ध सम्बन्धमा युएनडिपीको समीक्षा, राष्ट्रिय मानवअधिकार आयोगका प्रतिवेदनहरू, महान्यायाधिवक्ताका वार्षिक प्रतिवेदनहरू, छाँया प्रतिवेदनहरू |

| प्रतिफल/उपज | सूचक, आधाररेखा, लक्ष्य | प्रमाणीकरणका माध्यमहरू |
|---|---|---|
| **प्रतिफल ५ : लोकतान्त्रिक शासन सम्बन्धी संस्थाहरू, प्रणालीहरू तथा प्रक्रियाहरू बढी जवाफदेही, प्रभावकारी, सक्षम तथा समावेशी हुनेछन् ।** | ५.१ राष्ट्रिय तथा स्थानीय निर्वाचनहरूमा महिला तथा अल्पसङ्ख्यक उमेद्वारहरूको %<br>आधाररेखा : संविधान सभाको निर्वाचनमा ३३% उमेद्वारहरू महिला थिए (अल्पसङ्ख्यक : पत्ता लगाउन बाँकी)<br>लक्ष्य : ४०% महिलाहरू (अल्पसङ्ख्यक : निर्धारण गर्न बाँकी) | ५.१ निर्वाचन आयोग, नेपाल |
| | ५.२ राष्ट्रिय तथा स्थानीय निर्वाचनहरूमा मतदान गर्ने योग्य मतदाताहरू (पुरुष र महिला)को मतदानको %<br>आधाररेखा : जम्मा दर्ता मतदाताहरूमध्ये ६२% (जसमध्ये ५०.४% पुरुष थिए र ४९.६% महिला थिए) ले सन् २००८ को राष्ट्रिय निर्वाचनमा मतदान गरे<br>लक्ष्य : राष्ट्रिय तथा स्थानीय दुवै निर्वाचनहरूमा ६७ % | ५.२ निर्वाचन आयोग, नेपाल |
| | ५.३ एकमुष्ठ अनुदानलाई सरकारी निर्देशिकाका प्रावधानहरू पूर्ण रूपमा पालना गरेर बालबालिका (१०%), महिला (१०%) र वञ्चित समूहहरू (१५%) का लागि खर्च गर्ने जिविसहरू तथा नगरपालिकाहरूको %<br>आधाररेखा : १७% जिविसहरू र ४९% नगरपालिकाहरू (सन् २०१०/११)<br>लक्ष्य : १००% | ५.३ स्थानिय निकाय वित्तिय आयोगद्वारा वार्षिक न्यूनतम परिस्थिति कार्यसम्पादन पहलहरूको मूल्याङ्कन |
| **उपज ५.१ : निर्वाचन आयोग, नेपालसँग विश्वसनीय, समावेशी तथा पारदर्शी चुनावहरू सञ्चालन गर्ने क्षमता हुनेछ ।** | ५.१.१ फोटो तथा जैविक (औंठाछापयुक्त) प्रमाणसहित नेपालको निर्वाचन आयोगद्वारा दर्ता गरिएका मतदान गर्न योग्य वालिग पुरुष तथा महिलाहरूको %<br>आधाररेखा : सन् २०१२ को डिसेम्बरसम्म, १०,९११,४२४ जना दर्ता भइसकेको (ती मध्ये ४९% पुरुष, ५१% महिला र १०९ जना तेस्रो लिङ्गी रहेका<br>लक्ष्य : ७०% पुरुष तथा महिला दर्ता हुने | ५.१.१ राष्ट्रिय निर्वाचन आयोग तथा परियोजनाका प्रतिवेदनहरू |
| | ५.१.२ सञ्चार माध्यमहरू सम्बन्धी निर्वाचन आचारसंहितामा हस्ताक्षर तथा कार्यान्वयन गर्न सहमत राष्ट्रिय सञ्चार गृहहरूको %<br>आधाररेखा : ०% (हालको पत्रकार आचारसंहिता (सन् २००३)ले निर्वाचनका बेला पालना गर्नुपर्ने आचारसंहितालाई समेट्दैन)<br>लक्ष्य : २५ सञ्चार गृहहरू मध्ये ८०% | ५.१.२ सञ्चार गृहहरूद्वारा हस्ताक्षरित आचारसंहिता, परियोजना प्रतिवेदनहरू; निर्वाचन आयोग, नेपाल |
| **उपज ५.२ : प्रादेशिक तथा स्थानीय अङ्गहरूले समावेशी सरकारी सेवाहरूका लागि योजना तर्जुमा, बजेट बाँडफाँड, अनुगमन, प्रतिवेदन तयार पार्नुका साथै प्रदान गर्न सक्नेछन् ।** | ५.२.१ सरकारको बाल-मैत्री स्थानीय शासन रणनीति अन्तर्गत अवलम्बन गरिएका न्यूनतम् परिसूचकहरूमा आधारित एकीकृत योजनाहरू सहितका स्थानीय निकायहरूको %<br>आधाररेखा : सन् २०११ मा ० जिविसहरू तथा १ नगरपालिका<br>लक्ष्य : ५० जिविसहरू तथा ७ नगरपालिकाहरू | ५.२.१ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, व्यवस्थापन सूचना प्रणाली, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका अवस्था सम्बन्धी प्रतिवेदनहरू, स्थानीय निकायहरू तथा सरकार/अन्य सूचनाहरू |
| | ५.२.२ सरकारी नियमावलीहरू अनुसार आफ्नो आर्थिक व्यवस्थापन र सार्वजनिक खर्च अनुगमनलाई सुधार गरेका जिविस र नगरपालिकाहरूको %<br>आधाररेखा : ४७% जिविसहरू (३५) र १७% नगरपालिकाहरू (१०)<br>लक्ष्य : जिविस तथा नगरपालिकाहरू दुवैका लागि १०० % | ५.२.२ स्थानीय निकाय वित्तिय आयोगद्वारा वार्षिक न्यूनतम् परिस्थिति कार्यसम्पादन पहलहरूको मूल्याङ्कन |
| **उपज ५.३ : प्रादेशिक, जिल्ला तथा स्थानीय अङ्गहरूले समतामुलक तथा उचित प्रकारले थप आर्थिक स्रोतहरूमाथि पहुँचको क्षमता वृद्धि गर्नेछन् ।** | ५.३.१ जिविस, नगरपालिका तथा गाविस निकायहरू वा तिनिहरुका सट्टामा बन्ने निकायहरुबाट राजस्व तथा खर्च विनियोजन सम्बन्धी प्रस्तावका ठेलीहरूलाई अन्तिम रूप दिएर प्रधानमन्त्रीको कार्यालय समक्ष प्रस्तुत<br>आधाररेखा : छैन | ५.३.१ स्थानीय निकाय वित्तिय आयोग (यसका वर्तमान तथा भावी स्वरूपहरूमा)/सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका त्रैमासिक |

| | | |
|---|---|---|
| | लक्ष्य : छ | प्रतिवेदनहरू |
| | ५.३.२ कार्यसम्पादनका आधारमा थप अनुदान विनियोजन प्राप्त गर्ने जिविस र नगरपालिकाहरूको %<br>आधाररेखा : ८५% जिविसहरू तथा ४८% नगरपालिकाहरू (सन् २००९/१०)<br>लक्ष्य : ९५% (जिविसहरू तथा नगरपालिकाहरू दुवैमा) | ५.३.२ स्थानीय निकाय वित्तिय आयोगद्वारा वार्षिक न्यूनतम परिस्थिति कार्यसम्पादन पहलहरूको मूल्याङ्कन ( स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको वेबसाइटमा उपलब्ध) |

| प्रतिफल/उपज | सूचक, आधाररेखा, लक्ष्य | प्रमाणीकरणका माध्यमहरू |
|---|---|---|
| **उपज ५.४ : राष्ट्रिय, प्रादेशिक तथा स्थानीय संस्थाहरूले जोखिममा परेका समूहहरूलाई लक्षित गरेर जनसाङ्ख्यिक गतिशीलतासँग अन्तर-समन्वय गर्ने क्षमताका साथै तथ्यमा आधारित योजना तर्जुमा, अनुगमन र बजेट बाँडफाँडका लागि छुट्टा-छुट्टै सामाजिक-जनसाङ्ख्यिक तथ्याङ्कहरूलाई प्रसार तथा उपयोग गर्ने क्षमतामा सुधार गर्नेछन् ।** | ५.४.१ जनसङ्ख्या, किशोर/किशोरीको यौन तथा प्रजनन स्वास्थ्य, युवा र यौन तथा लिङ्गमा आधारित हिंसा सम्बन्धी सवालहरूलाई सम्बोधन गर्दै आफ्ना कार्ययोजना तथा बजेट निर्माण र कार्यान्वयन गर्ने प्रमुख क्षेत्रगत मन्त्रालयहरूको %<br>आधाररेखा : १९%(२७ मध्ये ५ मन्त्रालयहरू) सन् २०१२<br>लक्ष्य : न्यूनतम् ५८% (हाल १५ मन्त्रालयहरू) | ५.४.१ क्षेत्रगत मन्त्रालयहरूको वार्षिक कार्ययोजना बजेटको संरास जनसङ्ख्या कोषद्वारा समीक्षा |
| | ५.४.२ आफ्ना वार्षिक प्रतिवेदनहरूको अङ्गका रूपमा जनसङ्ख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (आइसीपीडी)का प्रमुख परिसूचकहरूलाई जिल्ला गरीबी अनुगमन तथा विश्लेषण प्रणालीमा आधारित तथ्याङ्क/सूचना प्रयोग गर्ने संरास जनसङ्ख्या कोषद्वारा सहयोग गरिएका १८ जिल्लाका जिविसहरूको सङ्ख्या<br>आधाररेखा : ०<br>लक्ष्य : १८ | ५.४.२ जिविस वार्षिक प्रतिवेदनहरू, संरास जनसङ्ख्या कोष मानक प्रगति प्रतिवेदन |
| | ५.४.३ संरास जनसङ्ख्या कोषको सहयोग प्राप्त १८ जिल्लाहरूमा युवा सङ्गठनहरूको प्रतिनिधित्व गर्नेहरूमध्ये स्थानीय सरकारी योजना निर्माण प्रक्रियाहरूमा सहभागीहरूको %<br>आधाररेखा : जिविस परिषद्को बैठकमा १.४% र जिल्ला एकीकृत योजना समितिको बैठकमा १.७ %<br>लक्ष्य : २०% | ५.४.३ एकीकृत योजना समितिहरू र जिल्ला परिषद्हरूका बैठकका निर्णयहरू, संरास जनसङ्ख्या कोषको मानक प्रगति प्रतिवेदन |
| **प्रतिफल ६ : नयाँ सङ्घीय संविधानका प्रावधानहरू पुरा गर्नका लागि सरकारका विभिन्न तहहरू स्थापित तथा क्रियाशील हुनेछन् ।** | ६.१ निर्वाचित सरकारका सबै तहहरूमा आफ्नो प्रतिनिधित्व भएको महसुस गर्ने महिला, दलित, जनजाति, मुसलमान तथा अन्य अल्पसङ्ख्यक महिलाहरूको %<br>आधाररेखा : पत्ता लगाउन बाँकी<br>लक्ष्य : ७०% | ६.१ संरास विकास कार्यक्रम र युएन वुमनको अवधारणा सर्वेक्षण |
| | ६.२ सरकारका तीन तहहरूको निर्वाचन सम्पन्न<br>आधाररेखा : छैन<br>लक्ष्य : छ | ६.२ राष्ट्रिय राजपत्र |
| **उपज ६.१ : राष्ट्रिय संस्थाहरू, नीतिहरू तथा कानुनहरूलाई समावेशी तथा लैङ्गिक परिप्रेक्ष्य अनुसार पुनरावलोकन गरिने, र नेपालको समावेशी सङ्घीय संविधानका प्रावधानहरू अनुकूल निर्माण गरिनेछ ।** | ६.१.१ समावेशी राष्ट्रिय तथा उपराष्ट्रिय संरचनाहरूको स्थापनाका लागि नीतिगत संरचनाहरू निर्माणको विद्यमानता<br>आधाररेखा : छैन<br>लक्ष्य : छ | ६.१.१ राष्ट्रिय राजपत्र ; परियोजनाका प्रतिवेदनहरू |
| | ६.१.२ लैङ्गिक रूपमा उत्तरदायी तथा समावेशी प्रावधानहरूसहितका विधेयकहरूको नयाँ राष्ट्रिय विधायिकामा प्रस्तुती %<br>आधाररेखा : ०<br>लक्ष्य : राष्ट्रिय विधायिका समक्ष प्रस्तुत ३०% विधेयक लैङ्गिक रूपमा संवेदनशील तथा समावेशी हुने | ६.१.२ नेपाल सरकार तथा विकास साझेदारहरूका तथ्याङ्क |
| **उपज ६.२ : निजामति सेवासँग समावेशी सङ्घीय संविधान तथा सरकारी संरचनाहरूका आवश्यकता पुरा गर्ने क्षमता रहेको हुनेछ ।** | ६.२.१ प्रादेशिक तथा स्थानीय तहहरूमा कायम रहेका निजामति कर्मचारीका पदहरूको %<br>आधाररेखा : ०%<br>लक्ष्य : सरकारको सार्वजनिक प्रशासन सुधार योजनाद्वारा निर्धारण गरिनु पर्ने | ६.२.१ सामान्य प्रशासन मन्त्रालयका वार्षिक प्रतिवेदनहरू |
| **उपज ६.३ : राष्ट्रिय तथा प्रादेशिक विधायिकाहरू, कार्यपालिकाहरू तथा राज्यका अन्य अङ्गहरूसँग जोखिममा परेका समूहप्रति आफ्ना उत्तरदायित्व पुरा गर्ने क्षमता रहने छ ।** | ६.३.१ स्थानीय, प्रादेशिक तथा राष्ट्रिय सरकारहरूको दक्षता तोक्नका लागि आवश्यक कानुनहरूको विद्यमानता<br>आधाररेखा : छैन<br>लक्ष्य : छ | ६.३.१ राष्ट्रिय राजपत्र ; कानुन तथा न्याय मन्त्रालयका वार्षिक प्रतिवेदनहरू |

| प्रतिफल/उपज | सूचक, आधाररेखा, लक्ष्य | प्रमाणीकरणका माध्यमहरू |
|---|---|---|
| **खण्ड २ : विकासका प्रतिफलहरूको संरक्षण** | | |
| **प्रतिफल ७ : जलवायु परिवर्तन तथा विपद्को जोखिमयुक्त क्षेत्रहरूमा बसोबास गर्ने जनताहरु त्यस क्षेत्रमा सुधार गरिएको जोखिम व्यवस्थापनबाट लाभान्वित हुनुका साथै विपत्तिबाट हुने आघात सामना गर्न बढी तयार हुनेछन् ।** | ७.१ दैवी प्रकोपहरूका बेला उपयुक्त हुने निश्चित खानेकुराहरू समेत रणनीतिक रूपमा हालै स्थापित नयाँ खाद्य भण्डारहरूसहितका १४ खाद्य असुरक्षित जिल्लाहरुका जनताहरूको सङ्ख्या<br>(क) सामान्य खाना<br>आधाररेखा : लागु नहुने<br>लक्ष्य : ४००,०००<br>(ख) छनोटपूर्ण खुवाइ<br>आधाररेखा : लागु नहुने<br>लक्ष्य : विश्वव्यापी दीर्घ कुपोषण– २५,००० , गम्भीर खालको दीर्घ कुपोषण – ७,५०० | ७.१ विपद् जोखिम न्यूनीकरण योजनाहरू, खाद्य समूह सङ्कट योजना (युनिसेफ), प्रगति तथा वार्षिक प्रतिवेदनहरू (विश्व खाद्य कार्यक्रम) |
| | ७.२ राहत सम्बन्धी आवश्यकता वितरणका लागि सरकारी-स्वामित्वका आपत्कालीन कार्य-सञ्जालहरूका लागि न्यूनतम मापदण्ड पुरा गरेका गाविसहरूको सङ्ख्या<br>आधाररेखा : १६<br>लक्ष्य : ३० | ७.२ आपत्कालीन परिचालन केन्द्रहरूका सञ्जालका अभिलेखहरू |
| | ७.३ समुदायमा आधारित एकीकृत विपद् जोखिम न्यूनीकरण/विपद् जोखिम व्यवस्थापन सम्बन्धमा, नेपाल जोखिम न्यूनीकरण सहायता समूह फ्ल्यागसिप ४ द्वारा परिभाषा गरिए अनुसार विपद्-प्रतिरोधक समुदायहरूका लागि न्यूनतम मापदण्ड पुरा गरेका गाविसहरूको सङ्ख्या<br>आधाररेखा : १८७<br>लक्ष्य : १,००० | ७.३ फ्ल्यागसिप ४ अनुमोदन दस्तावेज |
| **उपज ७.१ : सबै तहका सरकारी अधिकारीहरूमा जोखिमहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्ने र जलवायु परिवर्तनसँग अनुकूलन हुने व्यवस्था तथा नीतिहरूको नेतृत्व र कार्यान्वयन गर्ने क्षमता हुनेछ ।** | ७.१.१ आठ वटा मुख्य मन्त्रालयहरू (गृह मन्त्रालय, भौतिक योजना निर्माण तथा यातायात व्यवस्था मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, कानुन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय र वातावरण मन्त्रालय) मध्ये हरेकमा विपद् जोखिम व्यवस्थापनका लागि छुट्टयाइएका स्रोतहरूको %<br>आधाररेखा : कुनै नियमित विनियोजन छैन<br>लक्ष्य : स्रोतहरूको कम्तीमा ५% | ७.१.१ राष्ट्रिय नीतिगत दस्तावेजहरू र रातो किताबको युएनडिपीद्वारा समीक्षा |
| | ७.१.२ चार वटा क्षेत्रगत जोखिम न्यूनीकरण योजनाहरू ( खानेपानी, स्वास्थ्य र सरसफाइ (वास), शिक्षा, पोषण तथा सुरक्षा र स्वास्थ्य अन्तर्गत बाल सुरक्षा) तथा एक राष्ट्रिय योजना लैङ्गिक रूपमा संवेदनशील हुनेछन् ।<br>आधाररेखा : छैन<br>लक्ष्य : छ | ७.१.२ युएन वुमन, युनिसेफ तथा डब्लुएचओद्वारा प्रत्येक क्षेत्रको वार्षिक कार्ययोजनाहरूको समीक्षा; सामूहिक सञ्चालनहरूका लागि मानक सञ्चालन प्रक्रियाहरू (भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, जिल्ला विपद् राहत समिति, जिविसहरू, कृषि तथा सहकारी मन्त्रालय) |

| | | |
|---|---|---|
| **उपज ७.२ : सहरी जनसङ्ख्या प्रकोप तथा जलवायु परिवर्तनलाई आत्मसात् गर्ने जोखिमको तयारी तथा व्यवस्थापन गर्न बढी सक्षम हुनेछन् ।** | ७.२.१ जोखिम-प्रतिरोधक/जोखिमप्रति संवेदनशील भू-उपयोग योजनाहरू, सुदृढ बाध्यकारी उपनियमहरू तथा निर्माण आचार संहिता भएका नगरपालिकाहरूको सङ्ख्या<br>आधाररेखा : ० <br>लक्ष्य : ५ | ७.२.१ नगरपालिकाका योजनाहरू तथा क्रियाकलापहरूको संरास विकास कार्यक्रमद्वारा समीक्षा |
| | ७.२.२ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनलाई आफ्ना आवधिक योजनाहरूमा समायोजन गर्ने तथा वातावरणमैत्री-सहर-आधारित गुरुयोजनाहरूलाई कार्यान्वयन गर्ने नगरपालिकाहरूको सङ्ख्या<br>आधाररेखा : ०<br>लक्ष्य : ५ | ७.२.२ नगरपालिकाका योजनाहरू, कार्यक्रम र बजेटहरूको युएन ह्याविट्याटद्वारा समीक्षा |
| | ७.२.३ आपत्कालीन तयारी तथा प्रतिरोध योजनाहरूको निर्माण, अवलम्बन तथा क्षमता-परीक्षण भएका नगरपालिकाहरूको सङ्ख्या<br>आधाररेखा : ४ (काठमाडौँ, ललितपुर मध्यपुर ठिमी र कीर्तिपुरले योजनाहरू विकास गरेका छन्, सन् २०१२)<br>लक्ष्य : ३० | ७.२.३ नगरपालिकाका योजनाहरू, अनुकरण तथा तयारी-अभ्यासका प्रतिवेदनहरू (ड्रिल रिपोर्ट) को अन्तर्राष्ट्रिय आप्रवास सङ्गठनद्वारा समीक्षा |
| **प्रतिफल/उपज** | **सूचक, आधाररेखा, लक्ष्य** | **प्रमाणीकरणका माध्यमहरू** |
| **उपज ७.३ : जोखिममा परेका जनसङ्ख्यालाई विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनसँग अनुकूलन हुने तथा जोखिमहरू न्यूनीकरणको क्षमताका बारेमा बढी ज्ञान प्राप्त हुनेछ ।** | ७.३.१ लैङ्गिक रूपमा संवेदनशील स्थानीय पर्यावरण-स्तरको अवलम्बन योजना विकास तथा कार्यान्वयनको सङ्ख्या<br>आधाररेखा : ०<br>लक्ष्य : कम्तीमा १०० (सन् २०१४) | ७.३.१ वन तथा भूसंरक्षण मन्त्रालयका वार्षिक योजनाहरू, स्थानीय समितिको बैठकका कार्यसूचीहरू |
| | ७.३.२ कृषिमा एकीकृत जलवायु परिवर्तन अनुकूलन प्रविधिहरू अपनाउने जिल्लाहरूको सङ्ख्या<br>आधाररेखा : ०<br>लक्ष्य : ५ | ७.३.२ परियोजनाहरू तथा कार्यक्रमहरूको खाद्य तथा कृषि सङ्गठनद्वारा प्राविधिक/मध्यावधि मूल्याङ्कन प्रतिवेदनहरू |
| | ७.३.३ वडा तहका वार्षिक योजनाहरूमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनका क्रियाकलापलाई मूलप्रवाहीकरण गरेका छानिएका पाँच नगरपालिकाहरूका सामुदायिक समूहहरूको सङ्ख्या<br>आधाररेखा : ०<br>लक्ष्य : कम्तीमा १५ | ७.३.३ युएन ह्याविट्याट क्रियाकलाप प्रतिवेदनहरू |
| **उपज ७.४ : विपत्ति सम्बन्धी खतराहरूका लागि प्रभावकारी तयारी गर्न तथा जुध्नका लागि राष्ट्रिय तयारी तथा आपत्कालीन व्यवस्थाहरू सक्षम हुन्छन् ।** | ७.४.१ तयारीपूर्ण योजनाहरू भएका जिल्लाहरूको सङ्ख्या र जिल्ला विपद् राहत समिति/जिविसले सबै क्षेत्रगत विपद् जोखिम व्यवस्थापन योजनाहरू लागु गरेका जिल्लाहरूको सङ्ख्या<br>आधाररेखा : ७५ (३ जिल्लामा विपद् जोखिम व्यवस्थापन योजनाहरू रहेका)<br>लक्ष्य : ७५ वटाका तयारीपूर्ण योजनाहरू रहने (२० वटाले तयारीपूर्ण योजनाहरूबाट अनुमोदित विपद् जोखिम व्यवस्थापन योजनाहरूमा स्तरोन्नति गर्ने) | ७.४.१ विपद् जोखिम राहत समिति/जिविसका प्रतिवेदनहरू, फ्लागसिप ४ अनुगमन दस्तावेज |
| | ७.४.२ भूकम्प-प्रतिरोधक अस्पतालहरूको सङ्ख्या<br>आधाररेखा : ०<br>लक्ष्य : ७ | ७.४.२ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, गृह मन्त्रालय, केन्द्रीय दैवी प्रकोप उद्दार समिति, भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय (विश्व स्वास्थ्य सङ्गठन) |
| **प्रतिफल ८ : राष्ट्रिय संस्थाहरूले द्वन्द्वसँग सम्बन्धित मानवअधिकारहरू र अन्तर्राष्ट्रिय मानवीय कानुनको हनन तथा पीडितहरूका द्वन्द्व-पश्चात्का** | ८.१ सत्य निरूपण तथा मेलमिलाप/बेपत्ता/सम्पत्तिमाथिको अधिकार जस्ता द्वन्द्वसँग सम्बन्धित सवालहरू पर्याप्त मात्रामा सम्बोधन भएको ठान्ने जनताको % | ८.१ संरास विकास कार्यक्रम र युएन वुमनको अवधारणा सर्वेक्षण |

| | | |
|---|---|---|
| **आवश्यकतालाई पर्याप्त मात्रामा सम्बोधन गर्नेछन् ।** | आधाररेखा : पत्ता लगाउन बाँकी<br>लक्ष्य : निर्धारण गर्न बाँकी | |
| | ८.२ द्वन्द्व-प्रभावित जनताले द्वन्द्व-पछिका आफ्ना आवश्यकताहरू प्राप्त गरेको ठान्ने जनताको %<br>आधाररेखा : पत्ता लगाउन बाँकी<br>लक्ष्य : निर्धारण गर्न बाँकी | ८.२ संरास विकास कार्यक्रम तथा युएन वुमनका अवधारणा सर्वेक्षण |
| **उपज ८.१ : सरकार तथा नागरिक समाजले अन्तर्राष्ट्रिय कानुन र मापदण्डहरूसँग मेल खाने समावेशी सङ्क्रमणकालीन न्यायिक संयन्त्र तथा नीतिहरू निर्माण, स्थापना तथा कार्यान्वयनको क्षमता सुदृढ गरेका हुनेछन् ।** | ८.१.१ सत्य निरूपण तथा मेलमिलाप आयोगद्वारा लैङ्गिक रूपमा संवेदनशील सङ्क्रमणकालीन न्यायिक रणनीति अनुमोदन<br>आधाररेखा : सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना भएको छैन (सन् २०१२ को डिसेम्बर)<br>लक्ष्य : छ | ८.१.१ सत्य निरूपण तथा मेलमिलाप आयोगका अभिलेखहरू |
| **प्रतिफल/उपज** | **सूचक, आधाररेखा, लक्ष्य** | **प्रमाणीकरणका माध्यमहरू** |
| | ८.१.२ नेपाल सरकार पक्ष रहेका अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सङ्क्रमणकालीन न्याय संयन्त्रहरूद्वारा अनुसन्धान गरिएका दर्ता मुद्दाहरूको %<br>आधाररेखा : ०% किनकि न सत्य निरूपण तथा मेलमिलाप आयोग न बेपत्ता नागरिकहरूको खोजी सम्बन्धी आयोग नै स्थापित भएका छन् (सन् २०१२ डिसेम्बर)<br>लक्ष्य : ४०% | ८.१.२ राष्ट्रिय मानवअधिकार आयोगका वार्षिक प्रतिवेदनहरू, सङ्क्रमणकालीन न्याय संयन्त्रका प्रतिवेदनहरू |
| | ८.१.३ क्षतिपूर्ति प्राप्त गर्ने द्वन्द्वका बेला भएका व्यापक मानवअधिकार उल्लङ्घनबाट पीडितहरूको सङ्ख्या<br>आधाररेखा : ५ (सन् २०१२)<br>लक्ष्य : १,२०० | ८.१.३ क्षतिपूर्ति सम्बन्धी प्रतिवेदनहरू, राष्ट्रिय मानवअधिकार आयोगका प्रतिवेदनहरू |
| **उपज ८.२ : द्वन्द्व पीडितहरू, तिनका द्वन्द्वपछिका आवश्यकतालाई सम्बोधन गर्ने तथा तिनका आवाजको सुनुवाइ भएको कुरा सुनिश्चित गर्ने समावेशी कार्यक्रमहरूबाट लाभान्वित हुनेछन् ।** | ८.२.१ द्वन्द्व प्रभावित जनताले सेवा र सहयोग प्राप्त गरिरहेको कुरामा सहमत हुने जनताको %<br>आधाररेखा : पत्ता लगाउन बाँकी<br>लक्ष्य : २०% वृद्धि | ८.२.१ संरास विकास कार्यक्रम तथा युएन वुमनका अवधारणा सर्वेक्षण |
| **उपज ८.३ : द्वन्द्वसँग सम्बन्धित सम्पत्तिका मुद्दाहरूमा केन्द्रित भएर स्वतन्त्र तथा निष्पक्ष सम्पत्ति सम्बन्धी विवाद समाधान गर्ने एउटा संयन्त्र स्थापना रकार्यान्वयन गरिनेछ ।** | ८.३.१ लक्षित तीन जिल्लाहरूमा जग्गा सम्बन्धी मुद्दाहरू समाधानको %<br>आधाररेखा : पत्ता लगाउन बाँकी<br>लक्ष्य : वृद्धि हुने | ८.३.१ जिल्ला मालपोत कार्यालयका अभिलेखहरू |
| **प्रतिफल ९ : राष्ट्रिय कर्ता तथा संस्थाहरूले द्वन्द्वको जोखिमलाई व्यवस्थापन गरेर अग्रगामी रूपमा शान्ति सुव्यवस्थालाई सुदृढ गर्नेछन् ।** | ९.१ देश हिंसात्मक द्वन्द्वमा फर्किने उच्च वा मध्यम खालको सम्भावना छ भन्ने धारणा भएका जनताको %<br>आधाररेखा : पत्ता लगाउन बाँकी<br>लक्ष्य : निर्धारण गर्न बाँकी | ९.१ संरास विकास कार्यक्रम तथा युएन वुमनको अवधारणा सर्वेक्षण |
| | ९.२ आफ्नो जिल्लामा शान्ति र सुरक्षाको अवस्थामा उच्च वा मध्यम खालको खतरा रहेको ठान्ने जनताको %<br>आधाररेखा : पत्ता लगाउन बाँकी<br>लक्ष्य : निर्धारण गर्न बाँकी | ९.२ संरास विकास कार्यक्रम तथा युएन वुमनको अवधारणा सर्वेक्षण |
| **उपज ९.१ : राष्ट्रिय कर्ता शान्ति स्थापनालाई मजबुत पार्दै द्वन्द्व सम्बन्धी मुद्दाहरूको व्यवस्थापन तथा समाधान गर्नका लागि एकजुट हुनेछन् ।** | ९.१.१ सहमति र वार्तालाई प्रवर्द्धन, मतभेदहरूको समाधान तथा महत्त्वपूर्ण राष्ट्रिय प्राथमिकताहरूमा गतिरोध अन्त्य गर्नका लागि प्रभावकारी संयन्त्रहरू गठन तथा परिचालनको सङ्ख्या<br>आधाररेखा : सन् २०१३ को अप्रिल सम्ममा पत्ता लगाउनु पर्ने<br>लक्ष्य : निर्धारण गर्न बाँकी | ९.१.१ संरास विकास कार्यक्रम अनुगमन प्रतिवेदन; मूल्याङ्कन प्रतिवेदन |

| | | |
|---|---|---|
| **उपज ९.२ : राष्ट्रिय सक्रिय सदस्यहरूले संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्का संकल्प प्रस्तावहरू १३२५ र १८२०, अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि १६९ तथा आदिवासी जनताका अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र सम्बन्धी राष्ट्रिय कार्ययोजना लागु गर्नेछन्, जसको फलस्वरूप आदिवासी जनता, महिला तथा बालिकाहरूको सहभागिता बढ्नुका साथै तिनका अधिकारहरू सुरक्षित हुनेछन् ।** | ९.२.१ युएन वुमन कार्यरत जिल्लाहरूमा सरकार तथा नागरिक समाज सङ्गठनहरूद्वारा संरास सुरक्षा परिषद्का संकल्प प्रस्तावहरू १३२५ र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजनाका कार्य बुँदाहरूको %<br>आधाररेखा : ०%<br><br>लक्ष्य : कम्तिमा ५०% | ९.२.१ युएन वुमन मूल्याङ्कन प्रतिवेदनहरू, राष्ट्रिय कार्ययोजना १३२५ र १८२० सम्बन्धी शान्ति तथा पुनर्निर्माण मन्त्रालयका अनुगमन प्रतिवेदनहरू |
| | ९.२.२ अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि १६९ कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजनाका चार कार्य बुँदाहरूको<br>आधाररेखा : छैन, ०% (कार्ययोजनाको अनुमोदन हुन बाँकी)<br><br>लक्ष्य : छ | ९.२.२ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका प्रतिवेदनहरू; आइएलओका प्रतिवेदनहरू |

| प्रतिफल/उपज | सूचक, आधाररेखा, लक्ष्य | प्रमाणीकरणका माध्यमहरू |
|---|---|---|
| **उपज ९.३ : स्थानीय तथा राष्ट्रिय तहका सम्बन्धित कर्ताहरूले भौगोलिक रूपमा 'संवेदनशील स्थानहरू' मा विशेष ध्यान दिँदै सशस्त्र हिंसा कम गर्नका लागि नीतिहरू, विधिहरू तथा कार्यक्रमहरू कार्यान्वयन गर्नेछन् ।** | ९.३.१ समावेशी शैलीमा निर्माण तथा कार्यान्वयन गरिएका सामुदायिक सुरक्षा योजनाहरूको सङ्ख्या<br>आधाररेखा : ० <br>लक्ष्य : गाविस स्तरमा १२ र जिल्ला स्तरमा ६ वटा | ९.३.१ सशस्त्र हिंसा न्यूनीकरण/समुदाय सुरक्षा परियोजनाको प्रतिवेदन (संरास विकास कार्यक्रम) |
| | ९.३.२ लक्षित भौगोलिक क्षेत्रहरूमा वार्षिक रूपमा हुने हिंसात्मक गतिविधिहरूका घटना<br>आधाररेखा : सन् २०१३ को पहिलो त्रैमासिक अवधिमा हुने मूल्याङ्कनमा आधारित भौगोलिक छनोटद्वारा पत्ता लगाउने<br>लक्ष्य : न्यूनतम २०% न्यूनीकरण | ९.३.२ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मासिक प्रतिवेदनहरू |
| **उपज ९.४ : भावी द्वन्द्वका जोखिमहरूलाई कम गर्नका लागि लक्षित जनसङ्ख्या सामाजिक तथा आर्थिक सशक्तीकरणका पहलहरू तथा एकीकरण कार्यक्रमहरूमा सहभागी हुनेछन् ।** | ९.४.१ माओवादी सेनाका पूर्व लाडकु तथा व्यापक समुदायको सहयोगार्थ राष्ट्रिय स्तरमा नेतृत्व गरिएको कार्यक्रमको कार्यान्वयन<br>आधाररेखा : छैन<br>लक्ष्य : छ | ९.४.१ शान्ति तथा पुनर्निर्माण मन्त्रालयका प्रतिवेदनहरू |
| | ९.४.२ सामाजिक सशक्तीकरण, जीविकोपार्जन सहयोग कार्यक्रमहरू तथा आधारभूत सुविधाहरूबाट लाभान्वित व्यक्तिहरूको सङ्ख्या<br>आधाररेखा : २१,२१५ जना (२०,१५४ जना महिला) (सन् २०१२)<br>लक्ष्य : थप ७,००० जना (सन् २०१४) | ९.४.२ युएनडिपी/शान्तिका लागि आजीविका पुनर्प्राप्ति तथ्याङ्क भण्डार |
| **उपज ९.५ : राष्ट्रिय तथा स्थानीय सेवा प्रदायकहरू (व्यावसायिक तालिम, व्यापार प्रवर्द्धन, आर्थिक) ले द्वन्द्व प्रभावित जनतालाई लक्षित गरेर उत्पादनमूलक तथा उचित रोजगारीमूलक सेवाहरू प्रदान गर्ने क्षमता सुदृढ गर्नेछन् ।** | ९.५.१ द्वन्द्व-पश्चात्का रोजगारी सिर्जना, आयआर्जन तथा पुनर्समायोजन (पिसिइआइआर) नीतिका सुझावहरू अनुरूप आफ्ना कार्ययोजना निर्माण गरेका विभागीय मन्त्रालयहरूको सङ्ख्या<br>आधाररेखा : ०<br>लक्ष्य : ५ | ९.५.१ स्थानीय विकास मन्त्रालय, सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालय, कृषि विकास मन्त्रालय, उद्योग मन्त्रालय, सहकारी तथा गरीबी निवारण मन्त्रालयका कार्ययोजना तथा कार्यक्रमहरूको अन्तर्राष्ट्रिय श्रम सङ्गठनद्वारा गरिएको मूल्याङ्कन |
| **खण्ड ३ : अन्तर्राष्ट्रिय सहयोगको अभिवृद्धिका लागि सहज वातावरण निर्माण** | | |
| **प्रतिफल १० : नेपालका संस्थाहरू देशको नीति र अर्थतन्त्रलाई अन्तरसरकार आर्थिक तथा मानक प्रक्रियाहरू र अन्तर्राष्ट्रिय नीति तथा विधिको शासनसँग अझ प्रभावकारी रूपमा समायोजन गर्न बढी सक्षम हुनेछन् ।** | १०.१ व्यापार घाटामा वार्षिक परिवर्तन<br>आधाररेखा : ५.८% (सन् २००९/१० देखि २०१०/११)<br>लक्ष्य : १०% वा सोभन्दा कम | १०.१ नेपाल राष्ट्र बैङ्क वार्षिक प्रतिवेदनहरू; व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र |
| | १०.२ उच्च मूल्य अभिवृद्धियुक्त निर्यातहरूलाई नियमित तुल्याउने सरकार पक्ष रहेका द्विपक्षीय अथवा बहुपक्षीय सम्झौताहरूको सङ्ख्या<br>आधाररेखा : पत्ता लगाउन बाँकी<br>लक्ष्य : निर्धारण गर्न बाँकी | १०.२ अन्तर्राष्ट्रिय व्यापार कानुन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय आयोग सचिवालयको वार्षिक प्रतिवेदन, व्यापार तथा विकास सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासम्मेलनको वार्षिक प्रतिवेदन |
| **उपज १०.१ : सरकार तथा अन्य राष्ट्रिय संस्थाहरू, अन्तर्राष्ट्रिय नीति र नियामक सवालहरू सम्बन्धी अझ सशक्त रणनीति निर्माण गर्न तथा अन्तर्राष्ट्रिय व्यापारिक, औद्योगिक तथा वातावरणीय एजेन्डालाई अनुशरण गर्न अझ बढी सक्षम हुनेछन् ।** | १०.१.१ दिगो विकासका उद्देश्यहरूलाई प्रवर्द्धन गर्ने क्षेत्रीय तथा विश्वव्यापी व्यापार र लगानीका अवसरहरूबाट लाभ उठाउनका लागि कानुनी कारबाही सम्बन्धी नीतिहरूको कार्यान्वयन सम्बन्धी सङ्ख्या<br>आधाररेखा : पत्ता लगाउन बाँकी<br>लक्ष्य : थप ३ | १०.१.१ व्यापार तथा विकास सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासम्मेलन/अन्तर्राष्ट्रिय व्यापार कानुन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय आयोगका वार्षिक प्रतिवेदनहरू, सरकारी |

| | | |
|---|---|---|
| | | प्रतिवेदनहरू |
| | १०.१.२ राष्ट्रिय हाइड्रोक्लोरोफ्लोरोकार्बन (एचसिएफसी) विस्थापन व्यवस्थापन योजना स्वीकृत तथा लागु<br>आधाररेखा : छैन<br>लक्ष्य : छ | १०.१.२ संरास वातावरण कार्यक्रम प्रतिवेदनहरू, सरकारी प्रतिवेदनहरू |
| **प्रतिफल/उपज** | **सूचक, आधाररेखा, लक्ष्य** | **प्रमाणीकरणका माध्यमहरू** |
| | १०.१.३ वन व्यवस्थापन समितिद्वारा मान्यता प्राप्त वन व्यवस्थापन र (पर्यावरणमा आधारित अनुकूलन सुविधाहरू)का लागि राष्ट्रिय गुरुयोजनाहरू तयारी सम्बन्धी सङ्ख्या<br>आधाररेखा : १(०)<br>लक्ष्य : ३(१) | १०.१.३ परियोजना प्रतिवेदनहरू |
| **उपज/उत्पादन १०.२ : राष्ट्रिय सस्थाहरूले अन्तर्राष्ट्रिय नीतिगत नियामक संरचना, सुझाव तथा मापदण्डहरूलाई अझ बढी आत्मसात गर्ने क्षमता अभिवृद्धि गर्छन् ।** | १०.२.१ अन्तर्राष्ट्रिय सरसफाइ तथा बोटबिरुवाको संरक्षण सम्बन्धी मापदण्डहरू पुरा गर्न सक्ने अदुवा-प्रशोधन यन्त्रको झापामा स्थापना र परिचालन<br>आधाररेखा : छैन<br>लक्ष्य : छ | १०.२.१ परियोजना प्रतिवेदनहरू |
| | १०.२.२ स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय नियमहरू (सन् २००५) को कार्यान्वयनका लागि आवश्यक आधारभूत क्षमता प्राप्त भएका :<br>(क) निगरानी तथा प्रतिक्रिया<br>आधाररेखा : छ (सन् २०१२)<br>लक्ष्य : छ<br>(ख) निर्दिष्ट विमानस्थल तथा स्थलगत सिमानाहरू<br>आधाररेखा : छैन (सन् २०१२)<br>लक्ष्य : छ | १०.२.२ विश्व स्वास्थ्य सम्मेलनमा प्रस्तुत अन्तर्राष्ट्रिय स्वास्थ्य नियमहरू कार्यान्वयन प्रगति प्रतिवेदन |
| | १०.२.३ राष्ट्रिय, उपक्षेत्रीय र/अथवा क्षेत्रीय तहहरूमा सरकारको सहभागिता तथा विश्वव्यापी निशस्त्रीकरण तथा अप्रसार यन्त्रहरू अथवा क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षाका उपायहरू सम्बन्धी क्रियाकलापहरू (परामर्शहरू, सेमिनारहरू, कार्यशालाहरू, तालिमहरू, सम्मेलनहरू आदि)को सङ्ख्या<br>आधाररेखा : ३<br>लक्ष्य : १० वटा कार्यक्रमहरुमा सहभागी | १०.२.३ शान्ति र निशस्त्रीकरणका लागि संरास क्षेत्रीय केन्द्रको गतिविधिका प्रतिवेदनहरू |
| **उपज १०.३ : सरकारी अङ्गहरूले अनुदान सहयोगलाई समन्वय गर्ने, जवाफदेहिता बढाउने तथा विकासलाई प्रभावकारी तुल्याउने संयन्त्रहरूलाई परिचालित तुल्याउनका लागि आवश्यक क्षमता तथा सूचना संयन्त्रहरूलाई मजबुत तुल्याउनेछन् ।** | १०.३.१ अनुदान व्यवस्थापन मञ्च तथ्याङ्क उपयोग गरेका सरकारी प्रकाशनहरूको सङ्ख्या<br>आधाररेखा : ०<br>लक्ष्य : प्रति वर्ष ३ | १०.३.१ अर्थ मन्त्रालयको वेबसाइट तथा अनुदान सहयोग सम्बन्धी अर्थमन्त्रालयका प्रतिवेदनहरू |
| | १०.३.२ अनुदान सहयोग प्रभावकारितायुक्त लक्ष्यहरू समेटेका समावेशी तथा राष्ट्रिय समन्वय संयन्त्रहरूको सङ्ख्या<br>आधाररेखा : २ (१ राष्ट्रिय तहको तथा १ शिक्षामा क्षेत्रीय तहको संयन्त्र)<br>लक्ष्य : ६ | १०.३.२ नेपालका विभागीय मन्त्रालयका कार्यसम्पादन समीक्षा वार्षिक प्रतिवेदनहरू, क्षेत्रगत समन्वय बैठकहरूका कार्यसूचीका प्रस्तावहरू, अनुदान सहयोग सम्बन्धी अर्थ मन्त्रालयका प्रतिवेदनहरू |
| **उपज १०.४ : सरकारले जनताको आवतजावत तथा एचआइभी सम्बन्धी नीतिहरूलाई नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूप निर्माण तथा कार्यान्वयन गर्ने क्षमता अभिवृद्धि गर्नेछ ।** | १०.४.१ सार्क एचआइभी/एड्स रणनीति कार्यान्वयन योजना निर्माण<br>आधाररेखा : छैन<br>लक्ष्य : छ | १०.४.१ परियोजना प्रतिवेदनहरू |

| | | |
|---|---|---|
| | १०.४.२ जनताको आवतजावत तथा एचआइभी नीतिका बारेमा नेपाल र सार्क मुलुकहरूबीच अन्तरसरकार वार्ताको आयोजना<br>आधाररेखा : छैन<br>लक्ष्य : छ | १०.४.२ परियोजना प्रतिवेदनहरू |

## अनुसूची ३ : नेपाल संरास विकास सहयोग रूपरेखा सन् २०१३-२०१७ मूल्याङ्कन तथा अनुगमन समय तालिका

| प्रकार | सन् २०१३ | सन् २०१४ | सन् २०१५ | सन् २०१६ | सन् २०१७ | निकाय/हरू |
|---|---|---|---|---|---|---|
| **परिस्थिति मूल्याङ्कन अभ्यास** | संरास विकास सहयोग रूपरेखाका वार्षिक प्रतिवेदनहरू | | | | संरास विकास सहयोग रूपरेखाका वार्षिक प्रतिवेदनहरू | संरास विकास सहयोग रूपरेखा उत्पादन वृद्धि समूहहरू |
| **अध्ययन/ सर्वेक्षण** | बढी सुसूचित वार्षिक योजना तथा बजेट निर्माणका लागि गरीबीलाई अझ राम्ररी पहिचान गर्नका लागि निर्मित वार्षिक राष्ट्रिय सर्वेक्षण | | | | | संरास विकास कार्यक्रम |
| | साबुन र पानीले हात धुने सम्बन्धी अध्ययन | | | | साबुन र पानीले हात धुने सम्बन्धी अध्ययन | संरास बालकोष |
| | जनसङ्ख्या सम्बन्धी मोनोग्राफहरू तयार गर्नका लागि सन् २०११ को जनसङ्ख्या तथा आवास सम्बन्धी जनगणनाका परिणामहरूको बहुपक्षीय-विश्लेषण | | | | | संरास जनसङ्ख्या कोष |
| | थप विश्लेषणहरू : नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०११ | | | | | संरास बालकोष |
| | थप विश्लेषणहरू : नेपाल जीवनस्तर सर्वेक्षण सन् २०१०/११ | | | | | संरास बालकोष |
| | प्राथमिकता प्राप्त जिल्लाहरूमा बाल-मैत्री विद्यालय सम्बन्धी पहलहरूको मूल्याङ्कन | | | | | संरास बालकोष |
| | नेपालमा शिक्षा समूह कार्यको मूल्याङ्कन (विपद् जोखिम न्यूनीकरण/आकस्मिक कार्य) | | | | | संरास बालकोष |
| | आपत्कालीन पूर्वतयारी तथा प्रतिरोधमा खानेपानी, स्वास्थ्य र सरसफाइ (वास) आपत्कालीन पूर्वतयारी तथा प्रतिरोध क्षमताको मूल्याङ्कन | | | | | संरास बालकोष |
| | नेपाल जीवनस्तर सर्वेक्षण सन् २०१०/११ तथा नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०११ का तथ्याङ्क उपयोग गरेर समता विश्लेषण | | | | | संरास बालकोष |
| | सहरिया किशोरीहरूका आवश्यकता मूल्याङ्कन | | | | | संरास बालकोष |
| | नेपाल सूक्ष्मपोषण सर्वेक्षण | | | | | संरास बालकोष |
| | प्यारालिगल कमिटी अन्त्य-रेखा सर्वेक्षण | | | | | संरास बालकोष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहरी क्षेत्रमा बसोबास गरिरहेका ६–११ महिना उमेरका बालबालिकाहरूको भिटामिन ए खुवाउने कार्यक्रममा पहुँचको अध्ययन | | | | | संरास बालकोष |
| | खुला दिसामुक्त क्षेत्रको दिगोपनको अध्ययन | | | | | संरास बालकोष |
| | खानेपानी, स्वास्थ्य र सरसफाइ (वास)मा जलवायु परिवर्तनको असरको अध्ययन | | | | | संरास बालकोष |
| | सरकारी योजनाहरूमा खानेपानीको गुणस्तरको मूल्याङ्कन | | | | | संरास बालकोष |
| | संरास अवधारणा सर्वेक्षण | | | संरास अवधारणा सर्वेक्षण | | संरास राष्ट्रिय टोली |
| | संरास जनसङ्ख्या कोषबाट सहयोग प्राप्त १८ जिल्लाहरूमा सातौँ राष्ट्रिय कार्यक्रम सीपी७ आधाररेखा अध्ययन | | | | | संरास जनसङ्ख्या कोष |
| | कञ्चनपुर तथा डडेलधुरा जिल्लाहरूमा लाभान्वित २६,००० जनालाई नगद हस्तान्तरणको आधाररेखा सर्वेक्षण तथा प्रभाव मूल्याङ्कन | | | | | संरास पुँजी विकास कोष |
| | माध्यमिक शिक्षामा बालिकाहरूको सहभागिता अध्ययन | | | | | संरास शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन |
| | सन् २०११ को जनसङ्ख्या तथा आवास सम्बन्धी जनगणनामा अनुमानित मातृ मृत्युदरको थप विश्लेषण | | | | | संरास जनसङ्ख्या कोष |
| | राष्ट्रिय किशोर/किशोरी तथा युवा सर्वेक्षण सन् २०११ को थप विश्लेषण | | | | | संरास जनसङ्ख्या कोष |

| प्रकार | सन् २०१३ | सन् २०१४ | सन् २०१५ | सन् २०१६ | सन् २०१७ | निकाय/हरू |
|---|---|---|---|---|---|---|
| **अध्ययन/सर्वेक्षण** | नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण सन् २०११ को निम्न विषयमा थप विश्लेषण : (क) किशोर/किशोरीहरू तथा (ख) लैङ्गिक हिंसा | | | | | संरास जनसङ्ख्या कोष |
| | पाठेघर झर्ने रोगको शल्यक्रिया पछि जीवनको गुणस्तर सम्बन्धी अध्ययन | | | | | संरास जनसङ्ख्या कोष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहरका सुकुम्बासी बस्तीहरूमा शिक्षाको पहुँचको मूल्याङ्कन | | | | | संरास बालकोष |
| | विद्यालय तयारीका लागि प्रारम्भिक बालविकास सम्बन्धी प्रभाव अध्ययन | | | | | संरास बालकोष |
| | | नेपाल श्रम शक्ति सर्वेक्षण | | | | अन्तर्राष्ट्रिय श्रम सङ्गठन |
| | | सेवा उपयोग तथा गरीबी न्यूनीकरणमाथि मागपक्षीय लगानी (ससर्त नगद हस्तान्तरण) को प्रभाव | | | | संरास पुँजी विकास कोष |
| | | नेपालको सञ्चार जगत्को समग्र मूल्याङ्कनको अनुगमन अध्ययन | | | | संरास शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन |
| | | बहु-परिसूचक समूह सर्वेक्षण | | | | संरास बालकोष |
| | | खोप क्षेत्र सर्वेक्षण सम्बन्धी राष्ट्रिय विस्तारित कार्यक्रम | | | | संरास बालकोष |
| **अनुगमन प्रणाली** | स्वास्थ्य क्षेत्र सूचना प्रणाली (एचएसआइएस) | | | | | संरास बालकोष |
| | राष्ट्रिय स्वास्थ्य क्षेत्र योजना सन् २०१०/११– सन् २०१४/१५ (एनएचएसपी दोश्रो) को अनुगमन तथा मूल्याङ्कन रूपरेखा | | | | | संरास बालकोष |
| | सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (एमआइएस) को निर्माण | | | | | संरास बालकोष |
| | नेपालको सूचना, जनगणनाको सूचना र बहु परिसूचक क्षेत्र सर्वेक्षणको सूचना | | | | | संरास बालकोष |
| | नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली/यथासमय अनुगमन | | | | | संरास बालकोष विश्व खाद्य कार्यक्रम |
| | श्रम बजार सूचना तथा विश्लेषण प्रणाली | | | | | अन्तर्राष्ट्रिय श्रम सङ्गठन |
| | द्वन्द्व पीडितहरू तथा परिपुरणहरू सम्बन्धी व्यवस्थापन सूचना प्रणाली | | | | | अन्तर्राष्ट्रिय आप्रवास सङ्गठन |
| | स्थानीय विकास मन्त्रालय (महत्त्वपूर्ण घटना दर्ता विभाग)मा व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण | | | | | संरास पुँजी विकास कोष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनौपचारिक शिक्षा व्यवस्थापन सूचना प्रणालीको सुधारसहित शिक्षा व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण | | | | | संरास शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन |
| | एकस्थान संकट केन्द्रहरूमा लैङ्गिक हिंसा व्यवस्थापन सूचना सम्बन्धी मुख्य प्रणाली | | | | | संरास जनसङ्ख्या कोष |
| | छानिएका क्षेत्रगत मन्त्रालयहरूमा अगुवा युवा-उत्तरदायी बजेट विनियोजन प्रणाली | | | | | संरास जनसङ्ख्या कोष |
| **प्रकार** | **सन् २०१३** | **सन् २०१४** | **सन् २०१५** | **सन् २०१६** | **सन् २०१७** | **निकाय/हरू** |
| **अनुगमन प्रणाली** | प्यारालिगल समिति अनुगमन प्रणाली | | | | | संरास बालकोष |
| | खानेपानी, स्वास्थ्य र सरसफाइ (वास) क्षेत्र अनुगमन तथा मूल्याङ्कन मस्यौदा तर्जुमा तथा सञ्चालन | | | | | संरास बालकोष |
| | वेबमा आधारित स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | | | | | संरास बालकोष |
| | पोषण सूचना तथा अनुगमन प्रणाली | | | | | संरास बालकोष, विश्व खाद्य कार्यक्रम |
| | एकीकृत रोग निगरानी प्रणाली स्थापनामा सहयोग | | | | | विश्व स्वास्थ्य सङ्गठन |
| | | आप्रवासी कामदार अनुगमन प्रणाली | | | | अन्तर्राष्ट्रिय आप्रवास सङ्गठन |
| | | | | | बाल सुरक्षा मामिला व्यवस्थापन तथ्याङ्क भण्डार | संरास बालकोष |
| | | | | | बाल सुरक्षा व्यवस्थापन सूचना प्रणाली | संरास बालकोष |
| **मूल्याङ्कन/समीक्षा** | "आप्रवासी कामदारहरूका अधिकारहरूको संरक्षण मार्फत वैदेशिक रोजगारीका लाभहरूलाई स्थायी बनाउने" परियोजनाको अन्तिम | | | | | महिला सम्बन्धी संरास निकाय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मूल्याङ्कन | | | | | |
| | आफ्नो भविष्य रोजौँ नामक किशोरीहरूको कार्यक्रमको मूल्याङ्कन | | | | | संरास जनसङ्ख्या कोष |
| | राष्ट्रिय दक्ष सुडेनीहरूको मूल्याङ्कन | | | | | संरास जनसङ्ख्या कोष |
| | मातृ, नवजात शिशु तथा बालस्वास्थ्य सम्बन्धी समुदायमा आधारित निरीक्षण समूहको मूल्याङ्कन | | | | | संरास बालकोष |
| | बालबालिकाका लागि राष्ट्रिय कार्ययोजनाको मूल्याङ्कन | | | | | संरास बालकोष |
| | आमाबाट बच्चामा सर्ने (रोगहरूको) राष्ट्रिय रोकथाम कार्यक्रमको समीक्षा - पिएमटिसिटी) | | | | | संरास बालकोष |
| | स्थानीय सुशासन तथा सामुदायिक विकास कार्यक्रमको मूल्याङ्कन ( एलजिसिडिपी) | | | | | संरास बालकोष, संरास विकास कार्यक्रम, युएनसिडिएफ, युएनभी, युएन वुमन, संरास जनसङ्ख्या कोष |

| प्रकार | सन् २०१३ | सन् २०१४ | सन् २०१५ | सन् २०१६ | सन् २०१७ | निकाय/हरू |
|---|---|---|---|---|---|---|
| **मूल्याङ्कन**/ पुनरावलोकन | विस्तृत विपद् जोखिम व्यवस्थापन कार्यक्रमको मूल्याङ्कन | | विस्तृत विपद् जोखिम व्यवस्थापन कार्यक्रमको मूल्याङ्कन | | | संरास विकास कार्यक्रम |
| | | निर्वाचनहरूमा सहयोगको मूल्याङ्कन | | निर्वाचनहरूमा सहयोगको मूल्याङ्कन | | संरास विकास कार्यक्रम |
| | | राज्य पुनर्संरचना तथा सङ्घीयता : मध्यावधि समीक्षा | | राज्य पुनर्संरचना तथा सङ्घीयता : मध्यावधि समीक्षा | | संरास विकास कार्यक्रम |
| | | सम्मानित कामयुक्त मुलुक सम्बन्धी कार्यक्रमको मूल्याङ्कन | | | | आइएलओ |
| | | नेपालमा महिला, शान्ति र सुरक्षा सम्बन्धी एजेन्डाको कार्यान्वयन सुदृढीकरणको मध्यावधि समीक्षा | | | | युएन वुमन |
| | | स्थायी शान्तिका लागि लैङ्गिक उत्तरदायी पुनर्स्थापनाको मध्यावधि समीक्षा | | | | युएन वुमन, आइएलओ तथा एफएओ |
| | | कर्णालीका जिल्लाहरूमा नगद अनुदानहरू/शिशु तथा साना बालबालिकाको खानाका लागि नगद अनुदानको मूल्याङ्कन | | | | संरास बालकोष |
| | | जिल्ला गरीबी अनुगमन तथा विश्लेषण प्रणाली कार्यान्वयनको मूल्याङ्कन | | | | संरास बालकोष |
| | | शिक्षामा बालिकाहरूको पहुँच कार्यक्रमको किशोरीहरूमा प्रभाव (सप्तरी) | | | | संरास बालकोष |
| | | स्वास्थ्य तथा सरसफाइ गुरुयोजना कार्यान्वयनमा प्रगतिको पुनरावलोकन | | | | संरास बालकोष |
| | | | स्थायी शान्तिका लागि लैङ्गिक-उत्तरदायी पुनर्स्थापानाको अन्तिम मूल्याङ्कन | | | युएन वुमन, आइएलओ र एफएओ |
| | | | संयुक्त राष्ट्र सङ्घीय विकास सहयोग रूपरेखा प्रगति | | | संयुक्त राष्ट्र सङ्घीय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रतिवेदन तयार (एमटीआर) | | | विकास सहयोग रूपरेखा परिचालन समिति |
| | | | विधिको शासन, न्याय तथा मानवअधिकार : प्रतिफल मूल्याङ्कन | | | युएनडिपी तथा युएन वुमन |
| | | | बाल-मैत्री स्थानीय शासनको पुनरावलोकन | | | संरास बालकोष |
| | | | | नेपालमा महिला, शान्ति तथा सुरक्षा सम्बन्धी एजेन्डाहरूको कार्यान्वयनमा भएको सुधारको अन्तिम विश्लेषण | | युएन वुमन |

| प्रकार | सन् २०१३ | सन् २०१४ | सन् २०१५ | सन् २०१६ | सन् २०१७ | निकाय/हरू |
|---|---|---|---|---|---|---|
| | | | | जोखिममा परेका समूहहरूले पूर्ण आत्मविश्वास, सम्मान तथा गौरवको अनुभव गर्नेछन् : प्रतिफल मूल्याङ्कन | | संरासघीय टोली |
| | | | | संयुक्त राष्ट्र सङ्घीय विकास सहयोग रूपरेखाको अन्तिम मूल्याङ्कन | | संयुक्त राष्ट्र सङ्घीय विकास सहयोग रूपरेखा परिचालन समिति |
| | | | | गरीबी न्यूनीकरण तथा समावेशी वृद्धि : प्रतिफल मूल्याङ्कन | | संरास विकास कार्यक्रम |
| | | | | विकासका प्रतिफलहरूको संरक्षण (द्वन्द्व-रोकथाम तथा शान्ति स्थापना) : प्रतिफल मूल्याङ्कन | | संरास विकास कार्यक्रम |
| | | | | सबैका लागि शिक्षा कार्यक्रमको मूल्याङ्कन | | युनेस्को |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | संरास जनसङ्ख्या कोषद्वारा सहयोग प्राप्त १८ जिल्लामा सिपी७ (सातौं राष्ट्रिय कार्यक्रम) आधाररेखा अध्ययन | | संरास जनसङ्ख्या कोष |
| | | | | | मातृ तथा किशोर/किशोरी पोषण कार्यक्रमको मूल्याङ्कन | संरास बालकोष |
| | | | | | बहुक्षेत्रीय पोषण योजनाको मूल्याङ्कन | संरास बालकोष |
| **अनुगमन तथा मूल्याङ्कनका लागि क्षमता विकास** | संरास कर्मचारी तथा कार्यान्वयन साझेदारहरूलाई विकास सम्बन्धी जानकारी/नेपाल सम्बन्धी जानकारीको तालिम | | | | | संरास बालकोष, संरास जनसङ्ख्या कोष |
| | पछिल्लो जनगणनाको नतिजा वितरण तथा उपयोग सम्बन्धमा संरास कर्मचारी तथा कार्यान्वयनकारी साझेदारहरूको क्षमता विकास | | | | | संरास जनसङ्ख्या कोष |
| | जिल्ला गरीबी अनुगमन विश्लेषण प्रणालीको संस्थागत स्वरूप निर्माणका लागि स्थानीय निकायहरूको क्षमता विकास | | | | | संरास बालकोष, संरास जनसङ्ख्या कोष |
| | राष्ट्रिय स्वास्थ्य क्षेत्र योजना सन् २०१०/११–२०१४/१५ (एनएचएसपी दोश्रो) का लागि अनुगमन तथा मूल्याङ्कन रूपरेखा निर्माणमा सहयोग | | | | | विश्व स्वास्थ्य सङ्गठन, संरास बालकोष, |
| | गरीबी अनुगमन तथा विश्लेषण प्रणाली (पिएमएस) तथा जिल्ला गरीबी अनुमगन तथा मूल्याङ्कन प्रणाली ( डिपिएमएएस) | | | | | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( एलजिसिडिपी ) सहित युएनडिपी, संरास जनसङ्ख्या कोष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रमाणमा आधारित योजना तर्जुमा, अनुगमन तथा शिक्षाको व्यवस्थापनका लागि तथ्याङ्कहरूको उपयोग तथा विश्लेषण सम्बन्धमा शिक्षा मन्त्रालयका पदाधिकारीहरूको क्षमता विकास | | | | | युनेस्को |
| | अनुगमन तथा मूल्याङ्कनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको क्षमता विकास | | | | | विश्व स्वास्थ्य सङ्गठन |
| **प्रकार** | **सन् २०१३** | **सन् २०१४** | **सन् २०१५** | **सन् २०१६** | **सन् २०१७** | **निकाय/हरू** |
| **अनुगमन तथा मूल्याङ्कनका लागि क्षमता विकास** | | | रोजगारी तथा आर्थिक वृद्धि सम्बन्धी उत्पादनहरूको मूल्याङ्कनमा राष्ट्रिय योजना आयोगका लागि क्षमता विकास | | | अन्तर्राष्ट्रिय श्रम सङ्गठन |
| **सूचना उपयोग** | गरीबी तथा समावेशीकरणका दृष्टिबाट जनगणनाको विश्लेषण र सर्वेक्षण तथ्याङ्क गणनामा आधारित जानकारीमूलक सामग्रीहरू | | | | | संरास विकास कार्यक्रम |
| | राष्ट्रिय विकास योजना तर्जुमा | | | | | संरास राष्ट्रिय टोली |
| | सन् २०११ को जनसङ्ख्या तथा आवास सम्बन्धी जनगणनाका परिणामहरू देशव्यापी रूपमा वितरण | | | | | संरास जनसङ्ख्या कोष |
| | सहस्राब्दी विकास लक्ष्य अद्यावधिक/प्रगति प्रतिवेदन | | | सहस्राब्दी विकास लक्ष्य अद्यावधिक/प्रगति प्रतिवेदन | | संरास विकास कार्यक्रम |
| | | सहस्राब्दी विकास लक्ष्य अभिवृद्धि रूपरेखा | | | | संरास विकास कार्यक्रम |
| | | खाद्य सुरक्षा बुलेटिनहरू, बजार अनुगमन, बाली विश्लेषण लगायत नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (नेकस्याप)द्वारा उत्पादित जानकारीमूलक सामग्रीहरू | | | | विश्व खाद्य कार्यक्रम |
| | | आपत्कालीन पोषण समूहका बैठकका दौरान प्रस्तुत तथा छलफल गरिएका, पोषण सूचना प्रणालीबाट प्राप्त अद्यावधिक सहितका पोषण सम्बन्धी त्रैमासिक बुलेटिनहरू | | | | विश्व खाद्य कार्यक्रम |
| | | | | बलबालिका तथा महिलाहरूको अवस्था विश्लेषण | | संरास बालकोष |

## अनुसूची ४. संरास तुलनात्मक लाभ सर्वेक्षण

संरासङ्घीय टोली नेपालले नेपालको विकासका चुनौतीहरूलाई सम्बोधन गर्नका लागि विशेष रूपमा कुन कुन क्षेत्रलाई सम्बोधन गर्न सक्छ भन्ने कुरा मूल्याङ्कन गर्नका लागि सन् २०११ को अगस्ट–सेप्टेम्बरमा एक तुलनात्मक लाभ सर्वेक्षण सञ्चालन गरिएको थियो । उक्त विश्लेषणको उद्देश्य संरासङ्घीय टोलीसँग : (i) राष्ट्रिय चुनौतीहरूसँग सामना गर्ने कार्यादेश र त्यसको क्षमता छ वा छैन; र (ii) अन्यभन्दा पनि ती चुनौतीहरूलाई सामना गर्नका लागि यो राम्रो अवस्थामा छ वा छैन भन्ने आँकलन गर्नु थियो । नेपाल सरकारका प्रतिनिधिहरू, दातृ निकाय तथा विकास साझेदारहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैससहरू, नागरिक समाज तथा निजी क्षेत्रका प्रतिनिधिहरू, आवासीय तथा गैर-आवासीय संरास नियोगका कर्मचारी सदस्यहरू (५०९ जना व्यक्ति)हरू उक्त सर्वेक्षणमा सहभागी भए । यस्तो सर्वेक्षण विधिका आफ्नै सीमाहरू छन् र यसका परिणामहरूले उही महत्त्व बोक्दैनन्, जुन गहन अन्तर्वार्ताहरू तथा अत्यन्त कठिन अनुसन्धानको शृङ्खला मार्फत गरिएको मूल्याङ्कनले बोक्दछ भन्ने कुरा महसुस गरिएको छ । यति हुँदा हुँदै पनि तल जोड दिइएका परिणामहरूले संरास विकास सहयोग रूपरेखा सन् २०१३–२०१७ तर्जुमा गर्ने क्रममा मार्गदर्शन उपलब्ध गराए ।

सर्वेक्षणबाट प्राप्त प्रतिक्रियाहरूले, संरासङ्घीय टोलीले तटस्थता र निष्पक्षतापूर्वक राष्ट्रिय कर्ताहरूलाई राष्ट्रिय प्राथमिकताहरू हासिल गर्नमा आफ्ना सेवा तथा सहयोग उपलब्ध गराउछ भन्ने आफ्नै अवधारणामाथि जोड दिए । उनीहरूले संरासलाई मापदण्डहरू, सम्मेलन तथा सन्धिहरू मार्फत मानवअधिकारहरूको पूर्ण सम्मान तथा अग्रगामी बोध भएको विश्वव्यापी संरक्षकका रूपमा माने । उनीहरूले संरासले प्रभावकारी रूपमा आवाज उठाउँछ र यससँग उच्चस्तरीय नीतिगत सुझाव दिने क्षमता छ भन्ने कुरामा जोड दिए । संरासङ्घीय टोलीलाई बहुविषयक सहयोग वितरण गर्ने र क्षेत्रीय तथा विश्वव्यापी तहहरूमा अन्तरसरकारी सहकार्यलाई प्रवर्द्धन तथा सशक्त तुल्याउने क्षमता भएको निकायका रूपमा मानिन्छ । संरासको विश्वव्यापी सञ्जाल, उत्तम अभ्यासहरूको एउटा स्रोत हो र त्यसलाई नेपालको विशेष सन्दर्भमा उपयोग गर्न सकिन्छ ।

नेपालको विकासका क्षेत्रमा नवीन प्रक्रियाको थालनीका लागि संरासङ्घीय टोलीले पुऱ्याउन सक्ने योगदानलाई सो विश्लेषणले थप पहिचान गऱ्यो । सहभागीहरूले संरासङ्घीय टोलीले सबै तहका साझेदार सङ्गठनहरूको संस्थागत क्षमता बढाउनमा सहयोग गरेको लामो इतिहासलाई स्वीकार गरे । यसमा लक्षित समूहहरूसित जिल्ला तथा सामुदायिक तहहरूमा कार्य गर्ने क्षमता समावेश छ, र अर्कोतर्फ यसले त्यहाँबाट सिकेका पाठहरू राष्ट्रिय तथा जिल्ला-स्तरीय नीतिगत संवादहरूमा सम्बोधन भएका छन् भन्ने सुनिश्चित गर्न मदत पुऱ्याउँछ । संरास विभिन्न स्तरका सक्रिय सदस्य तथा संस्थाहरूसँग कार्य गर्न र प्राविधिक तथा क्षमता सुधारमा सहयोग गर्न सक्षम छ । उक्त सर्वेक्षणले विभिन्न क्षेत्रका अन्तरसम्बन्धित विषयहरूलाई एकसाथ जोड्ने क्षमताको पनि चर्चा गऱ्यो ।

मूलभूत क्षेत्रहरूका सन्दर्भमा, सर्वेक्षण सम्बन्धी प्रतिक्रियाहरूले संरासङ्घीय टोली निम्नलिखित क्षेत्रहरूमा कार्य गर्नका लागि सबभन्दा सक्षम भएको सङ्केत गरे : शासन तथा लोकतन्त्रलाई सहयोग; द्वन्द्व रोकथाम तथा शान्तिस्थापना; स्रोतहरू तथा आधारभूत सेवाहरूमाथिको पहुँचमा सुधार; सामाजिक समावेशीकरण, समानता तथा सशक्तीकरण; मानवअधिकारहरूको प्रवर्द्धन तथा सुरक्षाका उपायहरू; आर्थिक वृद्धि तथा विकास; र कानुनको शासन तथा न्यायमा पहुँच । सो राष्ट्रिय विश्लेषण सँगसँगै, तुलनात्मक लाभ विश्लेषणले संरासङ्घीय टोलीलाई आगामी पाँच वर्षका लागि आफ्ना विकासात्मक सशक्त कार्यक्रमहरूको प्राथमिकता निर्धारणका लागि मार्गनिर्देशित गऱ्यो ।

प्रतिफल १, उच्च गुणस्तरीय नीतिगत सुझाव प्रदान गर्ने लामो समयदेखिको अनुभव तथा जोखिममा परेका समूहहरूको स्रोत तथा आधारभूत सेवाहरूमाथिको पहुँचलाई सुदृढ गर्नका लागि सबै तहहरूमा काम गर्न सक्ने संरासको क्षमतामा आधारित छ । प्रतिफल २, खास गरी जोखिममा परेका जनतालाई सशक्त तुल्याउनका लागि तथा स्थायी र समावेशी आर्थिक वृद्धिद्वारा असमानता घटाउनका लागि आर्थिक अवसरहरू उपलब्ध गराउने संरासको क्षमताका आधारमा विकसित गरिएको छ । प्रतिफल ३, विभेद जस्तो विस्तारित मुद्दालाई सम्बोधन गर्ने संरासको विशेष तुलनात्मक लाभपूर्ण अवस्थामा आधारित छ । प्रतिफल ४ ले संस्थाहरू, नीतिहरू तथा कानुनहरूलाई सुधार गरेर संसारभरिबाट सिकेका असल अभ्यास तथा पाठहरूका आधारमा नीतिगत संवादहरूमा सहयोग पुऱ्याउने संरासको तुलनात्मक लाभयुक्त अवस्था अनुरूप प्रणालीगत चुनौतीहरूलाई सम्बोधन गर्ने लक्ष्य राख्दछ । नेपाल संविधान-निर्माणबाट संविधान-लागु हुने स्थितितर्फ बढिरहेको सन्दर्भमा संरास शासनसँग सम्बन्धित क्षमता-विकास तथा प्राविधिक सहयोग सम्बन्धी यसका प्रावधानका क्षेत्रको कार्य मार्फत प्रतिफलहरू ५ र ६ हासिल गर्न सबभन्दा उत्तम स्थितिमा रहेको मानिन्छ । जोखिममा परेका जनतालाई विपद् सम्बन्धी आघातप्रति बढी तयारीपूर्ण बनाउनका लागि जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा आफ्नो विज्ञताले गर्दा संरास बढी सक्षम छ भन्ने दृष्टिकोणबाट प्रतिफल ७ विकसित भएको हो । प्रतिफल ८, संरासका निष्पक्षता, क्षेत्रगत प्राविधिक विज्ञता, प्रभावकारी पैरवी तथा विकासका प्रतिफलहरूको संरक्षण

गर्नेतर्फ निर्देशित उच्च गुणस्तरको नीतिगत सल्लाहका तुलनात्मक लाभहरूमा आधारित छ । अन्त्यमा, प्रतिफलहरू ९ र १० क्षेत्रीय तथा विश्वव्यापी तहहरूमा अन्तरसरकार सहकार्यलाई प्रोत्साहित तथा सबल तुल्याउने संरासको क्षमतामा आधारित छ ।




**Government of Nepal**
National Planning Commission
Singha Durbar, Kathmandu, Nepal
Tel: 977-1-4211629
www.npc.gov.np

**United Nations Country Team Nepal**
United Nations House
Pulchowk, Kathmandu, Nepal
Tel: 977-1-5523200
www.un.org.np